# मनसुन पूर्वतयारी तथा प्रतिकार्य
## कार्ययोजना-२०७९

कर्णाली प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

कर्णाली प्रदेश सरकार

**मा. हिमबहादुर शाही**

मन्त्री

आन्तरिक मामिला तथा कानून मन्त्रालय,

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

# मन्तव्य

कर्णाली प्रदेश नेपालका सातवटा प्रदेशहरूमध्ये बहुप्रकोपको कारण तुलनात्मक रूपमा बढी जोखिममा रहेको छ। यो प्रदेश क्षेत्रफलका हिसाबले सबैभन्दा ठूलो, जनसङ्ख्याका हिसाबले सबैभन्दा सानो, र विपद् जोखिमको हिसाबले सबैभन्दा उच्च जोखिममा रहेको प्रदेश हो।हाम्रो भौगोलिक बनावट, जलवायुको अवस्था, वर्षातको प्रकृति एवम् प्रवृत्ति, जलवायु परिवर्तन, प्राकृतिक स्रोतहरूको अत्यधिक दोहन, जथाभावि हुने विकासका कार्यहरूले गर्दा बाढी, पहिरो, हिमताल विस्फोट, हिमपहिरो, भारी वर्षा जस्ता जलवायु तथा मनसुनजन्य प्रकोपहरूका घटनाहरू बढिरहेका छन्।

कर्णाली प्रदेशमा मनसुनजन्य विपद्हरू बाढी, पहिरो र भारी वर्षाका घटनाहरूबाट बढी मानवीय र आर्थिक क्षति तथा नोक्सानी हुँदै आएको देखिन्छ।नेपाल सरकार, गृह मन्त्रालय/विपद् पोर्टलको विगत ११ वर्षको तथ्याङ्कलाई हेर्दा मौसमजन्य प्रकोपहरू (बाढी, डुवान, कटान पहिरो र भारी वर्षा) विपद्का ५८६ वटा घटनाहरू घटेको देखिन्छ।मनसुनजन्य विपद्का घटनाबाट उत्पन्न परिस्थितको सामना गर्न जिम्मेवार निकाय, समुदाय तथा सरोकारवालाको सामुहिक प्रयत्नलाई प्रभावकारी बनाउनको लागि उपलब्ध स्रोतसाधन तथा क्षमताको अवस्था हामीले विश्लेषण गरी समन्वयात्मक प्रयासबाट विपद् प्रभावित व्यक्ति तथा समुदायको जनजीवनलाई सहज बनाउनको लागि मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना प्रभावकारी हुने विश्वास लिएको छु ।

कार्ययोजना तयार भइसकेपछि यसको प्रभावकारी कार्यान्वयनका लागि प्रदेश सरकार, प्रदेश सरकारका विभिन्न मन्त्रालयहरू, सुरक्षा निकाय, गैर-सरकारी क्षेत्र, निजी क्षेत्र र मिडिया लगायत सम्पूर्ण सरोकारवाला निकायहरूको महत्वपूर्ण भूमिका रहेको हुन्छ।विपद् व्यवस्थापन हामी सबैको साझा जिम्मेवारी हो।हामी सबैको हातेमालो र प्रयासबाट मात्र विपद्का घटनाबाट हुन सक्ने क्षति तथा नोक्सानीलाई रोक्न वा कम गर्न सकिन्छ भन्ने विश्वस्त छु ।

यस मनसुन पूर्वतयारी र प्रतिकार्य कार्ययोजना, २०७९ निर्माण प्रक्रियामा संलग्न विषयगत क्षेत्रको नेतृत्वकर्ता, सह-नेतृत्वकर्ता, सहजकर्ता, यस मन्त्रालयका विपद् व्यवस्थापन शाखाका प्रमुख कृष्ण बहादुर रोकाय लगायत सबै सहकर्मी कर्मचारीहरू तथा सरोकारवाला सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

मन्त्री

आन्तरिक मामिला तथा कानून मन्त्रालय

# मन्तव्य

कर्णाली प्रदेश बहु-प्रकोपको उच्च जोखिममा रहेको छ । यस प्रदेशको सङकटसन्नता तथा सामाजिक आर्थिक संवेदनशीलताले गर्दा विपद्बाट हुने नोक्सानी राष्ट्रिय औषतभन्दा उच्च रहेको छ । यस भू-धरातलीय बनौट, जटिल भौगर्भिक अवस्था, मौसमी विषमता, तीव्र शहरीकरण, आर्थिक र सामाजिक कारणले गर्दा विभिन्न समयमा विपद्का घटनाहरूबाट प्रभावित हुने गरेको छ ।अव्यवस्थित र अपूर्ण पूर्वाधार निर्माणका कारण विपद्का घटनाहरू बढिरहेका छन् । विज्ञका अनुसार यो प्रदेश भूकम्पको हिसाबले पनि उच्च जोखिममा रहेको छ।मनसुनजन्य विपद्बाट पनि प्रयेक बर्ष मानवीय, भौतिक, सामाजिक तथा आर्थिक क्षति हुने गरको छ । विपद्का विगत १०/११ बर्षको तथ्याङ्कलाई विश्लेषण गर्ने हो भने यस प्रदेशमा बाढीबाट सबैभन्दा बढी आर्थिक नोक्सानि हुने गरेको देखिन्छ भने दोस्रोमा आगलागीबाट, तेस्रोमा पहिरोबाट र त्यसपछि चटयाङ्, हावाहुरी र महामारीबाट धेरै आर्थिक क्षति हुने गरेको देखिन्छ ।

जल तथा मौसम विज्ञान विभागले गरेको आँकलनअनुसार यस बर्ष २०७९ साल जेठ १८ देखि असोज १४ सम्मको चार महिनाको मनसुन समयमा देशका अधिकांश स्थानहरूमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना रहेको छ। कर्णाली प्रदेशमा पनि यो बर्ष सरदरभन्दा बढी वर्षा हुने र त्यसबाट करिब ५५,००० मानिसहरू बाढी तथा पहिरोबाट प्रभावित हुने आँकलन छ।प्रभावित हुन सक्ने जनसंख्याको आँकलन र त्यसको परिदृश्यको आधारमा मनसुन पूर्वतयारी र प्रतिकार्य कार्ययोजना २०७९ तयार गरिएको हो।मनसुनजन्य विपद्का घटनाबाट उत्पन्न परिस्थितको सामना गर्न जिम्मेवार निकाय, समुदाय तथा सरोकारवालाको सामुहिक प्रयत्नलाई प्रभावकारी बनाउनको लागि उपलब्ध स्रोत साधन तथा क्षमताको अवस्था तथा कमी समेत आँकलन गरी समन्वयात्मक प्रयासबाट विपद् प्रभावित व्यक्ति तथा समुदायको जनजीवनलाई सहज बनाउनको लागि मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना प्रभावकारी हुने विश्वास लिएको छु ।

यस कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि सरकारी तथा गैर-सरकारी र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र मानवीय सहायताको क्षेत्रमा कार्य गर्ने विकास साझेदार, निजी क्षेत्र र सम्पूर्ण सरोकारवाला निकायहरूबीचको समन्वय र सहकार्य अपरिहार्य रहेको छ । हामी सबैको साझा प्रयासबाट मात्र सम्भावित विपद्का घटनाबाट हुन सक्ने क्षति तथा हानि-नोक्सानीलाई रोक्न वा कम गर्न सकिन्छ ।

यस कार्ययोजना तर्जुमा प्रक्रियामा गोष्ठी, अन्तरक्रिया तथा छलफल कार्यक्रमहरूमा सहभागी भई प्रत्यक्ष वा अप्रत्यक्ष महत्वपूर्ण योगदान गर्नु हुने सम्पूर्ण महानुभावहरू, विषयगत क्षेत्रको नेतृत्वकर्ता, विश्व खाद्य कार्यक्रम, यूएनडिपी, भकारी परियोजना लगायतका अन्य सहनेतृत्वकर्ता तथा सहजकर्ता, यस मन्त्रालयका विपद् व्यवस्थापन शाखा लगायत सबै सहकर्मी कर्मचारी र सबै सरोकारवालालाई धन्यवाद ज्ञापन गर्दछु । कार्ययोजना कार्यान्वयनको सन्दर्भमा पनि सबैको यस्तै सहभागिताको अपेक्षा गरेको छु ।

**दिनेशसागर भुसाल**

**सचिव**

# विषय सूची

| विषय | पेज नं. |
|---|---|


खण्ड कः मनसुनजन्य विपद् जोखिम तया प्रभाव आँकलन------------------------------------------------------१
१. परिचय------------------------------------------------------------------------------------------------१
*१.१ पृष्ठभूमि*--------------------------------------------------------------------------------------------१
*१.२ उद्देश्य*----------------------------------------------------------------------------------------------३
*१.३ कार्ययोजना निर्माण प्रक्रिया*-------------------------------------------------------------------------३
२. मनसुन विपद् जोखिमको अवस्था विश्लेषण------------------------------------------------------------ ४
*२.१ मनसुन विपद् जोखिमको अवस्था विश्लेषण*----------------------------------------------------------- ४
*२.२ वि.सं.२०७९ सालको सम्भावित मनसुन पूर्वानुमान*----------------------------------------------------- १४
*२.३ वि.सं.२०७९ सालको सम्भावित मनसुनजन्य विपद् जोखिम आँकलन*---------------------------------------१५
३. मनसुनजन्य विपद् २०७८ को समीक्षा र सिकाई ---------------------------------------------------१६
मनसुनजन्य विपद्को प्रभाव र प्रतिकार्य प्रभावकारिताको समीक्षा ------------------------------------- १८
४. प्रदेश स्तरमा विपद् व्यवस्थापन सम्बन्धी ऐन, नियमावली, कार्यविधि तथा निर्देशिकाहरू--------------------१९
५. कर्णाली प्रदेशमा विपद् व्यवस्थापन सम्बन्धी कार्यहरूको अवस्था--------------------------------------- २०
६. नेतृत्व र सह-नेतृत्व गर्ने निकायहरूको मुख्य जिम्मेवारी ---------------------------------------------२१
७. स्थानीय तहदेखि केन्द्रसम्मको समन्वय तथा प्रतिकार्य ढाँचा----------------------------------------------२२
९. प्रदेश तथा जिल्ला विपद् व्यवस्थापन समितिमा रहेको विपद् व्यवस्थापन कोष---------------------------------२३
१०. मन्त्रिपरिषद्को कार्यालय, विषयगत मन्त्रालय तथा मातहतका कार्यालायहरूको जिम्मेवारी---------------- २४
खण्ड खः विषयगत क्षेत्रको मनसुनजन्य पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना ---------------------------------- २५
*१. खोज तथा उद्धार*----------------------------------------------------------------------------------२५
*२. बन्दोबस्ती*------------------------------------------------------------------------------------------ ३४
*३. खानेपानी, सरसफाई तथा स्वच्छता*------------------------------------------------------------------- ३६
*४. खाद्य सुरक्षा*--------------------------------------------------------------------------------------- ४१
*५. शीघ्र पुनर्लाभ*-------------------------------------------------------------------------------------- ४३
*६. संरक्षण*--------------------------------------------------------------------------------------------- ४५
*७. स्वास्थ्य र पोषण*----------------------------------------------------------------------------------- ४७
*८. शिक्षा*----------------------------------------------------------------------------------------------५३
*९. सुरक्षित आश्रयस्थल तथा शिविर समन्वय तथा शिविर व्यवस्थापन*-----------------------------------------५६
जल तथा मौसम विज्ञान कार्यालयको मनसुनजन्य विपद्को पूर्वतयारी र प्रतिकार्यमा मुख्य जिम्मेवारी------------ ५९
पूर्वतयारीसँग सम्बन्धित कार्यहरूको प्राथमिकिकरणः--------------------------------------------------- ५९
क्षेत्रगत दायित्वः------------------------------------------------------------------------------------ ६०
पारिवारिक विपद् सुरक्षा योजना ------------------------------------------------------------------------ ६४
खण्ड गः अनुसूचीहरू--------------------------------------------------------------------------------- ७०

खण्ड कः

# मनसुनजन्य विपद् जोखिम तथा प्रभाव आँकलन

## १. परिचय

### १.१ पृष्ठभूमि

कर्णाली प्रदेशमा सुर्खेत, दैलेख, रुकुम पश्चिम, सल्यान, जाजरकोट, जुम्ला, मुगु, कालिकोट, हुम्ला र डोल्पा गरी १० जिल्ला रहेका छन् भने ती जिल्लाका २५ नगरपालिका, ५४ गाउँपालिका गरी ७९ वटा स्थानीय तहमा २ लाख ९८ हजार ३५९ घरधुरीमा १५ लाख ७० हजार ४१८ जनसंख्या बसोबास गर्दछन् । त्यसमध्ये ४८.९ प्रतिशत पुरुष र ५१.१ प्रतिशत महिलाको जनसंख्या रहेको छ[1] ।

कर्णाली प्रदेश नेपालका सातवटा प्रदेशहरूमध्ये क्षेत्रफलका हिसाबले सबैभन्दा ठूलो, जनसंख्याका हिसाबले सबैभन्दा सानो, गरिबीको दर उच्च रहेको, विकास सूचकाङ्कका आधारमा पछाडि परेको र विपद् जोखिमको हिसाबले उच्च जोखिममा रहेको प्रदेश हो । सन् १९७४ देखि २०१८ सम्म ४५ वर्षको अवधिमा कर्णाली प्रदेशमा २,४३२ पटक विपद्का घटनाहरू भए। जसबाट ४,१५५ जनाको मृत्यु भयो। २५४ जना बेपत्ता भए २,३८० जना घाइते भए। यस अवधिमा १ लाख २२ हजार परिवार प्रभावित भए[2]।

सन् २०११ देखि २०२१ सम्म १० वर्षको अवधिमा सडक दुर्घटना र कोभिड महामारी बाहेकका अन्य विपद्बाट मात्र कर्णाली प्रदेशमा ११ अर्ब ११ करोड २५ लाख रुपैयाँ बराबरको आर्थिक नोक्सानी भएको तथ्याङ्कले देखाउँछ[3]। औसतमा कर्णाली प्रदेशमा वार्षिक १ अर्ब १५ करोडभन्दा बढी क्षति हुने गरेको देखिन्छ। जुन चालु आर्थिक वर्षको यस प्रदेशको बजेटको करिब ३ प्रतिशतभन्दा बढी हो। यस प्रदेशमा बाढीबाट सबैभन्दा बढी आर्थिक क्षति हुने गरेको देखिएको छ। दोस्रोमा आगलागीबाट, तेस्रोमा पहिरोबाट र त्यसपछि चट्याङ्ग, हावाहुरी र महामारीबाट धेरै आर्थिक क्षति हुने गरेको देखिन्छ ।

मनसुनी वर्षा, बेमौसमी वर्षा, कमजोर भौगर्भिक बनावट, भौगोलिक विकटता, जोखिम स्थानहरूमा घर तथा अन्य संरचनाहरूको निर्माण, जोखिम न्यूनीकरणका उपायहरू

[1] केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा

[2] Disaster Risk Reduction Portal: Government of Nepal, Ministry of Home Affairs (www.drrportal.gov.np)

[3] NDRRMA/BIPAD portal Nepal (www.drrportal.gov.np)

नअपनाउनु आदि कारणबाट मनसुनको समयमा बाढी, पहिरो, भीषण वर्षा, चट्याङ्ग लगायत अन्य पानीजन्य प्रकोपका कारण यस प्रदेशमा ठूलो जनधनको क्षति हुने गरेको छ । जल तथा मौसम विज्ञान विभागको मौसमी प्रतिवेदन अनुसार यस वर्ष पहिलेको भन्दा बढी पानी पर्ने भन्ने अवस्था रहेकोले प्रकोपका घटना र क्षतिको अवस्था विगतका वर्षभन्दा बढी हुन सक्ने अनुमान गरिएको छ । पहाडका फेदीहरू र तराईमा जलाधार क्षेत्रबाट बगेर आएको बालुवा तथा गेग्रान थुप्रिनाले बस्ती र कृषियोग्य जमिन नष्ट भइरहेका छन्। पहाडका बेसी, भित्री मधेश तथा तराई क्षेत्रमा नदी किनारा कटान तथा डुवानको समस्या दिन प्रतिदिन बढ्दै गइरहेको छ। नदीका जलप्रवाह मार्गमा अतिक्रमण र बाढी प्रभावित तथा जलाधार क्षेत्रमा भूमिको अव्यवस्थित प्रयोगले गर्दा यस्ता समस्या अझ जटिल बन्दै गइरहेका छन्। यो कर्णाली प्रदेश बहुप्रकोपयुक्त क्षेत्र भएकाले मनसुनको समयमा यस प्रदेशका जिल्लाहरू बाढी, पहिरो, भारी वर्षा, चट्याङ्ग र महामारीको जोखिममा रहेका छन्।

वर्षायाममा हुन सक्ने बाढी, कटान, पहिरो, सडक अबरोध, महामारी जस्ता प्रकोपहरूलाई दृष्टिगत गरी प्रकोप अगाडि अपनाइने साबधानीका उपायहरू, विपद्को समयमा गरिने खोज तथा उद्धार कार्य, राहत वितरण कार्य तथा प्रभावितहरूका लागि राहत संकलन साथै विपद्पश्चात गर्न सकिने मानवीय सहयोग एवं पुनःर्निमाण र पुनर्स्थापनाको क्षेत्रमा गर्न सकिने आधारभूत विषयहरूमा आधारित रही वर्षायामका लागि "मनसुन पूर्वतयारी र प्रतिकार्य कार्ययोजना, २०७९" तयार गरिएको छ। यस कार्ययोजनाले पहिरो र बाढीको विपद् भएको अवस्थामा क्षति कसरी कम गर्न सकिन्छ, आपतकालीन अवस्थामा सम्बन्धित निकाय कसरी सक्रिय हुने, आपत्कालीन जोखिम न्यूनीकरण र पूर्वतयारी कसरी गर्ने, घटना हुनेवित्तिकै कसरी यथासम्भव समन्वय र सहकार्य गरी प्रभावकारी प्रतिकार्य गर्नेजस्ता विषयमा यस प्रदेशका क्रियाशील विभिन्न विषयगत क्षेत्र र सरोकारवाला निकायको जिम्मेवारी तोकेको छ।

सरोकारवाला निकायसँगको छलफल, प्राविधिक विश्लेषण र गत बर्ष र विगतको अनुभवको आधारमा प्रदेशको सम्भावित जोखिमको आँकलन गरेर त्यसको पूर्वतयारी र प्रतिकार्यको स्पष्ट कार्यविभाजन यो कार्ययोजनामा समेटिएको छ। वर्षायामलाई लक्षित गरी प्रदेश स्तरीय विषयगत क्षेत्रमा नेतृत्व गर्ने मन्त्रालयले तयार गरेको योजनालाई समेत आधार मानी यो कार्ययोजना तयार गरिएको छ ।

## १.२ उद्देश्य

यस कार्ययोजनाका मुख्य-मुख्य उद्देश्यहरू निम्नानुसार रहेका छन्:

१, कर्णाली प्रदेशमा विपद् जोखिमको तथ्याङ्कका आधारमा यस बर्षको सम्भावित जोखिम आँकलन गर्ने ।

२, विपद् जोखिम आँकलनको आधारमा विपद्बाट प्रभावित हुन सक्ने जनसंख्या गर्भवती, सुत्केरी महिला, बालबालिका, जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरूको समेत पूर्वानुमान गर्ने ।

३, विपद् व्यवस्थापनसँग सम्बन्धित विषयगत क्षेत्र तथा सरोकारवाला निकायहरूको मनसुन पूर्वतयारी र प्रतिकार्य कार्ययोजना एकीकृत गर्ने ।

४, मनसुन पूर्वतयारी र प्रतिकार्यमा समन्वयात्मक तथा एकीकृत क्रियाकलापहरू तय गरी सोहीअनुरूप कार्यान्वयन गर्ने ।

५, विपद् पूर्वतयारी र प्रतिकार्यका सम्पूर्ण क्रियाकलापहरूमा थप प्रभावकारीता ल्याई मानवीय, भौतिक र आर्थिक क्षति न्यूनीकरण गर्ने ।

६, जिल्ला र स्थानीय तहलाई मनसुन पूर्वतयारी र प्रतिकार्य कार्ययोजना बनाउन आधार प्रदान गर्ने ।

७, विपद् पूर्वतयारी र प्रतिकार्यका कार्यहरूमा विभिन्न सरोकारवाला निकायहरूको भूमिका तथा जिम्मेवारी स्पष्ट बनाउने ।

## १.३ कार्ययोजना निर्माण प्रक्रिया

यस कार्ययोजना निर्माणका प्रक्रियाहरू निम्नानुसार रहेका छन् :-

- प्रदेश सरकारले तयार गरेको कर्णाली प्रदेश विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन नियमावली, विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन प्रादेशिक रणनीतिक कार्य योजना २०२२–२०३० को मस्यौदाको अध्ययन र पुनरावलोकन ।
- संघीय सरकारले तयार गरेको मनुसून पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा अभिमुखीकरण कार्यक्रममा सहभागी र मस्यौदा मनुसून पूर्वतयारी तथा प्रतिकार्य योजनाको अध्ययन र पुनरावलोकन
- नेपाल सरकार विपद् पोर्टलमा राखिएका विपद्सँग सम्बन्धित घटनाहरू, क्षतिको विवरण र नक्सा तथा इन्फोग्राफिक्सहरूको अध्ययन ।
- विषयगत क्षेत्रअनुसार विभिन्न चरणमा छलफल र विषयगत क्षेत्रको मनसुन पूर्वतयारी र प्रतिकार्य योजनाको तर्जुमा ।

- विषयगत क्षेत्रले तयार गरेको आकस्मिक योजनालाई एकीकृत गरी प्रथम चरणको मनसुन पूर्वतयारी र प्रतिकार्य योजनाको निर्माण ।
- मस्यौदा मनसुन पूर्वतयारी र प्रतिकार्य योजनाको विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन विशेषज्ञबाट अध्ययन, पुनरावलोकन र दोश्रो मस्यौदा तयारी ।
- दोश्रो मस्यौदालाई विषयगत क्षेत्रहरूमा प्रस्तुती छलफल र पृष्ठपोषण ।
- पृष्ठपोषण र सुझावलाई समेटेर मनसुन पूर्वतयारी र प्रतिकार्य योजनाको अन्तिम योजना तयारी ।
- कर्णाली प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट कार्ययोजनाको अनुमोदन ।

# २. मनसुन विपद् जोखिमको अवस्था विश्लेषण

## २.१ मनसुन विपद् जोखिमको अवस्था विश्लेषण

कर्णाली प्रदेश सातवटा प्रदेशमध्ये बहुप्रकोपको उच्च जोखिममा रहेको छ । नेपालको कमजोर भौगोलिक बनावट, जलवायुको अवस्था, वर्षातको प्रकृति एवम् प्रवृत्ति, जलवायु परिवर्तन, प्राकृतिक स्रोतहरूको अत्यधिक दोहन, जोखिमको आँकलन र वातवरण प्रभावको अध्ययनबिना हुने विकासका कार्यहरूले गर्दा बाढी, पहिरो, हिमताल विस्फोट, हिमपहिरो, भारी वर्षाजस्ता जलवायु तथा मनसुनजन्य प्रकोपहरूका घटनाहरूको बारम्बारता र प्रभाव बढिरहेको छ। जसले गर्दा धेरै जनसङ्ख्यालाई प्रभावित गर्ने क्रम पनि बढिरहेको छ ।

मनसुनजन्य विपद्हरूमा पनि बाढीपहिरो र भारी वर्षाका घटनाहरूबाट बढी मानवीय र आर्थिक क्षति तथा नोक्सानी हुँदै आएको देखिन्छ। कर्णाली प्रदेशमा विगत ११ वर्ष (२०६८ बैसाखदेखि २०७८ चैतसम्म) को अवधिमा मौसमजन्य प्रकोपहरू (बाढी, डुवान, कटान पहिरो र भारी वर्षा) को कारणले ५८६ वटा विपद्का घटनाहरू घटेका छन् । यी मौसमजन्य विपद्बाट २८३ जनाको मृत्यु, १८६ बेपत्ता, २२६ जना घाइते भएका थिए। आंशिक र पूर्ण गरी ३५३७ घरहरूमा क्षति भयो भने अनुमानित १० अरब भन्दा बढी आर्थिक क्षति हुन पुग्यो । यस प्रदेशको **मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना, २०७९** निर्माणका लागि गृह मन्त्रालयको वि.सं.२०६८ देखि २०७८ सम्मको तथ्याङ्कलाई विश्लेषण र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको विपद् पोर्टलबाट उपलब्ध तथ्याङ्कलाई विश्लेषण गर्दा यस प्रदेशमा वर्षायामका मुख्य प्रकोपहरू क्रमशः बाढी, पहिरो र भारीवर्षा रहेका छन् र ती प्रकोपहरूको तल विश्लेषण गरिएको छः-

**तालिका १:** मनसुनजन्य विपद्बाट भएको क्षतिको विगत ११ बर्षको तथ्याङ्क (२०६८-०१-०१ देखि २०७८-१२-३१)

| अवधि | घटना | घटना संख्या | मृत्यु | वेपत्ता | घाइते | प्रभावित परिवार | घर क्षति | | पशु चौपाया क्षति | अनुमानित क्षति |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आंशिक | पूर्ण | | |
| वि.सं.२०६८ देखि वि.सं. २०७८ सम्म | बाढी | ११० | ७९ | १५५ | ३५ | | १४९४ | १४७१ | ९ | १०,०६,७८,४५,८१८ |
| | पहिरो | २५१ | १९२ | ३१ | १४१ | | १०४ | १८३ | १३२९ | १०,५७,८०,२०० |
| | भारीवर्षा | २०७ | १२ | ० | ५० | | १२३ | १८३ | ४१ | १८,१२,५०,९०० |
| | जम्मा | ५६८ | २८३ | १८६ | २२६ | ० | १७२१ | १८३७ | १३७९ | १०,३५,४८,७६,९१८ |

*Source: https://bipadportal.gov.np/incidents/*

**चित्र १:** विगत ११ बर्षमा मनसुनजन्य विपद्बाट भएको मानवीय क्षतिको विवरण




*Source: https://bipadportal.gov.np/incidents/*

चित्र २ मा प्रस्तुत गरिएअनुसार मनसुनजन्य विपद्का कारणले कर्णाली प्रदेशका विभिन्न जिल्लामा वर्षअनुसार भएका घटना र मानवीय क्षतिको अवस्थालाई विश्लेषण गर्दा सबैभन्दा बढी घटनाहरू २०७० सालमा घटेका र २०७१ मा सबैभन्दा बढी मानवीय क्षति भएको देखिन्छ। १० वर्षका विपद्का घटनाहरूको पुनरावृत्तिलाई हेर्दा २०७०, २०७३, २०६८, २०७६, २०७१, २०७७, २०७८, २०७५, २०६९ र २०७४ सालमा क्रमशः घटेका थिए। मानवीय क्षतिको हिसाबले १० वर्षमा क्रमशः २०७१, २०७०, २०७३, २०७६, २०७८, २०६८, २०७७, २०७४ सालमा मानवीय क्षति भएको देखिन्छ।

**चित्र २: वर्ष अनुसार विगत ११ वर्षमा कर्णालीका जिल्लाहरूमा विपद्‌का घटना र मानवीय क्षतिको अवस्था**




*Source: https://bipadportal.gov.np/incidents/*

कर्णाली प्रदेशमा पहिरोका कारण विगत ११ बर्षमा आंशिक र पूर्ण गरी ३१५८ घरहरूमा क्षति, १३२९ पशुचौपाया क्षति भयो भने अनुमानित १० अरबभन्दा बढी आर्थिक क्षति हुन पुग्यो ।

## पहिरो

पहिरोको घटना र यसको पुनरावृत्ति सम्बन्धी तथ्याङ्कलाई विश्लेषण गर्दा यो प्रदेशमा पहिरोको जोखिम अत्यधिक रहेको छ। गृह मन्त्रालयको वि.सं. २०६८ बैशाख देखि २०७८ चैत्रसम्मको तथ्याङ्क र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको विपद् पोर्टललाई विश्लेषण गर्दा कर्णाली प्रदेशभरि २५१ वटा पहिरोका घटना घटेको र १९२ जना मानिसको मृत्यु भएको, ३१ जना वेपत्ता, १४१ जना घाइते भएका छन् ।

**चित्र ३: ११ वर्षमा पहिरोका कारण भएको मानवीय क्षति**




*Source: https://bipadportal.gov.np/incidents/*

**तालिका २:** विगत ११ वर्षमा पहिरोबाट भएको अनुमानित क्षतिको विवरण

| मिति अवधि | घटना | घटना संख्या | मृत्यु | वेपत्ता | घाइते | प्रभावित परिवार | घर क्षति | | पशु चौपाय क्षति | अनुमानित क्षति |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आंशिक | पूर्ण | | |
| वि.सं.२०६८ देखि २०७८ सम्म | पहिरो | २५१ | १९२ | ३१ | १४१ | | १०४ | १८३ | १३२९ | १०५७८०२०० |

*Source: https://bipadportal.gov.np/incidents/*

दुर्हाम विश्वविद्यालयको सन २०२० मा वैज्ञानिक विश्लेषणका आधारमा यस प्रदेशका सल्यान, दैलेख, जाजरकोट, जुम्ला जिल्लाका भू-भागहरू पहिरोको जोखिमपूर्ण क्षेत्र भनी पहिचान गरिएको छ।

**चित्र ४: वडास्तरीय पहिरो जोखिम नक्शा**




*स्रोत: विपद् पोर्टल (bipadportal.gov.np)*

**तालिका ३:** जिल्ला अनुसार विगत ११ वर्षमा पहिरोको कारण भएको मानवीय क्षतिको अवस्था

| जिल्ला | घटना संख्या | मृत्यु | वेपत्ता |
|---|---|---|---|
| दैलेख | ३० | १५ | ५ |
| डोल्पा | १८ | ११ | ८ |
| हुम्ला | २१ | १० | ४ |
| जाजरकोट | ४२ | ४५ | ४ |
| जुम्ला | ५ | १२ | १ |
| कालिकोट | ५६ | ६५ | ६ |
| मुगु | ८ | ३ | १ |
| रूकुम | ३४ | १० | १ |
| सल्यान | १९ | १३ | ० |
| सुर्खेत | १८ | ८ | १ |
| जम्मा | २५१ | १९२ | ३१ |

*Source: https://bipadportal.gov.np/incidents/*

**चित्र ५:** जिल्ला अनुसार विगत ११ वर्षमा पहिरोको कारण भएको मानवीय अवस्था




*Source: https://bipadportal.gov.np/incidents/*

विगत ११ वर्ष (वि.सं. २०६८ देखि २०७८) को मनसुनी अवधिभित्र घटेका पहिरोका कारण भएका मानवीय क्षतिको तथ्याङ्क अनुसार कालिकोट, जाजरकोट, दैलेख, सल्यान, जुम्ला, डोल्पा, हुम्ला, रुकुम, सुर्खेत र मुगु जिल्लामा मनसुनी पहिरोका कारण बढी मानवीय क्षति भएको देखिन्छ।

चित्र ६ मा २०६८ साल देखि २०७८ सालसम्म कर्णाली प्रदेशका जिल्लाअनुसार पहिरोका कारण भएको मानवीय क्षतिको विवरण प्रस्तुत गरिएको छ ।

**<u>चित्र ६:</u>** कर्णाली प्रदेशमा पहिरोको कारण ११ बर्षमा भएको मानवीय क्षतिको अवस्था




नक्सामा प्रस्तुत गरीएअनुसार विगत ११ वर्षको मनसुनी अवधिभित्र घटेका पहिरोका कारण कालिकोट, जाजरकोट, दैलेख र सल्यानमा बढी मानवीय क्षति भएको देखिन्छ ।

## बाढी

कर्णाली प्रदेशमा नदी र मुख्य जलाधारबाट ल्याउने बाढी तथा डुबानका घटना वर्षेनी दोहोरिने गरेको पाइन्छ। यस प्रदेशका १० वटा जिल्लामध्ये सुर्खेत जिल्ला बाढी र डुबान प्रकोपको हिसाबले बढी जोखिममा रहेको छ।नदीको पिँधमा धेरै ढुङ्गा माटो जम्मा भई नदीको प्रवाह वरिपरि तटबन्धहरूको निर्माण भएबाट बाढीको समस्या हरेक वर्ष बढ्दै गएको देखिन्छ।हालका वर्षहरूमा कर्णाली प्रदेश, जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय अन्तर्गत सुर्खेतमा रहेको खानेपानी, सिंचाई तथा ऊर्जा विकास निर्देशनालयले डुबानको समस्या र जोखिमलाई कम गर्न निकास खोलाको निकासलाई चौडा बनाई व्यवस्थित बनाउने कार्य गरिरहेको र उक्त कार्यलाई अर्को आर्थिक वर्षमा पनि निरन्तरता दिने योजना रहेको छ। मौसमजन्य विपद्का कारणले विगत ११ वर्षको तथ्याङ्क अनुसार ११० वटा बाढीका घटनाहरू भएको र जसले गर्दा ७९ जना मानिसको मृत्यु भएको थियो भने ३५ जना घाइते र १५५ जना वेपत्ता भएका थिए । त्यसैगरी १४९४ घरहरू आंशिक र १४७१ वटा घरहरू पूर्णरूपमा क्षति भएका र अनुमानित १० अरबभन्दा बढी आर्थिक क्षति मौसमजन्य विपद्का कारण भएको थियो । सुर्खेत जिल्ला अन्य जिल्लाहरूको तुलनामा बाढीको जोखिममा रहेको छ र विगतका घटनाक्रम हेर्दा सुर्खेत जिल्लामा बाढीका घटनाहरू बढी घटेको देखिन्छ ।

<u>तालिका ४:</u> विगत ११ वर्षमा बाढीबाट भएको क्षतिको तथ्याङ्क

| मिति अवधि | घटना | घटना संख्या | मृत्यु | वेपत्ता | घाइते | प्रभावित परिवार | घर क्षति | | पशु चौपाया क्षति | अनुमानित क्षति |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आंशिक | पूर्ण | | |
| वि.सं.२०६८ देखि वि.सं.२०७८ सम्म | बाढी | ११० | ७९ | १५५ | ३५ | | १४९४ | १४७१ | ९ | १०,०६,७८,४५,८१८ |

***स्रोतः*** *विपद् पोर्टल (bipadportal.gov.np)*

**तालिका ५:** विगत ११ वर्षमा बाढीबाट भएको क्षतिको विवरण (२०६८-०१-०१ देखि २०७८-१२-३१)

| जिल्ला | घटना संख्या | जम्मा मृत्यु | वेपत्ता |
|---|---|---|---|
| दैलेख | ८ | ७ | ३ |
| डोल्पा | ८ | १ | ३ |
| हुम्ला | ७ | ० | १ |
| जाजरकोट | १५ | ३ | १२ |
| जुम्ला | ११ | ७ | ४ |
| कालिकोट | १५ | १३ | २१ |
| मुगु | ७ | ० | ५ |
| रूकुम | १० | ५ | ० |
| सल्यान | १४ | ६ | ७ |
| सुर्खेत | १५ | ३७ | ९९ |
| **जम्मा** | **११०** | **७९** | **१५५** |

*Source: https://bipadportal.gov.np/incidents/*

**चित्र ७:** जिल्ला अनुसार विगत ११ वर्षमा बाढीका कारण भएको मानवीय क्षतिको अवस्था




*Source: https://bipadportal.gov.np/incidents/*

जिल्ला अनुसार विगत ११ वर्षको तथ्याङ्कलाई विश्लेषण गर्दा सुर्खेतमा १५ वटा बाढीका घटनाबाट ३७ जनाले ज्यान गुमाएका छन् र ९९ जना वेपत्ता भएका छन्। त्यसैगरी कालिकोटमा ११ जना, दैलेख र जुम्लामा क्रमशः ७/७ जना, सल्यान ६ जना र रूकुममा

५ जनाले बाढीका कारण ज्यान गुमाएका छन् । जाजरकोट र डोल्पामा बाढीका घटनाबाट क्रमशः ३ र १ जनाको मृत्यु भएको देखिन्छ तर हुम्ला र मुगुमा बाढीका घटनाहरू घटेका भएतापनि मानवीय क्षति भएको देखिंदैन ।

**<u>चित्र ८:</u> वि.सं.२०७८ कर्णाली प्रदेशमा जिल्ला अनुसार बाढीका घटना**




चित्र ८ मा वि.सं.२०६८ सालदेखि २०७८ सालसम्म कर्णाली प्रदेशका जिल्लाअनुसार बाढीका कारण भएको मानवीय क्षतिको विवरण प्रस्तुत गरिएको छ ।

## भारी वर्षा

चित्र ९: विगत ११ वर्षमा कर्णाली प्रदेशमा भारी वर्षाबाट भएको मानवीय क्षति




Source:https://bipadportal.gov.np/incidents/

कर्णाली प्रदेशमा भारी वर्षा पनि एक ठूलो प्रकोपको रूपमा रहेको छ । भारी वर्षाको कारणले गर्दा प्रत्येक वर्ष धनजनको क्षति हुने गरेको छ। विगत ११ वर्षमा कर्णाली प्रदेशमा भारी वर्षाका २०७ घटना घटेका, जसका कारण १२ जनाको मृत्यु, १८ करोड १२ लाख बराबरको अनुमानित आर्थिक क्षति, ३०६ वटा घर क्षति र ४१ पशु क्षति भएको देखिन्छ।कमजोर संरचना प्रयोग गरेर बनाइएका घरहरू साथै धेरै पुराना घरहरू भारी वर्षाका कारण भत्किने जसले गर्दा मानिस, पशु तथा आर्थिक क्षति हुने गरेको तथ्याङ्कले देखाउँदछ। विशेष गरेर श्रावण, भदौमा हुने अत्यधिक वर्षाका कारण यस प्रदेशमा क्षति हुने गरेको छ।

चित्र १०: विगत ११ वर्षमा कर्णाली प्रदेशमा चट्याङबाट भएको मानवीय क्षति

## चट्याङ




https://bipadportal.gov.np/incidents/

मनसुनको समयमा **चट्याङले** पनि यस प्रदेशमा धनजनको क्षति हुने गरेको छ। विगत ११ वर्षको तथ्याङ्क अनुसार चट्याङ्गका १९७ वटा घटना भएको जसबाट ५० जना मानिसको मृत्यु, ४२ लाख बराबरको आर्थिक क्षति, १९० वटा पशु चौपायाहरूको क्षति भएको पाइन्छ।

## पानीजन्य अन्य जोखिम

कर्णाली प्रदेश महामारीका कारणले पनि अत्यन्तै जोखिममा रहेको छ। मनसुनका बेला पानी र जीवाणुबाट सङ्क्रमण हुने रोगका कारण वर्षेनी धेरैको ज्यान जाने गरेको छ। झाडापखाला, हैजा, कमलपित्त, श्वासप्रश्वास, मौसमी रुघाखोकी सम्बन्धी रोगबाट बर्षेनी धेरै मानिसहरू र विशेषगरी बालबालिकाको मृत्यु हुने गरेको देखिन्छ। विगतमा झाडापखाला, कालाज्वर, हैजा, प्लेग, डेंगु, इन्फुलुएञ्जा, फ्लु, लगायत प्रमुख महामारीका रूपमा रहेका थिए। पानीजन्य र अन्य सम्बन्धित विपद् मनसुनको समयमा डेङ्गु, कालाज्वर, झाडापखाला जस्ता पानीबाट हुने रोगहरूका कारण बर्षेनी ठूलो मानवीय क्षति हुने गरेको छ। विगत ११ वर्षमा यस प्रदेशमा माहामारीका २१ वटा घटनाहरू घटेको जसले ४२ जना मानिसहरूको मृत्यु भएको, १८ लाख बराबरको आर्थिक क्षति भएको, विपद् पोर्टलको तथ्याङ्क देखिन्छ। दुषित पानीको प्रयोग, जिवाणुहरूको सङ्क्रमण, खाद्य असुरक्षा, सचेतनाको कमि, लगायतका कारण महामारीका घटनाहरू दोहोरिरहेका छन्। पर्याप्त जनचेतनाको कमीका कारण र खानेपानीका स्रोतमा बाढी पसेर पानी प्रदुषित भई यस्ता घटना हुने गरेका छन्। यस वर्ष पनि श्रावण, भदौमा विभिन्न पानीजन्य रोग र विपद्का घटना हुने अनुमान गरिएको छ ।

## २.२ वि.सं.२०७९ सालको सम्भावित मनसुन पूर्वानुमान

यस वर्षको मनसुन वि.सं. २०७९ जेठ १८ गतेबाट सुरु भई २०७९ असोज १४ गतेसम्म रहने जल तथा मौसम विज्ञान विभागले अनुमान गरेको छ। जल तथा मौसम विज्ञान विभागले यस बर्ष जुनदेखि सेप्टेम्बर (जेठ १८ देखि असोज १४) सम्मको चार महिनाको मनसुन अवधिमा देशका अधिकांश स्थानहरूमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना रहेको आँकलन गरेको छ। सो आँकलन अनुसार आगामी मनसुनी अवधिमा प्रदेश नं. १ को उत्तरी भू-भाग, मधेस प्रदेशको अधिकांश भू-भाग र बागमती प्रदेशका दक्षिणी भू-भागहरूमा सरदर वर्षा हुने सम्भावना ३५% देखि ४५% रहेको छ, बाँकी भू-भागहरूमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ३५% देखि ६५% रहेको छ। साथै अधिकतम तापक्रम देशको उत्तरी भू-भाग र मधेस प्रदेशका धेरै भू-भागहरूमा सरदर हुने सम्भावना ३५% देखि ५५% साथै अन्य स्थानहरूमा सरदरभन्दा कम रहने सम्भावना ३५% देखि ६५% रहेको छ। त्यसैगरी न्यूनतम तापक्रम देशका उत्तरी भू-भागहरूमा सरदरभन्दा बढी हुने सम्भावना ३५% देखि ५५% र बाँकी भू-भागहरूमा सरदर रहने सम्भावना ३५% देखि ५५% रहेको छ।

**<u>चित्र ११:</u>** जल तथा मौसम विज्ञान विभागको २०७९ को मनसुन अवधिको वर्षा (सरदरभन्दा कम वा सरदर वा सरदरभन्दा बढी) आँकलन




*स्रोतः जल तथा मौसम विज्ञान विभाग*

जल तथा मौसम विज्ञान विभागको आँकलन अनुसार यस विश्लेषणका आधारमा पनि यस बर्षको मनसुनमा विपद्का घटनामा वृद्धि हुने आँकलन गरिएको छ ।

## २.३ वि.सं.२०७९ सालको सम्भावित मनसुनजन्य विपद् जोखिम आँकलन

सन् २०१० देखि २०२० सम्म गृह मन्त्रालयको डिआरआर पोर्टल, विपद् पोर्टल तथा जल उत्पन्न प्रकोप विभाग र विश्व खाद्य कार्यक्रमबाट उपलब्ध तथ्याङ्कको आधारमा संयुक्त राष्ट्र सङ्घीय आवासीय प्रतिनिधिको कार्यालयको सहयोगमा २०७९ सालको मनसुनमा प्रभावित हुनसक्ने जनसङ्ख्याको आँकलन गरिएको छ। यस वर्ष नेपालमा मनसुजन्य विपद्बाट जिल्लागत र प्रदेशगत रूपमा गरिएको अध्ययन अनुसार लगभग २० लाख जनसङ्ख्या र ४ लाख २१ अजार घरधुरी प्रभावित हुनसक्ने अनुमान गरिएको छ।यसरी विभिन्न आधिकारिक निकायबाट उपलब्ध तथ्याङ्कलाई वैज्ञानिक विधिबाट विश्लेषण गरी निश्चित अवधिमा विपद्बाट प्रभावित हुनसक्ने सङ्ख्यालाई नै केसलोड भन्ने गरिन्छ[४]।

उक्त तथ्याङ्कको आधारमा यस वर्षको मनसुनबाट कर्णाली प्रदेशमा पहिरोबाट २९९१९ जना र बाढीबाट २५०३७ जना गरी ५४९५६ (कुल जनसंख्याको ३.२४%) जना मानिस

[4] विपद् पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रीय कार्ययोजना २०७९

प्रभावित हुनसक्ने अनुमान गरिएको छ। कर्णाली प्रदेशका १० वटा जिल्लाहरूमध्ये सुर्खेतमा बाढीबाट २५०३७ जनसंख्या प्रभावित हुने र अन्य ९ वटा जिल्लाहरूमा पहिरोबाट २९९१९ जनसंख्या प्रभावित हुन सक्ने अनुमान रहेको छ ।

कर्णाली प्रदेशमा मनसुनजन्य विपद्बाट जिल्ला अनुसार प्रभावित हुन सक्ने जनसंख्याको आँकलन

<u>तालिका ६</u>: वि. सं. २०७९ को लागि बाढी र पहिरो केसलोड (अनुमानित परिदृश्य) अनुमान

| क्र.सं. | जिल्ला | प्रमुख मनसुनी विपद् | प्रभावित हुनसक्ने जनसंख्या (केसलाड) |
|---|---|---|---|
| १ | सल्यान | पहिरो | ७१२८ |
| २ | रूकुम पश्चिम | पहिरो | ६४०९ |
| ३ | दैलेख | पहिरो | ६३०४ |
| ४ | जाजरकोट | पहिरो | ४७३१ |
| ५ | जुम्ला | पहिरो | २७४९ |
| ६ | कालिकोट | पहिरो | १०३५ |
| ७ | डोल्पा | पहिरो | ९२३ |
| ८ | मुगु | पहिरो | ३९८ |
| ९ | हुम्ला | पहिरो | २४२ |
| १० | सुर्खेत | बाढी | २५०३७ |
| **जम्मा जनसंख्या** | | | **५४९५६** |
| **जम्मा घरधुरी** | | | **११५७०** |

*स्रोतः NDRRMA/Bipadportal/मनसुन पूर्वतयारी र प्रतिकार्या कार्ययोजना २०७९*

## ३. मनसुनजन्य विपद् २०७८ को समीक्षा र सिकाई

कर्णाली प्रदेशमा २०७८ को मनसुन र मनसुनपछिको अवधिमा बाढी, पहिरो, चट्याङ, हिमपहिरो र हावाहुरीका १६६ वटा घटनाहरू घटेका थिए। जसमा सबैभन्दा बढी पहिरोका १११ वटा र बाढीका ३० वटा घटना भएका थिए। यस अवधिमा चट्याङका २१ वटा, हावाहुरीका ३ वटा र हिमपहिरोको एउटा घटना भएको थियो। जिल्लाको हिसाबले सल्यानमा सबैभन्दा धेरै ५२ वटा र डोल्पामा सबैभन्दा थोरै एउटा मात्र मनसुनजन्य विपद्को घटना भएको थियो । गत बर्ष कर्णाली प्रदेशमा मनसुनपछिको (Post Monsoon) भारी वर्षाबाट धेरै जनधनको क्षति हुन पुग्यो । २०७८ सालको मनसुन अवधिमा भएका विपद्का घटनाहरूको विवरण तालिका ७ मा राखिएको छ ।

**तालिका ७:** कर्णाली प्रदेशमा २०७८ को मनसुन र मनसुनपछिको अवधिमा भएका विपद्का घटनाको विवरण

| जिल्ला | पहिरो | बाढी | चट्टयाङ | हिमपहिरो | हावाहुरी | जम्मा |
|---|---|---|---|---|---|---|
| सुर्खेत | २२ | १७ | १ | | | ४० |
| दैलेख | १७ | | २ | | | १९ |
| कालिकोट | ५ | | १ | | | ६ |
| मुगु | ८ | | | | | ८ |
| जुम्ला | ४ | ४ | १ | | | ९ |
| हुम्ला | ४ | | १ | १ | १ | ७ |
| सल्यान | ४० | ४ | ७ | | १ | ५२ |
| रूकुम पश्चिम | ९ | ४ | ५ | | | १८ |
| जाजरकोट | २ | | ३ | | १ | ६ |
| डोल्पा | | १ | | | | १ |
| **जम्मा** | **१११** | **३०** | **२१** | **१** | **३** | **१६६** |

**श्रोत:** *प्रदेश प्रहरी कार्यालय, कर्णाली प्रदेश, वीरेन्द्रनगर सुर्खेत; प्रदेश आपत्कालीन कार्य सञ्चालन केन्द्र, कर्णाली प्रदेश, वीरेन्द्रनगर सुर्खेत*

**चित्र १२: कर्णाली प्रदेशमा वि.सं. २०७८ सालमा महिना अनुसार पहिरोको घटना**




स्रोत:विपद् पोर्टल (bipadportal.gov.np)

चित्र १३: **कर्णाली प्रदेशमा २०७८ सालमा महिना अनुसार घटेका बाढीका घटनाहरू**




*स्रोत: विपद् पोर्टल (bipadportal.gov.np)*

## मनसुनजन्य विपद्को प्रभाव र प्रतिकार्य प्रभावकारिताको समीक्षा

नेपालमा २०७८ सालमा सरदरको तुलनामा बढी वर्षा भयो र देशभरि नै पहिरोबाट बढी क्षति भयो। तर कर्णाली प्रदेशमा मनसुन लगत्तै पछि कार्तिकको पहिलो हप्ता अनपेक्षित रूपमा ठूलो वर्षा हुँदा कर्णाली प्रदेशका १० वटै जिल्लामा पाकेको धान बालीमा ठूलो क्षति पुगेको थियो। यसबाट समग्र प्रदेशको १३ प्रतिशतसम्म धान उत्पादनमा क्षति पुगेको अनुमान गरिएको छ। यसले सधैं खाद्य असुरक्षा र खाद्यान्न संकटमा पर्ने कर्णाली प्रदेशमा आउँदो बर्ष खाद्यान्न संकट अझ बढ्न सक्ने जोखिम देखिएको छ ।

प्रदेश र जिल्ला तहमा विषयगत क्षेत्र पहिचान गरी गठन गरिएको र कतिपय जिल्लाहरूमा पूर्वतयारी तथा प्रतिकार्य योजना समेत बनेको अवस्थामा सरकारी र साझेदार संस्थाहरूबीच समन्वय र सहकार्यको लागि संयन्त्र पनि तयार भएको छ। तर स्थानीय तहसम्म विषयगत क्षेत्र गठन नहुँदा र स्थानीय विपद् प्रतिकार्य योजना नबन्दा स्थानीय तहमा प्रतिकार्य संचालन एवम् राहत व्यवस्थापनका लागि समन्वयमा रिक्तता देखिन्छ ।

कर्णाली प्रदेशमा सबै विषयगत क्षेत्र समेटेर अनुमानित परिदृष्यको आधारमा मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना तयारीको शुरुवात गरिएको छ। यस क्रममा ९ वटा विषयगत क्षेत्रहरूको सहभागितामा कार्ययोजनाले तय गरेका पूर्वतयारीका अधिकांश समष्टिगत एवम् क्षेत्रगत क्रियाकलापहरूको कार्यान्वयन त्यति धेरै हुन सकेको देखिँदैन।

प्रदेशका दुर्गम पालिकाहरूमा विपद्को समयमा खोज उद्धार टोली एवम् सहायता सामग्री तत्काल पुऱ्याउन कठिनाई हुने हुनाले सामुदायिक खोज उद्धार टोली तयार गरी आवश्यक सामग्रीहरू; त्रिपाल, ब्लाङ्केट, हाइजिन किट, म्याट्रेस, खाद्यवस्तु र सेल्टर सामग्रीको आवश्यकता पहिचान गरी केही मात्रामा स्थानीय तहमै भण्डारण गर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ ।

प्रारम्भिक द्रुत लेखाजोखा तत्काल सञ्चालन गर्न नसक्दा पनि विषयगत क्षेत्रको प्रतिकार्य सञ्चालन शुरू गर्न समस्या हुने गरेको छ । यसको लागि प्रारम्भिक द्रुत लेखाजोखा टोली स्थानीय तहमा नै तयार गरी क्षमता विकास गर्नुपर्ने देखिन्छ ।

## ४. प्रदेश स्तरमा विपद् व्यवस्थापन सम्बन्धी ऐन, नियमावली, कार्यविधि तथा निर्देशिकाहरू

- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन (तेस्रो संशोधन) नियमावली, २०७८
- विपद् जोखिम न्यूनीकरण प्रादेशिक नीति तथा रणनीतिक कार्ययोजना २०२२-२०३० स्वीकृत हुने अन्तिम चरणमा रहेको,
- जलजन्य प्रकोपको पूर्व सूचना प्रणाली सम्बन्धी रणनीतिक कार्ययोजना तयारी प्रक्रियामा,
- पारिवारिक विपद् सुरक्षा योजना कार्यान्वयनको तयारी,
- कर्णाली प्रदेश विपद् व्यवस्थापन कोष संचालन तथा खर्च कार्यविधि,२०७६
- जोखिम बीमा सम्बन्धी कार्यविधि,२०७८
- विपद् जोखिम व्यक्ति र घरको बीमा (राष्ट्रिय बीमा कम्पनी लिमिटेडसँग सम्झौता भई व्यक्तिको कार्यान्वयन)
- कर्णाली प्रदेश विपद् पीडित आवास निर्माण सहयोग (पहिलो संशोधन) कार्यविधि,२०७८
- क्वारेन्टाइन संचालन तथा व्यवस्थापन मापदण्ड, २०७६
- विपद् पीडित उद्धार र राहत सम्बन्धी मापदण्ड, २०७९ तयारी प्रक्रियामा
- कोभिड-१९ बाट मृत्यु भएका मृतकहरूका परिवारलाई राहत वितरण सम्बन्धी कार्यविधि,२०७८
- प्रदेश स्तरीय विपद् पूर्वतयारी र प्रतिकार्य योजना, २०७९ निर्माणको क्रममा रहेको

## ५. कर्णाली प्रदेशमा विपद् व्यवस्थापन सम्बन्धी कार्यहरूको अवस्था

- अविरल वर्षाका कारण कालिकोट, जाजरकोट, हुम्ला, दैलेख लगायतका जिल्लाका बाढीपहिरो तथा अग्नि पीडितलाई हवाई तथा स्थलगत मार्गबाट उद्धार तथा राहत वितरण गरिएको तथा विपद् पीडित र कोभिडका कारण ज्यान गुमाएका परिवारलाई रु.१,००,०००।- अक्षेरुपी एकलाखका दरले राहत रकम उपलब्ध गराउने कार्य प्रारम्भ भएकोमा करिब ५८० परिवारलाई प्रदान गरिसकिएको छ भने जिल्ला प्रशासन कार्यालयबाट प्राप्त विवरण अनुसार रकम उपलब्ध गराउने क्रम जारी रहेको ।
- जिल्लामा सम्भावित विपद्को पूर्व तयारीका लागि सुरक्षा निकायलाई उद्दार सामग्री खरिद गर्न रकम उपलब्ध गराइएको ।
- बाढी पीडित पुनर्स्थापना कार्यक्रम अन्तर्गत घर निर्माण लगायतका पुनर्स्थापना कार्य गर्न २०७१ सालका सुर्खेतका सम्पूर्ण १०४५ जनालाई रु. ३१ करोड ३५ लाख सम्वन्धित स्थानीय तहमार्फत राहत रकम उपलब्ध गराइ सकिएको ।
- विपद् पीडित परिवारलाई प्रतिमृतक दुई लाखका दरले सामुहिक विपद् जोखिम दुर्घटना बीमा रकम वितरण कार्य प्रारम्भ । गत आ.व.मा ६४ मध्ये ५९ को भुक्तानी र यो बर्ष कार्तिक मसान्तसम्म ४४ मध्ये ३९ को भुक्तानी तथा अरु निवेदन प्रक्रियामा रहेको ।
- गत बर्षमा कालिकोट र मुगुमा भएका घटनामा सेनाको हेलिकप्टरबाट राहत सामग्री पुऱ्याइएको साथै मुगुमा भएको बस दुर्घटनामा परी मृत्यु भएका ३३ परिवारलाई राहतस्वरूप एक-एक लाखका दरले उपलब्ध गराइएको साथै मुगुका भएको आगलागिका पीडित परिवारलाई ६१ लाख ८५ हजारमध्ये ३१ लाख १० हजार राहत रकम उपलब्ध गराइसकिएको ।
- विपद् लगायत कोरोना रोकथाम तथा नियन्त्रणमा सबै सरकारी तथा विकास साझेदारसँग उल्लेखनीय समन्वयकारी भूमिका ।
- विपद्का कारण गत बर्ष पूर्ण क्षति भएका ७६५ का पीडित घरपरिवारलाई स्थानीय तह मार्फत रकम पठाइसकिएको ।
- अविरल वर्षाका कारण कालिकोट, जाजरकोट, हुम्ला, दैलेख, मुगु, जुम्ला लगायतका जिल्लाका बाढी, हिमपहिरो तथा अग्नि पीडितलाई हवाई तथा स्थलगत मार्गबाट उद्धार तथा राहत वितरण गरिएको ।
- कोराना रोकथाम तथा नियन्त्रणमा उल्लेखनीय समन्वयकारी भूमिका ।
- विपद्सँग सम्बन्धित बिषयगत समूहको बैठकको निरन्तरता ।

- आठ वटा बिषयगत समूहहरू सक्रिय भई आ-आफ्ना कोभिड तथा मनसुन सम्बन्धी पूर्वतयारी तथा प्रतिकार्य योजनाहरू निर्माण तथा अद्यावधिक भएका ।
- विपद् व्यवस्थापन कोषको व्यवस्था भएको ।
- तत्काल विपद् सम्बन्धी सामान भण्डारण गर्न मानवीय सहायता स्थलको व्यवस्था भएको तथा कर्णाली प्रदेशस्तरीय विपद् गोदामघर निर्माण अन्तिम चरणमा पुगेको ।
- स्थानीय तहमा विपद् व्यवस्थापन स्ववृद्दी कोषमा अनुदानका लागि प्राप्त ४५ आवदेक स्थानीय तहलाई रकम निकासाको लागि प्रक्रिया अघि बढेको ।
- विपद् शाहसिक पुरुस्कार वितरण सम्बन्धी कार्यविधि २०७९ बन्ने चरणमा
- प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द्र तथा सबै जिल्लामा जिल्ला विपद् कार्य सञ्चालन केन्द्रको स्थापना ।
- "कर्णाली प्रदेशको विपद् व्यस्थापन सम्बन्धी नीति तथा कार्यक्रम र तथ्याङ्कीय झलक" पुस्तिका प्रकाशन गरेको ।

## ६. नेतृत्व र सह-नेतृत्व गर्ने निकायहरूको मुख्य जिम्मेवारी

कर्णाली प्रदेशमा विपद् व्यवस्थापन, पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धि कार्यको संयोजन मुख्यमन्त्रिको कार्यालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय लगायत अन्य विषयगत मन्त्रालयहरूले गर्ने गरिएको छ। कर्णाली प्रदेशमा विभिन्न ९ वटा विषयगत क्षेत्र (Cluster) सक्रिय र नियमित सयुंक्त बैठक भइरहेका छन् । जसको नेतृत्व र सह—नेतृत्व गर्ने निकायहरू यस प्रकार रहेका छन् ।

| क्र.स. | बिषयगत क्षेत्र | नेतृत्व | सहनेतृत्व संस्था | गठन |
|---|---|---|---|---|
| १ | खाध सुरक्षा (Food Security) | MOLMAC | WFP | २०७७ बैशाख २४ |
| २ | बन्दोबस्ती (Logistic) | MOIAL | WFP | २०७८ बैशाख २१ |
| ३ | संरक्षण (Protection) | MOSD | UNICEF, Save the Children | २०७६ फागुन १० |
| ४ | खानेपानी, सरसफाई तथा स्वास्थ्य प्रबर्द्धन (WASH) | MoWRED | UNICEF KIRDARC, | २०७६ बैशाख |
| ५ | शिक्षा (Education) | MOSD | UNICEF, Save the Children | २०७६ चैत्र २१ |
| ६ | स्वास्थ्य तथा पोषण (Health and Nutrition) | MOSD | WHO/UNICEF | २०७७ बैशाख १३ |
| ७ | सिघ्र पुनर्लभ (Early Recovery) | MOITFE | UNDP | २०७७ असार १५ |
| ८ | सुरक्षित आश्रय तथा शिविर समन्वय तथा (Camp Co-ordination and Camp Management (CCCM) | MOPID | IOM/ Save the Children | २०७८ जेठ २८ |
| ९ | खोज तथा उद्दार (Search and Rescue) | MOIAL | Nepal Army, Nepal Police and Armed Police Force | |

## ७. स्थानीय तहदेखि केन्द्रसम्मको समन्वय तथा प्रतिकार्य ढाँचा




## ८. आपतकालीन अवस्थामा आधारभूत मानवीय मापदण्ड

मानवीय सेवामा कार्यरत सरकारी र गैरसरकारी संस्थाका सदस्यहरूले आधारभूत मानवीय मापदण्डको पालना गर्नुपर्दछ। मानवीय मापदण्डलाई सबै तह संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार, सरकारी संस्था, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, विकास साझेदार, निजी संस्था सबैले गुणस्तरीय बनाउनुपर्ने र उक्त कार्यको उत्तरदायित्व लिनुपर्दछ। जसले विपद्बाट प्रभावित समुदायले गुणस्तरीय सेवा तथा राहत समयमै प्राप्त गरी जीवन बचाऊ कार्यमा धेरै सहयोग पुग्दछ। आधारभूत मानवीय मापदण्ड यस प्रकार रहेको छ र मनसुनको प्रतिकार्यको समयमा यसको पालना गरिनेछः-

१. विपद्बाट प्रभावित समुदाय र मानिसहरू आफ्ना आवश्यकतानुसार उपयुक्त र सान्दर्भिक सहयोग प्राप्त गर्ने ।

२. विपद्बाट प्रभावित समुदाय र व्यक्तिहरूको उचित समयमा मानव कल्याणकारी सहयोग प्राप्त गर्ने ।

३. मानव कल्याणकारी कार्यबाट विपद्बाट प्रभावित समुदाय र मानिसहरू नकारात्मक रूपमा प्रभावित हुनु नहुने ।

४. विपद्बाट प्रभावित व्यक्ति र समुदायहरू आफ्नो कानूनी हक-अधिकार जान्दछन्; सूचना तथा आफूलाई प्रभाव पार्ने निर्णय लिने प्रक्रियामा उनीहरूलाई पनि समेट्ने।

५. विपद्बाट प्रभावित व्यक्ति र समुदायहरूमा गुनासाहरूलाई सामना गर्न सुरक्षित र अनुकूल संयन्त्रको पहुँच हुने ।

६. विपद्बाट प्रभावित समुदाय र व्यक्तिहरूले एकमुष्ट र परिपूरक सहयोग पाउनु पर्दछ र विभिन्न संघसंस्थाहरूले यस्तो सहयोग उपलब्ध गराउने,

७. विपद्बाट प्रभावित समुदाय र व्यक्तिहरू सिकाईबाट परिमार्जित, अनुभवी र दक्ष कार्यकर्ताबाट सहयोग पाउनु पर्ने ।

८. विपद्बाट प्रभावित समुदाय र व्यक्तिहरूले प्रतिस्पर्धात्मक तथा व्यवस्थित कर्मचारी र स्वयंसेवकबाट सहयोग दिने ।

९. विपद्बाट प्रभावित व्यक्ति र समुदायहरूले आफूलाई सहयोग गरिरहेका संस्थाहरूबाट प्राप्त स्रोतको प्रभावकारी प्रयोग भएको र कुशलतापूर्वक नीतिसम्मत व्यवस्थापन गर्ने।

***श्रोतः*** *आधारभूत मानवीय मापदण्ड, आधारभूत मानवीय मापदण्ड एलायन्स, URD समूह र द स्फेयर परियोजना*

**नोटः** यसका साथै मनसुन विपद् प्रतिकार्यको समयमा विपद् प्रभावितहरूको लागि राहत सामाग्रीहरू सहयोग गर्दा स्फेयर मापदण्डलाई अधिकतम रूपमा प्रयोग गर्न प्रयास गरिनेछ।

## ९. प्रदेश तथा जिल्ला विपद् व्यवस्थापन समितिमा रहेको विपद् व्यवस्थापन कोष

तालिका ६: कर्णाली प्रदेश तथा जिल्ला विपद् व्यवस्थापन समितिमा रहेको विपद् व्यवस्थापन कोषको विवरण

| क्र.सं. | प्रदेश तथा जिल्ला | रकम | कैफियत |
|---|---|---|---|
| १. | **कर्णाली प्रदेश** | ३,१४,०६,००० | |
| २. | सल्यान | ३५,९८,७४६ | |
| ३. | रुकुम पश्चिम | १२,९२,००० | |
| ४. | दैलेख | २१,३२,००० | |
| ५. | जाजरकोट | १४,१६,००० | |
| ६. | जुम्ला | १८,००,००० | |
| ७. | कालिकोट | ४०,४१,००० | |
| ८. | डोल्पा | ७,००,००० | |
| ९. | मुगु | २६,३२,९८४ | |
| १०. | हुम्ला | ५२,६१,००० | |
| ११. | सुर्खेत | १,२८,२३,४८० | |
| | **जम्मा** | ६,७१,०३,२१० | |

***स्रोतः*** *आन्तरिक मामिला तथा कानुन मन्त्रालय*

# १०. मन्त्रिपरिषद्को कार्यालय, विषयगत मन्त्रालय तथा मातहतका कार्यालयहरूको जिम्मेवारी

**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसबन्धी मुख्य जिम्मेवारी**

| **पूर्वतयारीका मुख्य क्रियाकलापहरू** |
|---|
| • मनसुनजन्य विपद्को जोखिममा भएका स्थानीय तहहरूलाई मनसुन अगावै यस सम्बन्धी पूर्वतयारी, जोखिम न्यूनीकरण तथा प्रतिकार्यको सम्बन्धमा स्थानीय सरकारको मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्न समन्वय गर्ने ।<br>• मनसुनजन्य जोखिमका सम्बन्धमा स्थानीय समुदायमा जनचेतना अभिवृद्धि कार्यक्रम संचालन गर्ने।<br>• स्थानीय तहमा भएका बाढी, डुबान र पहिरोसम्बन्धी पूर्वसूचना प्रणाली चुस्त रूपमा संचालन गर्न सरकारका निकायहरूलाई निर्देशन गर्ने।<br>• विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी तथा प्रतिकार्यको सन्दर्भमा स्थानीय समुदायमा क्रियाशिल विकास साझेदार संघ-संस्था, गैरसरकारी, संघसंस्थाहरूलाई तयारी अवस्थामा रहन तथा सम्बन्धित स्थानीय तहहरूसँग समन्वय र सहकार्यमा आवश्यक क्रियाकलाप अगाडि बढाउने।<br>• विपद् प्रभावित क्षेत्रमा उद्धार तथा राहतको लागि स्थानीय विपद् कोष स्थापना र कोषको अभिवृद्धि गर्ने। |
| **प्रतिकार्यका मुख्य क्रियाकलापहरू** |
| • स्थानीय रोजगार/स्वरोजगार र कामका लागि नगद खाद्यान्न कार्यक्रम संचालन गर्ने (जीविको-पार्जन र आयआर्जनका अवसर सृजना गर्ने)।<br>• सामुदायिक, आर्थिक, सामाजिक पूर्वाधार-हरूको पुनर्स्थापना गर्ने।<br>• मनसुन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धमा सामाजिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले तोके बमोजिमको कार्य गर्ने गरेको, नगरेको अनुगमन गर्ने। |

खण्ड खः

# विषयगत क्षेत्रको मनसुनजन्य पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना

## १. खोज तथा उद्धार

**नेतृत्व निकायः** आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति
**सह नेतृत्वः** नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी
**सदस्यहरूः** नेपाल रेडक्रस सोसाइटी

### अनुमानित परिदृश्यः

यस बर्ष कर्णाली प्रदेशमा बाढी तथा पहिरोका कारण ११५७० घरधुरी पूर्ण तथा आंशिक रूपमा क्षति भई ५४९५६ जना जनसंख्या प्रभावित हुन सक्ने अनुमान गरिएको छ । यो बर्ष कर्णाली प्रदेशमा मनसुनको प्रभावबाट कर्णाली प्रदेशको कुल जनसंख्याको ३.२४**%** मानिसहरू प्रभावित हुन सक्ने हुन सक्ने भएकोले समयमै पूर्वतयारी गर्नुपर्ने देखिन्छ ।

बाढी तथा पहिरोको कारण मानिसहरूको मृत्यु हुने, घाइते हुने, पुरिने तथा बगाउने, धनमालको क्षति हुने, जस्ता आपतकालीन अवस्था आई तत्काल खोज तथा उद्धार जस्ता कार्य गर्नुपर्ने अनुमान गरिएको छ। उक्त आपतकालीन अवस्थामा गर्भवती, सुत्केरी महिला, बालबालिका, जेष्ठ नागरिकहरू र अपाङ्गता भएका व्यक्तिहरू पनि उल्लेख्य संख्यामा प्रभावित हुन सक्ने र तत्काल उद्धार गर्नुपर्ने अनुमान गरिएको छ। विगतका बर्षहरूमा कोभिड-१९ को कारणले खोज तथा उद्धारका कार्य अझ बढी कठिन भएको थियो। यस्ता महामारी दोहोरिन सक्ने भएकोले त्यसतर्फ पनि आवश्यक शर्तकता अपनाउनु पर्ने देखिन्छ ।

### आन्तरिक मामिला तथा कानून मन्त्रालयको भूमिका तथा जिम्मेवारीः

| पूर्वतयारीका क्रियाकलापहरू |
|---|
| • समग्र प्रदेशको विपद् व्यवस्थापन सम्बन्धी कार्यमा सबै सरोकारवाला निकायसँग समन्वय गरी नेतृत्वदायी भूमिका निर्वाह गर्ने । |
| • प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द्र (Provincial Emergency Operations Centre) लाई २४सै घण्टा संचालनमा राख्ने । |
| • जनचेतनाका कार्यक्रम सचालन गर्ने र सन्देश प्रवाह गर्ने । |
| • प्रदेशको विपद् जोखिम न्यूनीकरणका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, राष्ट्रिय आपतकालीन कार्यसंचालन केन्द्र, जिल्ला आपतकालीन कार्य संचालन केन्द्र र स्थानीय आपतकालीन कार्य संचालन केन्द्रसँग समन्वय गर्ने र संचार संयन्त्र तयार गर्ने । |

- मनसुन पूर्वतयारी र प्रतिकार्यमा लागि प्रदेशभित्र बिषयगत क्षेत्र, सरोकारवाला निकाय र संघसंस्थासँग समन्वय गर्ने।
- स्थानीय, जिल्ला तथा प्रदेश स्तरमा भण्डार गृहहरू तयार गरी आवश्यक खोज, उद्धार तथा राहतका सामाग्रीहरू भण्डार गर्न निर्देशन दिने। आधारभूत मानवीय मापदण्ड र स्फेयर मापदण्डको बारेमा सबै सरोकारवालालाई तालिम दिने।
- आपतकालीन अवस्थामा विपद् प्रभावितको लागि अस्थायी आश्रय गृह निर्माण गर्ने गराउने ।
- प्रदेश स्तरको विपद् व्यवस्थापन सूचना प्रणाली र पूर्वचेतावनी प्रणालीको विकास, संचालन गर्ने गराउने
- मनसुनको आपतकालीन अवस्थाका लागि बिषयगत समूह तथा विमानस्थल लगायतका सरोकारवालालाई तयारी अवस्थामा रहन निर्देशन दिने ।
- विस्थापितका लागि ७ दिनसम्म खाद्यान्न, सरसफाई र अस्थायी आवास तथा औषधोपचार मिलाउने।
- स्थानीय स्तरमा आपत्कालीन कार्यसंचालन केन्द्रको स्थापना भएमा कार्यसंचालन गर्ने र नियमित रूपमा Reporting एवं Recording गर्ने व्यवस्था मिलाउने ।
- विपद्को समयमा प्रयोग गर्नुपर्ने सरसामानहरू जस्तैः लाइफ भेष्ट, डुङ्गा, emergency health kit लगायतका अन्य उपकरणहरू तयारी हालतमा राख्ने ।

**प्रतिकार्यका क्रियाकलापहरू**

- सम्पूर्ण सरोकारवाला निकाय तथा प्रदेशका बिषयगत क्षेत्रसँग समन्वय र सहकार्य गरी तत्काल प्रतिकार्यका क्रियाकलाप अघि बढाउने।
- जल तथा मौसम विज्ञान विभागसँग समन्वय गरी मौसमको बारेमा निरन्तर जानकारी लिने।
- प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको आपतकालीन बैठक बस्ने।
- विपद्को घटना हुनासाथ विपद्को प्रकृति हेरी प्रदेश स्तरको सुरक्षा निकायलाई परिचालन हुन निर्देशन दिने।
- खोज उद्धार तथा राहतमा प्रभावकारिता ल्याउन सरोकारवालाहरूसँग समन्वय गर्ने।
- विपद्को यर्थाथ सूचना तथा उद्धार प्रयासको जानकारी सार्वजनिक रूपमा प्रवाह गर्ने।
- विपद्को समयमा सुरक्षा निकाय, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, विकास साझेदार, संयुक्त राष्ट्र संघीय संस्थाहरूसँग समन्वय गर्ने।
- आधारभूत मानवीय मापदण्ड र स्फेयर मापदण्डको पालना भए नभएको अनुगमन गर्ने।
- असुरक्षित स्थानमा भएका विपद् प्रभावित व्यक्तिलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने गराउने।
- विपद्को समयमा गरिएका खोज उद्धार तथा राहत कार्यसम्बन्धी विवरण प्राधिकरणमा पठाउने।
- विपद् प्रभावित क्षेत्रमा संकटग्रस्त क्षेत्र घोषणा गर्नुपर्ने भएमा नेपाल सरकार समक्ष सिफरिश गर्ने ।
- मनसुन प्रणाली निस्कृय भएपछि यस वर्षका विपद् पूर्वतयारी तथा प्रतिकार्यसँग सम्बन्धित भए/गरेका कार्यहरूको समीक्षा, अनुकरणीय कार्य मूल्याङ्कन (Best practice) र आवश्यक पृष्ठपोषण (Feedback) सहितको प्रतिवेदन तयार गरी स्थानीय विपद् व्यवस्थापन समितिमा पेश गरी अभिलेख राख्ने/राख्न लगाउने।
- विपद्मा परी हराएका, विग्रेका/नष्ट भएका कागजातहरूको यकीन तथ्याङ्क अद्यावधिक गरी राख्न लगाउने।

## नेपाली सेना भूमिका तथा जिम्मेवारीः

| पूर्वतयारीका क्रियाकलापहरू |
|---|
| • नेपाली सेना मातहत जिल्लामा तैनाथ युनिटमा, सिनियर अधिकृतलाई Disaster Focal Person तोक्ने ।<br>• विपद् पूर्वतयारीका लागि आवश्कय सामाग्री तथा औजारको व्यवस्था मिलाउने ।<br>• सम्भावित विपदको प्रकृति अनुरूप स्टयाण्डशबाई फौजलाई श्रोत, साधनसीप युक्त बनाउने।<br>• प्राकृतिक जोखिमको अनुगमन विश्लेषण गरी सर्वसाधारण प्रयोगकर्ताका लागि उपयुक्त हुने खालका जानकारीमूलक विपद् व्यवस्थापन सम्बन्धी सूचना सामाजिक सञ्जालमा राख्ने ।<br>• विपद्का घट्नाबाट हुन सक्ने सम्भावित जोखिम न्यूनीकरणका लागि प्रदेश विपद् व्यवस्थापन समिति, जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद् व्यवस्थापन समितिहरूसँग समन्वय गरी पूर्वतयारी गर्ने ।<br>• खोज तथा उद्धार कार्यको लागि आवश्यक दक्ष जनशक्ति स्वास्थ्यकर्मी तथा सामाग्रीहरू तयारी हालतमा राख्ने ।<br>• हेलिकप्टहरूलाई असार दोस्रो साताभित्र, श्री पश्चिम एयर वेश सुर्खेत खोज तथा उद्वार टोलीसहित तयारी अवस्थामा राख्ने। |
| **प्रतिकार्यका क्रियाकलापहरू** |
| • जल तथा मौसम विज्ञान विभागको जल तथा मौसम सम्बन्धी जानकारीमा सूचित भैराख्ने ।<br>• प्रदेश आपत्कालीन कार्यसञ्चान केन्द्रसँग नियमित समन्वय र सूचना प्रवाह गर्ने ।<br>• जल तथा मौसम विज्ञान विभागको मौसम सम्बन्धी जानकारी अनुसार शतर्कता तह पार गरेमा सेनालाई तयारी अवस्थामा राख्न लगाउने ।<br>• विपद्को घटना हुना साथ जिल्ला स्तरमा रहेका सेनालाई खोज तथा उद्धारमा परिचालन हुन निर्देशन दिने ।<br>• आवश्यकता अनुसार जनशक्ति, हेलीकप्टरको सेवा तथा श्रोत साधनहरू जिल्लालाई प्रदेशबाट उपलब्ध गराउने ।<br>• घाइतेहरूको प्राथमिक उपचार गर्न घटनास्थलमा उपचारको व्यवस्था मिलाउने र सिकिस्त बिरामीलाई तत्काल अस्पताल पुऱ्याउने व्यवस्था गर्ने ।<br>• सेनासँग रहेका संचार सामाग्रीहरूको प्रयोग गरी विपद्को अवस्थाको सूचना लिने ।<br>• शव व्यवस्थापन गर्ने स्थानको पहिचान गर्ने र शव व्यवस्थापन गर्ने।<br>• नेपाल प्रहरी, सशस्त्र प्रहरी, जिल्ला प्रशासन कार्यालयसँग समन्वय गर्ने। |

## नेपाल प्रहरी भूमिका तथा जिम्मेवारीः

| पूर्वतयारीका मुख्य क्रियाकलापहरूः |
|---|
| • प्रकोपजन्य घटनाहरूको सूचना संकलनका लागि सम्पर्क व्यक्ति (Focal person) तोक्ने, तालिम दिने आवश्यक दक्ष जनशक्तिहरू तयार हालतमा राख्ने जनशक्तिलाई उपलब्ध उद्धार सामग्रीहरू तथा व्यक्तिगत सुरक्षा सामग्री सम्बन्धी प्रशिक्षण दिने ।<br>• प्रदेशभित्र रहेका सरकारी/गैरसरकारी निकायहरूको विवरण र स्थानीय तहमा वडा स्तरसम्म जनप्रतिनिधि लगायत सम्बन्धित व्यक्तिहरूको नाम, सम्पर्क नम्बर संकलन तथा अद्यावधिक गर्ने ।<br>• सम्भावित क्षति न्यूनीकरण गर्न आवश्यक सवारी साधन औजार, उपकरण तथा उद्धार सामग्री सहितको दक्ष तालिम प्राप्त जनशक्ति तयारी हालतमा राख्ने ।<br>• सरोकारवाला निकायहरूसँगको समन्वयमा पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउने प्रदेश, जिल्ला र स्थानीय विपद् व्यवस्थापन समितिसँग निरन्तर सञ्चार र समन्वय गर्ने ।<br>• Contingency Plan तयार गरी उद्धार टोलीलाई समय समयमा Drill/simulation गराउने । |
| **प्रतिकार्यका क्रियाकलापहरू** |
| • जल तथा मौसम विज्ञान विभागको मौसम सम्बन्धी जानकारीमा सूचित भइराख्ने ।<br>• प्रदेश आपत्कालीन कार्यसञ्चान केन्द्रसँग नियमित समन्वय र सूचना प्रवाह गर्ने ।<br>• जलतथा मौसम पूर्वानुमान विभागको मौसम सम्बन्धी जानकारी अनुसार खतराको स्थिति पार गरेमा प्रदेश, जिल्ला तथा स्थानीय स्तरका प्रहरीलाई तयारी अवस्थामा राख्न लगाउने ।<br>• विपद्को घटना हुना साथ जिल्ला स्तरका जिल्ला तथा स्थानीय स्तरका प्रहरीलाई खोज तथा उद्धारमा परिचालन हुन निर्देशन दिने ।<br>• आवश्यकता अनुसार जनशक्ति तथा श्रोतसाधनहरू जिल्लालाई प्रदेशबाट उपलब्ध गराउने ।<br>• घाइते तथा उद्धारको प्राथमिक उपचार गर्ने र सिकिस्त बिरामीलाई तत्काल अस्पताल पुऱ्याउने व्यवस्था मिलाउने ।<br>• प्रहरीसँग रहेका संचार सामाग्रीहरूको प्रयोग गरी विपद्को अवस्थाको सूचना लिने ।<br>• खोज तथा उद्धारमा परिचालन हुने जवानहरूले सुरक्षाका उपायहरू अपानाउने ।<br>• घटनास्थल तथा शिविरहरूमा भीड व्यवस्थापन गर्ने ।<br>• नेपाली सेना, सशस्त्र प्रहरी, जिल्ला प्रशासन कार्यालयसँग समन्वय गर्ने । |

## सशस्त्र प्रहरी भूमिका तथा जिम्मेवारीः

| पूर्वतयारीका मुख्य क्रियाकलापहरूः |
|---|
| • विपद् व्यवस्थापन तालिम निरन्तर रूपमा संचालन गर्ने।<br>• सशस्त्र प्रहरी बलका सबै कार्यालयहरूमा खोज तथा उद्धारका आधारभूत उपकरणहरूसहित उद्धार टोली तयारी अवस्थामा (Standby) राख्ने । |

- उपलब्ध विपद् उद्धारका आधुनिक सामाग्रीहरूको प्रदेशगत रूपमा प्रदेश स्तरीय विपद् उद्धार टिमले प्रयोग गर्ने गरी तयारी हालतमा राख्ने।
- सशस्त्र प्रहरी बलका विभिन्न इकाईहरूमा गैह्रखाद्य राहत सामाग्रीहरू, लत्ताकपडा, पाल, त्रिपाल ब्लाङ्केट, जस्तापाता आदि भण्डारण गर्ने ।
- विपद् व्यवस्थापन सम्बन्धी तालिम प्राप्त नगरेका सशस्त्र प्रहरी कर्मचारीहरूलाई समय-समयमा खोज तथा उद्धार सम्बन्धी अनुशिक्षण तालिम कार्यक्रम संचालन गर्ने ।
- मनसुनको समयमा हुन सक्ने सम्भावित विपद्को प्रभावकारी कार्य सम्पादनको लागि सरोकारवाला निकायहरूबीच समन्वय गर्ने ।
- प्रादेशिक आपतकालीन कार्य संचालन केन्द्रहरू तथा जिल्ला आपतकालीन कार्य संचालन केन्द्रहरूमा आवश्यकता अनुसार संचार तालिम प्राप्त जनशक्तिहरू परिचालन गर्ने।
- नेपाल एपिएफ अस्पतालमा विपद्को समयमा घाइतेहरूको प्रभावकारी उपचार व्यवस्था मिलाउन विभिन्न पूर्व तयारीका कार्यक्रमहरू सहित आवश्यक तयारी गर्ने।
- विपद् उद्धार टोली लगायत सम्पूर्ण सशस्त्र प्रहरी बल, नेपालका ईकाइहरूले मनसुन शुरु हुनुपूर्व आफ्नो जिम्मेवारी इलाकामा स्थानीय प्रशासन लगायत विभिन्न सरकारवाला निकायसँग समन्वय गरी कार्य गर्ने ।
- सशस्त्र प्रहरी बलका विभिन्न युनिटहरूमा रहेका हेभि ईक्युपमेन्टहरू तयारी हालतमा राख्ने।
- उद्दार सामाग्रीहरूको खरिद गरी आवश्यक स्थानहरूमा पठाउन तयार गर्ने ।

**प्रतिकार्यका मुख्य क्रियाकलापहरूः**

- जल तथा मौसम विज्ञान विभागको मौसम सम्वन्धि जानकारीमा सूचित भैराख्ने
- जल तथा मौसम विज्ञान विभागको मौसम सम्वन्धि जानकारी अनुसार खतराको स्थिति पार गरेमा प्रदेश, जिल्ला तथा स्थानीय स्तरका सशस्त्र प्रहरीलाई तयारी अवस्थामा राख्न लगाउने ।
- विपद्को घटना हुना साथ जिल्ला स्तरमा रहेका जिल्ला तथा स्थानीय स्तरका सशस्त्र प्रहरीलाई खोज तथा उद्धारमा परिचालन हुन निर्देशन दिने।
- आवश्यकता अनुसार जनशक्ति तथा श्रोत साधनहरू जिल्लालाई प्रदेशबाट उपलब्ध गराउने
- घाइते तथा उद्धारको प्राथमिक उपचार गर्ने र सिकिस्त बिरामीलाई तत्काल अस्पताल पुरयाउने व्यवस्था मिलाउने ।
- प्रहरीसँग रहेका संचार सामाग्रीहरूको प्रयोग गरी विपद्को अवस्थाको सूचना लिने ।
- घटनास्थल तथा शिविरहरूमा भीड व्यवस्थापन गर्ने ।
- नेपाली सेना, नेपाल प्रहरी, जिल्ला प्रशासन कार्यालयसँग समन्वय गर्ने ।

## प्रदेश आपतकालीन कार्य संचालन केन्द्र भूमिका तथा जिम्मेवारीः

| पूर्वतयारीका मुख्य क्रियाकलापहरूः |
|---|
| • आपतकालीन कार्य संचालन केन्द्रको लागि आवश्यक पर्ने श्रोत सामाग्रीहरू, संचारका सामाग्रीहरूको व्यवस्थापन गर्ने<br>• विपद् व्यवस्थापन शाखाको प्रत्यक्ष निगरानीमा रही राष्ट्रिय आपतकालीन कार्य संचालन केन्द्र,जिल्ला आपतकालीन कार्य संचालन केन्द्र र स्थानीय आपतकालीन कार्य संचालन केन्द्रसँग आवश्यक समन्वय र सहकार्य गर्ने ।<br>• द्रुत प्रारम्भिक लेखाजोखा र बहुविषयगत क्षेत्र प्रारम्भिक लेखाजोखाको लागि आवश्यक दक्ष जनशक्ति र फारामहरू तयारी अवस्थामा राख्ने<br>• सूचना व्यवस्थापन गर्न सक्ने दक्ष जनशक्ति तयार गर्ने<br>• विपद् प्रतिकार्यमा आवश्यक पर्ने श्रोत साधनको बारेमा प्रदेश विपद् व्यवस्थापन समितिमा जानकारी गराउने<br>• पूर्व सूचना प्रणालीको संरचना तयार गर्ने र सबै सरोकारवालालाई सूचित गर्ने |
| **प्रतिकार्यका मुख्य क्रियाकलापहरूः** |
| • मनसुन अवधिभर २४सै घण्टा आपतकालीन कार्य संचालन केन्द्र पूर्णरुपमा संचालनमा राख्ने र जिम्मेवारी तोक्ने<br>• जिल्ला तथा स्थानीय आपतकालीन कार्य संचालन केन्द्रसँग समन्वय र सम्पर्क गर्ने<br>• जल तथा मौसम विज्ञान विभागको मौसम सम्बन्धी जानकारी निरन्तर लिइरहने<br>• प्रदेशको रेडियो जिल्ला, स्थानीय तह र सुरक्षा निकायको रेडियोसँग सम्पर्कमा रहने<br>• विपद् भएमा तुरुन्त क्षतिको द्रुत प्रारम्भिक लेखाजोखा गर्ने<br>• गलत सूचना प्रवाह हुन नदिन नियन्त्रण गर्ने एक आधिकारिक व्यक्ति तोक्ने<br>• सूचना प्राप्त भए पछि त्यसको विश्लेषण गरी सम्वन्धित निकायमा पठाउने<br>• विपद् प्रतिकार्यमा आवश्यक पर्ने श्रोत साधन वितरणमा सहजीकरण गर्ने |

## जिल्ला प्रशासन कार्यालयहरूको भूमिका तथा जिम्मेवारीहरूः

| पूर्वतयारीका मुख्य क्रियाकलापहरूः |
|---|
| • विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्ने<br>• कम्तीमा ५० जना उद्धारकर्मी परिचालन गर्न आवश्यक पर्ने खोज तथा उद्धार सामग्री तयारी अवस्थामा राख्ने ।<br>• आवाश्यकता अनुसार पर्याप्त मात्रामा गैरखाद्य सामग्रीको सेट तयार गरी मौज्दात राख्ने।<br>• राहत मापदण्डले तोकेको न्यूनतम रकम जिल्ला विपद् व्यवस्थापन कोषमा रकमको प्रवन्ध गर्ने ।<br>• सबै विषयगत क्षेत्रका नेतृत्व र सहनेतृत्व (cluster lead and co-lead) लाई तयारी अवस्थामा रहन लगाउने ।<br>• पूर्व चेतावनी प्रणालीको स्थापना गर्ने र तयारी अवस्थामा रहन निर्देशन दिने<br>• अस्थायी आश्रय स्थलहरू निर्माण गर्ने र गर्न लगाउने । |

| प्रतिकार्यका क्रियाकलापहरू |
|---|
| • जिल्ला विपद् व्यवस्थापन समितिको आकस्मिक बैठक बोलाउने । <br>• नेपाली सेना, नेपाल प्रहरी र शशस्त्र प्रहरीलाई मौसमको खतराको सूचना अनुसार तयारी अवस्थामा रहन निर्देशन दिने । <br>• विपद्को घटना हुना साथ जिल्ला स्तरमा रहेका नेपाली सेना, नेपाल प्रहरी र शशस्त्र प्रहरीलाई खोज तथा उद्धारमा परिचालन हुन निर्देशन दिने । <br>• आवश्यकता अनुसार खोज तथा उद्धारका सामाग्रीहरू अपुग भएमा प्रदेशसँग समन्वय गरी सहयोगका लागि अनुरोध गर्ने। <br>• एकद्धार प्रणालीको आधारमा राहतका सामाग्रीहरू र नगद वितरण गर्ने । <br>• क्षतिको प्रारम्भिक लेखाजोखा गरी शीघ्र प्रतिकार्य योजना तयार गर्ने । <br>• विपदको समयमा मृत्यु भएका मानिस तथा जनावरको शव व्यवस्थापन गर्ने गराउने । <br>• आपतकालीन अवस्थामा विपद् प्रभावितहरूको लागि अस्थायी आश्रय स्थलको व्यवस्था गर्ने। <br>• पूर्व चेतावनी प्रणाली अनुसार बाढी तथा पहिरोको जोखिममा रहेको समुदायहरूमा निरन्तर सूचना प्रवाह गर्ने। |

## स्थानीय तहहरूको भूमिका तथा जिम्मेवारीः

| पूर्वतयारीका क्रियाकलापहरू |
|---|
| • विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण गर्ने । <br>• खोज तथा उद्धार र राहत सामाग्रीहरूको भण्डारण गर्ने । <br>• बाढी तथा पहिरो र वर्षाको जोखिम क्षेत्रमा पूर्व सूचना प्रणाली स्थापना गर्ने । <br>• संघ प्रदेश र स्थानीय समुदायसँग समन्वय गर्ने । <br>• वडा र समुदाय स्तरमा खोज तथा उद्धारका लागि आवश्यक तालिम दिई जनशक्ति तयारी अवस्थामा राख्ने र खोज तथा उद्धार टोली गठन गर्ने । <br>• विपद् व्यवस्थापन कोष स्थापना गर्ने । <br>• आपतकालीन हेलिकप्टर सेवाका लागि प्रत्येक वडामा हेलिप्याडको व्यवस्था मिलाउने । <br>• आपतकालीन आश्रय स्थल, खुला क्षेत्रको पहिचान गरी राख्ने । |
| **प्रतिकार्यका क्रियाकलापहरू** |
| • स्थानीय विपद् व्यवस्थापन समितिको आपतकालीन बैठक वस्ने । <br>• पूर्व सूचना प्रणाली अनुसार वर्षा तथा बाढी तथा पहिरोको अवस्था बारे जानकार हुने । <br>• विपद्को घटना हुनासाथ प्रहरी, सशस्त्र प्रहरीसँग समन्वय गरी खोज तथा उद्धारमा परिचालन हुन सहजीकरण गर्ने । <br>• समुदाय स्तरका खोज तथा उद्धार टोलीलाई सुरक्षा निकाय आउनु भन्दा अगावै खोज उद्धारमा परिचालन हुन आव्हान गर्ने । |

## खोज तथा उद्धार बिषयगत क्षेत्रको मनसुन पूर्वतयारी प्रतिकार्य योजनाः

| क्र.स. | गतिविधि | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधी | कैफियत |
|---|---|---|---|---|---|
| **मनसुन पूर्वतयारी क्रियाकलापहरू** | | | | | |
| | प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द। (Provincial Emergency Operations Centre) लाई २४ सै घण्टा संचालनमा राख्ने | आन्तरिक मामिला तथा कानून मन्त्रालय | नेपाली सेना नेपाल प्रहरी शसस्त्र प्रहरी नेपाल रेडक्रस | निरन्तर | |
| | जिल्ला आपतकालीन कार्य संचालन केन्द्र र स्थानीय आपतकालीन कार्य संचालन केन्द्रसँग समन्वय गर्ने र संचार संयन्त्र तयार गर्ने र संचालन गर्ने | जिल्ला प्रशासन कार्यालय र स्थानीय तह | | निरन्तर | |
| | मनसुन पूर्वतयारी र प्रतिकार्यमा लागि प्रदेशभित्र सरोकारवाला निकाय र संघसंस्थासँग समन्वय गर्ने, ढाँचा तयार गर्ने। | आन्तरिक मामिला तथा कानून मन्त्रालय | नेपाली सेना नेपाल प्रहरी शसस्त्र प्रहरी नेपाल रेडक्रस लगायत विकास साभेदार संस्था | जेष्ठ महिना भित्र | |
| | स्थानीय, जिल्ला तथा प्रदेश स्तरमा भण्डार गृहहरू तयार गरी आवश्यक खोज, उद्धार तथा राहतका सामाग्रीहरू भण्डार गर्न निर्देशन दिने । | आन्तरिक मामिला तथा कानून मन्त्रालय | जिल्ला प्रशासन कार्यालयहरू | मनसुन सक्रीय हुनु पूर्व | |
| | आधारभूत मानवीय मापदण्ड र स्फेयर मापदण्डको वारेमा सबै सरोकारवालालाई तालिम दिने | आन्तरिक मामिला तथा कानून मन्त्रालय | नेपाली सेना नेपाल प्रहरी शसस्त्र प्रहरी नेपाल रेडक्रस सहित विकास साझेदार संस्था | चैत्र महिना भित्र | |
| | आपतकालीन अवस्थामा विपद् प्रभावितको लागि अस्थायी आश्रय गृह छनौट तथा निर्माण र पशुहरूको लागि पशु गृह व्यवस्थापन गर्ने गराउने | जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय तह | सबै सरोकारवाला निकाय | जेष्ठ मसान्त भित्र | |
| | प्रदेश स्तरको विपद् व्यवस्थापन सूचना प्रणाली र पूर्व चेतावनी प्रणालीको विकास, संचालन गर्ने गराउने | PEOC, DEOC, LEOC | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकण,जल तथा मौसम विज्ञान कार्यालय, संचार माध्यमहरू, लगायत सबै सरोकारवाला निकाय | निरन्तर | |

| क्र.स. | गतिविधि | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधी | कैफियत |
|---|---|---|---|---|---|
| | मनसुनको आपतकालीन अवस्थाका लागि विमानस्थललाई तयारी अवस्थामा रहन निर्देशन दिने | आन्तरिक मामिला तथा कानून मन्त्रालय | नागरिक उड्डयन प्राधिकरण र नेपाली सेना | - | |
| | खोज तथा उदारको गर्न आवश्यक पूर्व तयारीको लागि जनशक्ति उदार सामाग्रीहरूको तत्काल परिचालन हुने गरी तयारी हालतमा राख्ने | आन्तरिक मामिला तथा कानून मन्त्रालय लगायत र सुरक्षा निकायहरू | रेडक्रस, स्थानीय निकायहरू र स्वयंसेवकहरू | मनसुन सुरु हुनु पूर्व | |
| | खोज तथा उदारकर्ताहरूको क्षमता अभिवृदी र समन्यात्मक रूपमा खोज तथा उदार कार्य गर्न सेमुलेसन अभ्यास | आन्तरिक मामिला तथा कानून मन्त्रालय जिला प्रसासन कार्यालय लगायत र सुरक्षा निकायहरू | बिकास साझेदार संस्थाहरू | हरेक त्रैमासीक रूपमा | |
| | जोखिम क्षेत्रभित्रका बासिन्दाहरूलाई सचेतनामूलक कार्यक्रम संचालन | जिला प्रसासन कार्यालय स्थानीय निकायहरू | सुरक्षा निकायहरू, रेडक्रस लगायत स्थानीय संघसंस्थाहरू | मनसुन पूर्व | |
| **मनसुन प्रतिकार्यका क्रियाकलापहरू** | | | | | |
| | जल तथा मौसम विज्ञान विभागसँग समन्वय गरी मौसमको बारेमा निरन्तर जानकारी लिने थप क्षती हुन नदिने | NDRRMA, PEOC, DEOC, LEOC, NDRRMA | जल तथा मौसम कार्यालय | निरन्तर | |
| | प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको आपतकालीन बैठक वस्ने | | सुरक्षा निकायहरू, रेडक्रस लगायत स्थानीय संघसंस्थाहरू | - | |
| | विपद्को घटना हुनासाथ विपद्को प्रकृति हेरी प्रदेश स्तरको सुरक्षा निकायलाई परिचालन गर्ने | आन्तरिक मामिला तथा कानून मन्त्रालय,जिल्ला प्रसासन कार्यालय | - | - | |
| | खोज उद्धार तथा राहतमा प्रभावकारिता ल्याउन सरोकारवालाहरूसँग समन्वय गर्ने | प्रदेश विपद् व्यवस्थापन समिति, जिल्ला विपद् व्यवस्थापन समिति | संघसंस्थाहरू | घटना हुने वित्तीकै र निरन्तर | |

| क्र. स. | गतिविधि | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधी | कैफियत |
|---|---|---|---|---|---|
| | मनोसामाजिक परामर्स तथा स्वास्थ्य सेवा उपलब्ध गराउने | जिल्ला विपद् व्यवस्थापन समित | जिल्ला स्वास्थ्य कार्यालयहरू र अन्य साझेदार निकायहरू | उदारको क्रममा | |
| | आधारभूत मानवीय मापदण्ड र स्फेयर मापदण्डको पालना भए नभएको अनुगमन गर्ने | जिल्ला प्रसासन | | | |
| | विपद्को यर्थाथ सूचना तथा उद्धार प्रयासको जानकारी सार्वजनिक रूपमा प्रवाह गर्ने | जिल्ला प्रसासन कार्यालय | विभिन्न संचार माध्यम | निरन्तर | |
| | असुरक्षित स्थानमा भएका विपद् प्रभावित व्यक्तिलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने गराउने | जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय तह | आन्तरिक मामिला तथा कानून मन्त्रालय र अन्य सरोकारवाला निकायहरू | घटना पश्चात तत्काल | |
| | विपद्को समयमा गरिएका खोज उद्धार तथा राहत कार्य सम्वन्धि विवरण प्राधिकरणमा पठाउने | PEOC, DEOC, LEOC | | निरन्तर | |
| | विपद् प्रभावित क्षेत्रमा संकटग्रस्त क्षेत्र घोषणा गर्नुपर्ने भएमा नेपाल सरकार समक्ष सिफारिश गर्ने । | जिल्ला विपद् व्यवस्थापन समिति | | आवश्यकता अनुसार | |

## २. बन्दोबस्ती

**नेतृत्व निकायः आन्तरिक मामिला तथा कानुन मन्त्रालय**

**सहनेतृत्वः** विश्व खाद्य कार्यक्रम

**सदस्यहरूः** मर्सिकोर नेपाल, यनोपस, नेपाल रेडक्रस सोसाईटी, सेभ द चिल्ड्रेन

**अनुमानित परिदृश्यः** यस बर्षको मनसुनजन्य विपद् (बाढी, पहिरोको र भारी वर्षा) बाट कर्णाली प्रदेशमा ५४९५६ जनसंख्या, ११५७० घरधुरी प्रभावित हुने अनुमान गरिएको छ बिपद्का कारणले बाटोघाटोहरू, भौतिक संरचनाहरू भत्किने, अवरुद्ध हुने साथै पुलपुलेसाहरू भत्किएर यातायातमा कठिनाई आउन सक्ने र ढिलाई हुन सक्ने र कर्णाली प्रदेशमा रहेका

६ वटा आन्तरिक बिमानस्थल पनि मनसुनको समयमा नियमित नहुने अनुमान गरिएको छ।त्यसकारण विपद् प्रभावितहरूको लागि आवश्यक पर्ने खाद्य तथा गैरखाद्य सामाग्रीहरूको सहज आपूर्तिमा कठिनाई आउन सक्ने जस्ता अवस्था आउन सक्ने अनुमान गरिएको छ ।

**लक्षित जनसंख्याः** ५४९५६

**अनुमानित आवश्याक स्रोतः** ने.रु.४,५०,००,०००

| पूर्वतयारीका क्रियाकलापहरू |
|---|
| • वन्दोवस्ती बिषयगत क्षेत्रमा सक्रिय निकायहरूका लागि विपद् व्यवस्थापन सम्बन्धि तालिम दिने विपद् उद्धार तथा प्रतिकार्यका लागि आवश्यक सामग्री भण्डारणका लागि प्रादेशिक मानवीय सहायता स्थल(PHSA)मा भण्डारण गर्ने र उक्त मानवीय सहायता स्थललाई पूर्णरूपमा संचालनमा ल्याउने।<br>• निर्माणाधिन प्रदेशस्तरीय गोदाम घरको निर्माणमा आवश्यक समन्वय गरि निर्माण पश्चात् तत्काल प्रयोगमा ल्याउने ।<br>• विपद् उद्धार तथा प्रतिकार्यका लागि आवश्यक सामग्री भण्डारण तथा पारावहनका लागि भौतिक संरचनाको अवस्थितिका बारेमा सूचना संकलन गर्ने<br>• विपद् उद्धार तथा प्रतिकार्यका लागि अत्यावश्यक वस्तुहरूको सूची तयार गरी अतिरिक्त मौज्दात व्यवस्थापन गर्ने<br>• आगामि आर्थिक वर्षको मनसुन प्रतिकार्यका लागि प्रदेश सरकारबाट बजेट विनियोजन गर्न अनुरोध गर्ने<br>• स्थानीय तथा जिल्ला स्तरमा भएका यातायातका साधनहरू, डोजर, एक्साभेटर तयारी अवस्थामा राख्न लगाउने<br>• हेलिकप्टर सेवा दिने संस्थाहरूसँग आपतकालीन अवस्थामा परिचालित हुनुपूर्व सम्झौता गर्ने<br>• ढुवानी सेवा दिने संस्थाहरूसँग आपतकालीन अवस्थामा परिचालित हुनुपूर्व सम्झौता गर्ने ।<br>• प्रत्येक वडाहरूमा हेलिप्याड बनाउन सहजीकरण र सहयोग गर्ने<br>• अस्थायी पुलका सामाग्रीहरू भण्डारण गर्ने र गर्न लगाउने । |
| **प्रतिकार्यका क्रियाकलापहरू** |
| • विभिन्न साझेदार निकायबाट प्राप्त हुने एवं भएका स्वास्थ्य, खाद्यान्न लगायतका राहत सामग्रीको सूची अध्यावधिक गर्ने र विपद् प्रभावित क्षेत्रमा तत्काल पठाउने।<br>• विभिन्न साझेदार निकायबाट प्राप्त भएको स्वास्थ्य, खाद्यन्न लगायतका राहत सामग्री भण्डारण एवं सम्बन्धित प्रभावित स्थानसम्म ढुवानी गर्ने ।<br>• प्रतिकार्यका लागि आवश्यक उद्धार तथा राहत सामग्री भण्डारण सेवा प्रादेशिक मानवीय सहायता स्थल (Province Humanitarian Staging Area) मा उपलब्ध गराउने र सहायता स्थलको व्यवस्थापन गर्ने । |

- मानवीय सहायता स्थलले सेवा उपलब्ध गर्न नसक्ने स्थानमा भण्डारणको व्यवस्था मिलाउने ।
- उद्दार तथा राहात सामाग्रीको ढुवानीको लागि स्थलमार्ग, हवाई उडान तथा भरिया र खच्चडहरूको प्रयोग गर्ने व्यवस्था मिलाउने ।
- प्रादेशिक मानवीय सहायता स्थल मार्फत भण्डारण तथा ढुवानीहुने सामाग्रीहको विवरणको ट्र्याकिङ्ग विश्व खाद्य कार्यक्रम मार्फत विकास गरिएको The Relief Item Tracking Application (RITA), web- based software application को प्रयोग गरिनेछ।
- पुल विग्रेको अवस्थामा अस्थायी पुलको माध्यमबाट ढुवानी सेवालाई सहज बनाउने
- बिग्रेक सडकहरू पुनः निर्माण गरी सडक यातायात सुचारु गर्न सडक बिभाग तथा भौतिक पूर्वाधार विकास मन्त्रालयसँग समन्वय गर्ने,
- मानवीय सेवामा कार्यरत व्यक्तिहरूलाई व्यक्तिगत सुरक्षाका उपायहरूमा तालिम र सामग्री वितरण गर्ने ।

***नोटः*** *विस्तृतमा बन्दोवस्ती क्लष्टरको आपतकालीन योजना हेर्न अनुरोध छ ।*

## ३. खानेपानी, सरसफाई तथा स्वच्छता

**नेतृत्व निकायः** जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय

**सह नेतृत्वः** यूनिसेफ/किर्डाक नेपाल

सदस्यहरूको विवरण अनुसूचीमा राखिएको छ।

### अनुमानित परिदृश्य

बाढी तथा पहिरोको कारण खानेपानीका संरचनाहरू विशेष गरेर पानी टंकी भत्किने, मुहानहरू बगाउने पुरिने, पाइप लाइनहरू बगाउने, पुरिने, फुट्ने जस्ता अवस्थाले स्वच्छ पानी आपूर्तिमा अवरोध हुने साथै खानेपानीको श्रोतमा वर्षातको भेलको पानी मिसिएर प्रदुषित भई पिउनयोग्य नहुने जस्ता पानीको समस्या हुन सक्ने छ ।

आपतकालीन अवस्थामा सेल्टरमा बस्ने जनसंख्यामा पनि खानेपानको समस्या, सरसफाई र स्वच्छता समस्या हुन सक्ने साथै शौचालयहरू भत्किन सक्ने, जसले जथाभावी दिसा गर्दा पानीजन्य माहामारी हुन सक्ने र विपद्ले अर्को विपद् ल्याउन सक्ने अवस्था समेत आउन सक्छ। विपद्ले गर्दा समुदायमा वा अस्थायी आश्रयस्थलमा फोहर व्यवस्थापन गर्न साथै स्वास्थ्य संस्थाहरूमा फोहर व्यवस्थापन गर्ने समस्यले थप विपद् हुन सक्ने अनुमान पनि गरिएको छ। यस वर्षको मनसुनमा यस कणार्ली प्रदेशमा पहिरोबाट २९९१९ र बाढीबाट २५०३७ गरी जम्मा ५४९५६ जनसंख्या प्रभावित हुने अनुमान गरिएको छ (जुन कुल जनसंख्याको ३.२४ प्रतिशत हो)। त्यसैगरी घरधुरीका हिसाबले ११५७० घर र प्रति जिल्ला

१५५७ घरधुरी प्रभावित हुन सक्नेछन् । जस अन्तर्गत किशोर किशोरी (१० देखि १९ वर्ष उमेर समूहका) १२१०० जना, १०४८ जना गर्भवति तथा सुत्केरी महिला उच्च जोखिममा रहेका अनुमान गरिएको छ ।

## भूमिका तथा जिम्मेवारी

| पूर्वतयारीका क्रियाकलापहरू |
| --- |
| • खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समितिको नियमित बैठक बस्ने ।<br>• खानेपानी तथा सरसफाइ क्षेत्रका सरोकारवालाहरूको उपस्थितिमा क्षमता नक्शाकंन तथा क्षमता विकासका कार्यहरू गर्ने ।<br>• प्रदेश, जिल्ला तथा स्थानीय तहमा श्रोत ब्यक्तिको क्षमता विकास तथा सूची तयारी गर्ने ।<br>• प्रत्येक जिल्ला तथा पालिकाहरूमा खानेपानी, सरसफाई तथा स्वच्छता क्षेत्रको संयोजनका लागि जिल्ला तथा पालिकाहरूलाई वास फोकल व्यक्ति तोक्न लगाउने । यस प्रक्रियाको सहजीकरणका लागि साझेदार संस्थाबाट एक जना फोकल पर्सन तोकी जिम्मेवारी बाँडफाँड गर्ने।<br>• जोखिमयुक्त समुदाय, वडा, बस्ति तथा पालिकामा विपद्को समयमा खानेपानी, सरसफाई तथा स्वच्छताको सेवा ब्यवस्थापन, नियमितता, जनचेतना अभिवृद्धिका लागि आवश्यक पर्ने स्वयंसेवक पहिचान, क्षमता अभिबृद्धि र आवश्यकता अनुसार परिचालनका लागि अभिलेख, बिवरण कायम गर्ने ।<br>• प्रत्येक जिल्ला तथा पालिकाहरूमा खानेपानी, सरसफाई तथा स्वच्छता क्षेत्रको प्रतिकार्य योजना निर्माण तथा अद्यावधिक कार्यमा सहजीकरण गर्ने ।<br>• मनसुनबाट प्रभावित हुने जनसंख्याको प्रक्षेपण गर्नुका साथै प्रदेश स्तरीय मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना तयारी पार्ने ।<br>• पानीजन्य रोगतथा रोकथाम सम्बन्धि सचेतनामूलक सामग्री उत्पादन गरी भण्डारण गर्ने<br>• अक्वागार्ड,पियुष,क्लोरिन जस्ता पानी शुद्धीकरणका सामाग्रीहरू भण्डारण गर्ने र गर्न लगाउने।<br>• अस्थायी शौचालयका लागि प्यान,हारपिक,सावुन जस्ता सामाग्रीहरू भण्डारण गर्ने र गर्न लगाउने।<br>• हाइजीनकिटहरूको भण्डारण गर्ने र गर्न लगाउने ।<br>• न्यूनतम प्याकेजको निर्धारण गरि तत्काल राहत सहयोगका लागि विपद् कोषको स्थापना गर्ने।<br>• खानेपानी, सरसफाई एबं स्वच्छताका आवश्यक सामाग्रीहरूको सूची तयार गरी सहज रूपमा उपलब्धताका लागि सहयोगी निकायहरू र आपूर्तिकर्ताको सूची तयार गर्ने ।<br>• विपत प्रतिकार्यका लागि खानेपानी, सरसफाइ तथा स्वच्छताका लागि आवश्यक सामाग्री खरिद तथा विभिन्न सेल्टरका लागि ढुवानी तथा भण्डारणको ब्यवस्था गर्ने ।<br>• पहिचान भएका आश्रय स्थलमा गरी खानेपानी, सरसफाई र स्वच्छताको व्यवस्थापनको सुनिश्चित गर्ने । |

| प्रतिकार्यका क्रियाकलापहरू |
|---|
| • खानेपाली, सरसफाई तथा स्वच्छता सुबिधाको व्यवस्था गर्ने। प्रभावित स्थलमा अक्वागार्ड, पियुष, क्लोरिन जस्ता पानी शुद्धीकरणका सामाग्रीहरू वितरण गर्ने गराउने।<br>• आपतकालीन जोखिमको सर्वेक्षण गरी तत्काल सहयोग गर्न पालिका तथा जिल्लासँग समन्वय गर्ने।<br>• विपदबाट प्रभावित भएकाहरूलाई क्वारेन्टाइन, अस्थायी आश्रय स्थलमा खानेपानी तथा सरसफाई सुबिधाहरूको व्यवस्थापनका लागि प्राविधिक सहयोग गर्ने गराउने ।<br>• प्रतिकार्य लगायतका कार्यका लागि सरोकारवाला निकायहरू र स्थानीय तहसम्म प्राविधिक पक्षबाट सहयोग तथा समन्वय गर्ने ।<br>• विपद्बाट प्रभावित जनसमुदाय तथा बसोबास गरेका क्षेत्र तथा क्याम्पमा तालिम प्राप्त स्वयं सेवक परिचालन तथा सामाजिक परिचालन गर्ने गराउने ।<br>• प्रभावकारी प्रतिकार्यका लागि अन्तरकल्स्टर समन्वय गर्ने ।<br>• सेल्टर-समुदायमा पानीजन्य माहामारी रोगबाट बच्न एफएम रडियो जिंगलबाट सचेतनामूलक सूचना सम्प्रेषण गर्ने तथा श्रव्यदृश्य सामाग्रीहरू वितरण गर्ने गराउने ।<br>• क्याम्प-समुदायमा आवश्यक पर्ने खानेपानी, सरसफाइ तथा स्वच्छताको सेवाको अवस्थाको लेखाजोखा राख्ने र अभाव पहिचान गरी सो यथाशक्य उपलब्ध गर्ने गराउने।<br>• क्याम्पमा बसोबास गरिराखेको जनसमुदायको स्फेयर मापदण्डका आधारमा खानेपानीको नियमित आपूर्तिका लागि खानेपानी प्रणालीको तत्काल मर्मत, जडानका लागि पाईप, पानी ट्यांकी आदि सहयोग र आपतकालीन सौचालय निर्माण तथा हातधुने स्थानहरूको जडान गर्ने गराउने ।<br>• विपद्बाट प्रभावित समुदाय, बसोबास गरेका क्षेत्र तथा क्याम्पमा तालिम प्राप्त स्वयंसेवक परिचालन गरी खानेपानी, सरसफाई तथा स्वच्छताको सेवाको सुनिश्चितता गर्ने गराउने ।<br>• विपद् प्रभावितहरूको लागि हाइजीन किटहरू वितरण गर्ने गराउने।<br>• खानेपानी तथा सरसफाई सेवाको अनुगमन तथा सुपरिवेक्षण गर्ने गराउने।<br>• विपदमा खानेपानी तथा सरसफाई सेवाको समिक्षा गर्ने । |

## मनसुन पूर्वतयारीका तथा प्रतिकार्यको कार्ययोजनाः

| प्रमुख क्रियाकलाप | संख्या | लागत (रु.हजार) | नेतृत्व गर्ने निकाय | सहयोगी निकाय | समय सिमा |
|---|---|---|---|---|---|
| प्रदेशस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको बैठक | ५ | ५० | वास क्लष्टर लिड तथा को लिड | प्रदेश स्तरीय वास क्लष्टर सदस्यहरू | मनसुन सुरु हुनुभन्दा १ महिना अगाडि र त्यस पछि प्रत्यक चौमाषिक वा आवश्यकता अनुसार |

| प्रमुख क्रियाकलाप | संख्या | लागत (रु.हजार) | नेतृत्व गर्ने निकाय | सहयोगी निकाय | समय सिमा |
|---|---|---|---|---|---|
| प्रदेशस्तरीय वास क्लस्टरको नियमित बैठक | १० | १०० | वास क्लष्टर लिड तथा को लिड | प्रदेश स्तरीय वास क्लष्टर सदस्यहरू | नियमित |
| मनसुनबाट प्रभावित हुने जनसंख्याको प्रक्षेपण गर्नुका साथै मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना तयारी | १ | १०० | वास क्लष्टर लिड तथा को लिड | जिल्लार पालिका स्तरीय वास क्लष्टर सदस्यहरू | मनसुन शुरु हुनु भन्दा १ महिना अगाडी र प्रत्यक महिनाको दुई पटक वा आवश्यकता अनुसार |
| जिल्ला तथा पालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति तथा वास क्लष्टरको गठन तथा नियमित बैठक | ९० | ९०० | वास क्लष्टर लिड तथा को लिड | प्रदेश, जिल्लार पालिका स्तरीय वास क्लष्टर सदस्यहरू | हरेक महिनाको पहिलो हप्ता |
| जिल्ला तथा पालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) प्रतिकार्य योजना निर्माण तथा अध्यावधिक गर्ने | ९० | २७०० | वास क्लष्टर लिड तथा को-लिड | जिल्लार पालिका स्तरीय वास क्लष्टर सदस्यहरू | मनसुन शुरुहुनु भन्दा १ महिना अगाडी वा आवश्यकता अनुसार |
| खानेपानी तथा सरसफाइ क्षेत्रका सरोकारवालाहरूको नक्सांकन तथा सम्पर्क व्यक्तिको सूची अद्यावधिक गर्ने | ९० | ९०० | वास क्लष्टर लिड तथा को-लिड | जिल्लार पालिका स्तरीय वास क्लष्टर सदस्यहरू | नियमित |
| प्रदेश, जिल्ला तथा स्थानीय तहमावास क्षेत्रकास्रोत व्यक्तिकोक्षमता विकास तथा सम्पर्क सूची तयार | ९० | ३६०० | वास क्लष्टर लिड तथा को-लिड | प्रदेश स्तरीय वास क्लष्टर सदस्यहरू | नियमित |
| पानीजन्य रोग तथा रोकथाम सम्बन्धी आईसी सामाग्री उत्पादन तथा वितरण गर्ने | १ | १००० | वास क्लष्टर लिड तथा को लिड | प्रदेश स्तरीय वास क्लष्टर सदस्यहरू | मनसुन सुरु हुनु अगाडी |
| पानीजन्य रोग तथा रोगथाम सम्बन्धी सचेतनामूलक सन्देश सम्प्रेषण गर्ने | १० | १००० | वास क्लष्टर लिड तथा को लिड | प्रदेश स्तरीय वास क्लष्टर सदस्यहरू | मनसुनशुरु हुन भन्दा १ महिना अगाडी |

| प्रमुख क्रियाकलाप | संख्या | लागत (रु.हजार) | नेतृत्व गर्ने निकाय | सहयोगी निकाय | समय सिमा |
|---|---|---|---|---|---|
| खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी राहत सामाग्रीहरूको सूची तयार गरी सहज रूपमा उपलब्धताका लागि सहयोगी निकायहरूको सूची तयार गर्ने | ३ | ० | वास क्लष्टर लिड तथा को लिड | प्रदेश स्तरीय वास क्लष्टर सदस्यहरू | मनसुनशुरु हुन भन्दा १ महिना अगाडी |
| विपद् प्रतिकार्यका लागि खानेपानी, सरसफाइतथा स्वच्छतासामाग्री खरिद, भण्डारण तथा विभिन्न सेल्टरका लागि ढुवानीको व्यवस्था गर्ने | १ | ५००० | वास क्लष्टर लिड तथा को लिड | प्रदेश स्तरीय वास क्लष्टर सदस्यहरू | मनसुनशुरु हुन भन्दा १ महिना अगाडी |
| विपद् प्रतिकार्यका लागि वास सम्बन्धी न्यूनतम सामाग्रीहरू प्रत्येक जिल्लाका जलश्रोत तथा ऊर्जा विकास कार्यालयमा मौज्दात गर्ने । | १० | ५००० | वास क्लष्टर लिड तथा को लिड | प्रदेश स्तरीय वास क्लष्टर सदस्यहरू | मनसुनशुरु हुन भन्दा १ महिना अगाडी |
| विपदमा वास सम्बन्धी थप राहत सामाग्री खरिदका लागि निजी क्षेत्रको सुची तयार गरि खरिद सम्झौता गर्ने | १० | ५००० | वास क्लष्टर लिड तथा को लिड | प्रदेश स्तरीय वास क्लष्टर सदस्यहरू | मनसुनशुरु हुन भन्दा १ महिना अगाडी |
| तत्काल राहत सहयोगका लागि वास विपद् कोषको स्थापना गर्ने | ११ | ५५०० | प्रदेश स्तरीय वास क्लष्टर लिड तथा कोलिड | वास क्लष्टर सदस्यहरू | आवश्यकता अनुसार |
| वास बिपद् कोषको सहज परिचालनका लागि कार्यविधि तर्जुमा तथा स्वीकृत गर्ने | ११ | ६००० | प्रदेश स्तरीय वास क्लष्टर लिड तथा कोलिड | वास क्लष्टर सदस्यहरू | आवश्कता अनुसार |
| प्रत्येक पालिकाहरूमा पहिचान भएका विपद् मा शेल्टरका रूपमा प्रयोग हुने संभावीत विद्यालय, स्वास्थ्य संस्था तथा सामुदायिक भवनमा वास सुविधाको मर्मत तथा सुधार गर्ने। | ५० | १००० | वास क्लष्टर लिड तथा को लिड | प्रदेश, जिल्लार पालिका स्तरीय वास क्लष्टर सदस्यहरू | आवश्यकता अनुसार |
| **जम्मा रु. (हजारमा) :** | | **३७,८५०** | | | |

*नोटः विस्तृत विवरणको लागि खानेपानी, सरसफाई र स्वच्छता क्षेत्रको contingeny plan हेर्न अनुरोध।*

## ४. खाद्य सुरक्षा

**नेतृत्व निकायः** भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

**सह नेतृत्वः** विश्व खाद्य कार्यक्रम

**सदस्यहरूः** प्रादेशिक योजना आयोग, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, सामाजिक विकास मन्त्रालय/आर्थिक विकास मन्त्रालय मर्सिकोर (भकारी परियोजना)/हेल्भेटास/उद्योग बाणिज्य संघ/किसान २ परियोजना/ सुआहारा कार्यक्रम-२, प्लान इन्टरनेशनल/सेभ द चिल्ड्रेन/रेडक्रस/मेडपा, आशा/जिआइजेट/PMAMP/ASDP/FMTC/CCI, SKILL UP

### अनुमानित परिदृश्य :

खाद्य सुरक्षाको अवस्था हेर्दा कर्णाली प्रदेश अन्य प्रदेशको तुलनामा बढी जोखिममा रहेको देखिन्छ। नेपाल जनसांख्यिक सर्वेक्षण २०१६ (विसं २०७३) अनुसार कर्णाली प्रदेशमा केबल २२.५५ प्रतिशत घरपरिवार खाद्य सुरक्षित छन् भने १७.७५ प्रतिशत घरपरिवार चरम (गम्भीर) खाद्य असुरक्षामा रहेको पाइन्छ । कर्णाली प्रदेशमा आफ्नै उत्पादनबाट खाद्यान्न अप्रयाप्त हुने घरधुरी ७७.२८ रहेको पाईन्छ । यस बर्ष कर्णालीमा बाढी तथा पहिरोका कारण ११,५७० घरधुरी पूर्ण तथा आंशिक रूपमा क्षति भई ५४,९५५ जना जनसंख्या प्रभावित हुन सक्ने अनुमान गरिएको छ । विपद्का कारण खाद्यान्न र गैरखाद्य सामाग्रीहरू नष्ट हुने, गर्भवती, सुत्केरी महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि खाद्य समस्या सृजना भई बिरामी हुने र मृत्यु समेत हुन सक्ने अनुमान गरिएको छ । बाढी र पहिरोले जनजिवीकामा थप असर पार्नुका साथै यातायात अवरोधले बजारमा खाद्यान्न अभाव एवं मूल्यमा बृद्दि अनुमान गरीएको छ । मनसुनका कारण खाद्यान्न भण्डारको मर्मत तथा व्यवस्थापनमा कठिनाइ हुनाले खाद्य तथा गैरखाध सामग्री उपलब्धतामा ह्रास आउने अनुमान छ ।

### खाद्य सुरक्षा विषयगत क्षेत्रको भूमिका र जिम्मेवारीः

| पूर्वतयारीका क्रियाकलापहरू |
|---|
| • खाद्य सुरक्षा मापन गर्ने विभिन्न सूचकका आधारमा जिल्ला तथा पालिका स्तरको खाद्य असुरक्षित क्षेत्र र घरधुरीको पहिचान गर्ने ।<br>• पशुपंक्षीका लागि बिपद्को समयमा आवश्यक दाना तथा चारा भण्डारण गर्ने र वितरण प्रणालिको विकास गर्ने ।<br>• बाढी पूर्व तयारी तथा कोभिड महामारी सम्बन्धि जनचेतना जगाउने खालका सामाग्रीहरूको तयारी गर्ने। |

- खाद्य सुरक्षा क्लष्टरमा संलग्न विकास साझेदार संघसंस्थासँगको बैठकबाट कार्ययोजना स्वीकृत र पूर्वतयारीका बैठक गर्ने ।
- घटना घटिहालेमा पहिलो १५ दिनको लागि खाद्य सहायता तयारी अवस्थामा राख्ने
- विपद् प्रतिकार्यका लागि आवश्यक उमेर अनुसारको खाद्य सामग्रीहरू उपयुक्त स्थलमा सुरक्षित भण्डारण र परिचालन गर्न गराउनका लागि आवश्यक कार्ययोजना बनाउने ।
- Rapid Emergency Food Security and Vulnerability Assessment, Initial Rapid Assessment कार्यविधि तयार र अध्यावधिक गर्ने ।
- प्रदेशस्तरमा contingency plan बनाउन सहजीकरण गर्ने ।
- कृषकहरूको जोखिम न्यूनीकरण र अनुकूलन क्षमता बढाउने तथा बाली तथा पशुपंछी विमाको प्रिमियममा टप अप सहित कृषकहरूलाई यस तर्फ बढी आकर्षित गर्ने ।
- बिपदमा परेका पशु चौपायहरूको उद्दारको लागि Rescue Vehicles को व्यवस्था गर्ने ।
- गैरखाद्य सामाग्रीहरू लत्ताकपडा, भाँडाकुँडा जिल्ला, स्थानीय तहमा भण्डारणको व्यवस्था मिलाउने।
- महिला, बालबालिका, अपांगता भएका व्यक्ति तथा जेष्ठ नागरिकको लागि आवश्यक पर्ने गैर खाद्य सामाग्रीहरूको भण्डारणको व्यवस्था प्रदेश, जिल्ला तथा स्थानीय तहमा राख्ने र राख्न लगाउने ।
- वाढी, डुबान, पहिरो तथा अन्य पानीजन्य विपद्का साथै संभावित महामारीसँग जुध्न अत्यावश्यक वस्तुहरूको सूची तयार गरी अतिरिक्त मौज्दात व्यवस्थापन गर्ने ।
- पेट्रोलियम पदार्थहरू, एलापी ग्याँस, नून तथा खाद्य पदार्थको अतिरिक्त मौज्दात व्यवस्थापन गर्ने ।
- विपदमा खाद्यान्नको सुनिश्चित गर्न धर्म भकारी (Flood Bank) को स्थापना गर्ने ।
- खाद्य र गैरखाद्य आपूर्तिकर्तासँग विपद्को समयमा खाद्य र गैरखाद्य सामाग्रीहरू उपलब्ध गराउन विषयगत क्षेत्रले अग्रिम संझौता गर्ने ।

**प्रतिकार्यका क्रियाकलापहरू**

- विपद् एवं खाद्य सुरक्षा सम्बन्धी सचेतना कार्यक्रम गर्दै गरिब घरधुरी एवं बालबालिकालाई निःशर्त खाद्यान्न वितरण गर्ने ।
- खाद्यान्न वितरण गर्दा शुरुका दिनहरूमा तयारी खाद्य सामाग्रीहरू चिउरा, विस्कुट, चाउचाउ, सर्वोत्तम पिठो, अण्डा जस्ता तयारी वस्तु र पछिका दिनहरूमा दाल, चामल, नून, तेल, मसला,चिनी जस्ता सामाग्रीहरू वितरण गर्ने ।
- खाद्यान्न वितरण गर्दा मिति नसकिएको, राम्ररी प्याक गरिएको वितरण गर्ने साथै उमेर अनुसारको खाद्यान्न वितरण गर्ने ।
- खाद्यान्न वितरण गर्दा आधारभूत मानवीय मापदण्ड र स्फेयर मापदण्डलाई अनुसरण गर्ने ।
- स्फेयर मापदण्ड अनुसार प्रतिव्यक्ति प्रतिदिन न्यूनतम २१०० क्यालोरी प्राप्त हुने गरी सामान्य खाद्यान्नको राशन वितरण गर्ने ।
- जग्गा व्यवस्थापन वृक्षारोपण, वन व्यवस्थापन, पानी मुलसुधार, पहिरो नियन्त्रण, गह्रसुधार, पानीको किफायति प्रयोग प्रविधिहरू आदि ।

- विपद् प्रभावितहरूको लागि आवश्यक पर्ने गैर खाद्य सामाग्रीहरू ९लत्ताकपडा, भांडाकुडा० वितरण गर्ने
- महिला, बालबालिका, अपांगता भएका व्यक्ति तथा जेष्ठ नागरिकको लागि आवश्यक पर्ने खाद्य र गैर खाद्य सामाग्रीहरू वितरण गर्ने ।
- गैर सामाग्रीहरू वितरण गर्दा लैंगिक मैत्री, संस्कृति र उमेर अनुसारको सुहाउंदो वितरण गर्ने
- घुम्ति पशु स्वास्थ्य उपचार तथा पशुचारा ९ दानाको व्यवस्थापन गर्ने ।
- पशुपंछीका विभिन्न रोग तथा महामारी बर्डफ्यु र अन्य का विरुद्धका भ्याक्सिन लगाउने कार्यक्रमहरू कार्यान्वयन गर्ने ।
- विपद्को समयमा खाद्यान्न पहुँच सुनिश्चितताको लागि खाद्य भण्डारण र न्यायोचित वितरण प्रणालीको आधारमा वितरण गर्ने ।
- बाढी पश्चात् ७२ घण्टे लेखाजोखा गर्ने ।

*नोटः विस्तृत विवरणको लागि खाद्य सुरक्षा क्षेत्रको हेर्न अनुरोध।*

## ५. शीघ्र पुनर्लाभ

**नेतृत्व निकायः** उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

**सह नेतृत्वः** संयुक्त राष्ट्र संघीय बिकास कार्यक्रम, नेपाल

**सदस्यहरू :** उद्योग बाणिज्य संघ/चेम्वर अफ कमर्श/तयार परियोजना

### अनुमानित परिदृश्य

बाढी तथा पहिरोका कारण यस वर्षको मनसुनमा ११,५७० घरधुरी पूर्ण तथा आंशिक रूपमा क्षति भई ५४,९५५ जना जनसंख्या प्रभावित हुन सक्ने अनुमान गरिएको छ । विपद्का कारण खाद्यान्न र गैरखाद्य सामाग्रीहरू नष्ट हुने, गर्भवती, सुत्केरी महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि खाद्य समस्या सृजना भई बिरामी हुने र मृत्यु समेत हुन सक्ने अनुमान गरिएको छ ।

**लक्षित जनसंख्याः** ५४९५६

**आवश्यक स्रोतः** ९३,७१,७०,००० (प्रति घरधुरी प्रत्यक महिना आवश्यक खर्च बराबर रु.१३,५०० का दरले) ६ महिनाको प्रभावित घरधुरी ११५७० को लागि अनुमानित बजेट (minimum expenditure basket calculator) ।

## शीघ्र पुनर्लाभ विषयगत क्षेत्रको भूमिका र जिम्मेवारीहरू:

| पूर्वतयारीका क्रियाकलापहरू |
|---|
| • अनुदान तथा ऋण वितरण गर्न छलफल तथा संझौता गर्ने<br>• सीपमूलक तालिम संचालन गर्ने संस्थाहरू पहिचान र संझौता गर्ने<br>• कृषी, पशु तथा मानिसको विमा गर्ने कार्यमा प्रोत्साहन गर्ने र बीमा गर्ने संस्थासँग समन्वय गर्ने<br>• मौसम प्रतिरोधी बालीनाली लगाउन किसानलाई सहयोग गर्ने साथै यस्ता बालीको बिउ भण्डार बनाउन सहयोग गर्ने ।<br>• प्रकोप प्रभावित क्षेत्रहरूको जीविकोपार्जन प्रोफाइलिङ्ग र जीविकोपार्जन शैली ढाँचा नक्साङ्कन गर्ने । |
| **प्रतिकार्यका क्रियाकलापहरू** |
| • प्रभावित क्षेत्रमा श्रममा आधारित नगद कार्यक्रम स्थानीय पूर्वाधार निर्माण एवं जीविकोपार्जन सुधार कार्यक्रम संचालन गर्ने ।<br>• तत्कालिन पुनर्स्थापनाको लागि आवश्यक लेखाजोखा तथा विश्लेषण गरी विस्थापितहरूको बसोवास र तत्कालीन जीविकोपार्जन जस्ता प्रमुख क्षेत्रको विकासको कार्यलाई अघि बढाउने वातावरण तयार गर्ने ।<br>• तत्काल जीविकोपार्जनको लागि आवश्यक पर्ने सीपमूलक तालिमहरू, आवश्यक सामाग्रीहरू, विउ विजनहरू वितरण गर्ने ।<br>• प्रभावित घरपरिवारलाई मौसम प्रतिरोधी बाली-नाली लगाउन कृषि सामग्री सहयोग गर्ने ।<br>• गल्छी पहिरो नियन्त्रण, संरक्षण पोखरी, पहिरो रोकथाम, सिँचाई कुलो सुधार, खोला किनारा संरक्षण, पानी मुहान संरक्षण, भू-क्षय नियन्त्रण, बाटो मर्मत कार्यक्रमहरू कार्यान्वयन गर्ने ।<br>• बाढी एवं पहिरोबाट प्रभावित परिवारका पशुपंक्षीका लागि पशु स्वास्थ्य शिविर संचालन गर्ने र कृषि सम्बन्धि सेवा तथा सामग्री उपलब्ध गर्ने ।<br>• विपद् प्रभावितहरूको लागि अनुदान तथा ऋृण वितरण गर्न वित्तिय संस्थाहरूसँग समन्वय गर्ने<br>• विपद् प्रभावितहरूको लागि अस्थायी आवास निर्माण गर्न आवास क्लष्टरसँग समन्वय गरी आवश्यक समाग्रीहरू सहयोग गर्ने ।<br>• विपद् प्रभावितका लागि खानेपानी तथा सरसफाइ व्यवस्थापनको लागि सम्वन्धित क्लस्टर सँग समन्वय गर्ने ।<br>• शीघ्र पुनर्लाभका कार्यक्रमहरूमा स्थानीय सीप, श्रोतसाधन र स्थानीय-हरूको सहभागिता वृद्धि गर्ने ।<br>• वातावरण संरक्षण, वृक्षारोपण जस्ता कार्यक्रमहरू संचालन गर्ने ।<br>• संरक्षण विषयगत क्षेत्रसँग समन्वय गरी महिला, बालबालिका, जेष्ठ नागरिक र अपांगता भएका व्यक्तिहरूमाथि हुन सक्ने हिंसा, भेदभाव, वेचविखन, दुरूपयोग जस्ताकार्य रोक्न कार्य गर्ने ।<br>• विमा अनुसार विमा गरिएको रकम उपलब्ध गराउन सहयोग गर्ने ।<br>• विपद्बाट क्षति भएका आधारभूत सेवाहरूको पुनर्स्थापनाका लागि आवश्यक कार्यक्रमहरू संचालन गर्ने ।<br>• नगद कार्य समूह (Cash Working Group) सँग समन्वय तथा सहकार्य गर्ने ।<br>• शीघ्र पुनर्लाभ विषयगत समूहको बैठक संचालन गर्ने । |

## ६. संरक्षण

### नेतृत्व निकायः सामाजिक विकास मन्त्रालय

**सह नेतृत्वः** सेभ द चिल्ड्रेन, युनिसेफ

**सदस्यहरूः** प्लान नेपाल, आवाज सुर्खेत, नेपालप्रहरी, किर्डाक, बाल अधिकारका लागि साझा अभियान

### अनुमानित परिदृश्यः

बाढी तथा पहिरोका कारण कर्णाली प्रदेशमा यस वर्षको मनसुनमा ११५७० घरधुरी पूर्ण तथा आंशिक रूपमा क्षति भई ५४९५५ जना जनसंख्या प्रभावित हुन सक्ने अनुमान गरिएको छ। यसका साथै जना गर्भवती ७८६ जना र सुत्केरी महिला ७७९ जना, १८ वर्षमुनिका बालबालिका २०३३६ जना, ५ वर्षमुनिका बालबालिका ३२५३ जना, अपांगता भएका व्यक्ति १०१६ र जेष्ठ नागरिक ३३०५ जना प्रभावित हुने अनुमान गरिएको छ। यी संकटासन्न वर्गको लागि आवश्यक पर्ने सामाग्रीहरू पनि नष्ट भई जीवनयापनमा कठिनाई हुने अनुमान गरिएको छ। यसका साथै महिला, किशोरकिशोरी, बालबालिकाहरू, र जेष्ठ नागरिकहरू हिंसामा पर्ने, भेदभाव हुने, शोषण हुने जस्ता समस्याहरू आउन सक्ने पनि अनुमान गरिएको छ ।

### संरक्षणका बिषयगत क्षेत्रको भूमिका तथा जिम्मेवारीः

| पूर्वतयारीका क्रियाकलापहरू |
|---|
| • जोखिममा रहेका एवं पीडितलाई सिफारिस संयन्त्रमार्फत सेवा दिन, प्रदेशका सबै ७९ वटै पालिकाको संरक्षण सेवा र सेवा प्रदायकको नक्शाकंन गर्ने ।<br>• संरक्षणका सवालहरू र संरक्षण सम्बन्धी घटनाहरू नियमित रूपमा रिपोर्ट पेश गर्नका लागि प्रणाली स्थापना गर्ने ।<br>• नियमित रूपमा विपझ्मा हुन सक्ने हिंसा, दुर्व्यवहार तथा शोषण जस्ता घटनाहरूको रेर्कड अनलाईन र अफलाईनमा राख्नका लागि स्वयंसेवक परिचालन गर्ने ।<br>• सम्भावित जोखिमहरूलाई मध्यनजर राख्दै उद्धार गरिनु पर्ने महिला, बालबालिका, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक राख्नको लागि सेल्टर तथा सेवा केन्द्रहरू संरक्षणको दृष्टिकोणबाट अनुगमन तथा स्लला दिने ।<br>• स्थानीय तहमा र प्रदेश तहमा मनोसामाजिक परामर्शदाताहरूको सूची तयार गर्ने ।<br>• जोखिममा रहेका समुदायलाई संरक्षण सामग्रीको (NFI– Dignity kit, Recreational Kit, disability friendly kit, Kishori Kit & FI) आंकलन गरी भण्डारण गर्ने । |

- विभिन्न संरक्षण विषयगत क्षेत्रका सम्बद्ध सरोकारवालासँग नियमित समन्वय तथा सहकार्य गर्ने।
- रेडियो, टि.भि.मार्फत सन्देशमूलक सूचना प्रसारणका लागि आवश्यक तयारी गर्ने ।
- मानवीय सेवामा कार्यरत संघसंस्थाहरूलाई आधारभूत मानवीय मापदण्ड, संरक्षण सम्बन्धी तालिमको आयोजना गर्ने ।
- लैंगिक हिंसा नियन्त्रण, संजाललाई तयारी अवस्थामा रहन छलफल गर्ने ।
- आवास क्लष्टरसँग समन्वय गरी महिला, अपांगता भएका व्यक्ति, बालबालिकाका लागि अस्थायी आश्रयस्थलका सामाग्रीहरू व्यवस्थापन भए नभएको सुनिश्चित गर्ने
- बाढी तथा पहिरोबाट प्रभावितहरूको संरक्षणका लागि एक उद्धार संकट व्यवस्थापन केन्द्रसँग आवश्यक समन्वय र सहकार्य गर्ने ।

**प्रतिकार्यका क्रियाकलापहरू**

- मनसुनबाट प्रभावित बालबालिकालाई आपतकालीन प्रतिकार्य सहित बालसंरक्षणका सेवाहरू प्रदान गर्ने ।
- मनसुनबाट प्रभावित महिला तथा पछाडि पारिएका समुदायलाई पूर्ण राहात प्याकेज उपलब्ध गराउने।
- जोखिममा रहेका समुदायलाई लैगिंक हिंसा, बाल सुरक्षा तथा मानसिक स्वास्थ्य जस्ता महत्वपूर्ण आवश्यक संरक्षणको बारेमा सचेत गर्ने तथा सेवादिने र प्रारारम्भिक प्रतिकार्यका लागि हेल्पलाइन तथा सेल्टर बिस्तार गर्ने ।
- महिला, बालबालिका, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिकलाई हुन सक्ने हिंसा, दुर्व्यवहार रोक्न प्रहरीको सहयोगमा लैंगिक हिंसा नियन्त्रण, संजाल परिचालन गर्ने र गराउने ।
- संरचनाहरू निर्माण गर्दा बालमैत्री, किशोरीमैत्री, अपांगमैत्री र महिलामैत्री निर्माण गर्न आवश्यक अनुगमन र सल्लाह दिने ।
- महिला (गर्भवती, सुत्केरी आमा), बालबालिका, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिकलाई आवश्यक पर्ने खाद्य तथा गैरखाद्य सामाग्रीको वितरण गर्ने गराउने (गैरखाद्य बैशाखी, ह्विलचेयर, इयर फोन, लठ्ठी)।
- जोखिममा रहेका समुदायलाई संरक्षण सामग्रीको नियमित आपूर्तिको प्रबन्ध गर्ने ।
- रेडियो, टिभीमाफर्त सन्देशमूलक सूचना प्रसारण गर्ने ।
- संरक्षण विषयगत क्षेत्रसँग सम्बन्धित स्थानीय तहका संयन्त्रहरूलाई क्रियाशिल बनाई तत्काल उद्धारका निम्ती क्रियाशिल बनाउने ।
- लैङ्गिक हिंसा प्रभावितहरूलाई तत्काल आवश्यकता अनुसार OCMC/Safe House/Legal Assistant सेवा प्रदान गर्ने ।
- विकास तथा मानवीय क्षेत्रका संरक्षणमा मुल्याकंन एव अनुगमन गरी उचित परामर्श दिनका लागि मनोसामाजिक परार्मशदाताहरूलाई परिचालन गर्ने ।

***नोटः*** *विस्तृत विवरणको लागि संरक्षणक्षेत्रको* **contingency Plan** *हेर्न अनुरोध छ।*

## ७. स्वास्थ्य र पोषण

**नेतृत्व निकायः** स्वास्थ्य सेवा निर्देशनालय, सुर्खेत (सामाजिक विकास मन्त्रालय)

### विश्व स्वास्थ्य संगठन, युनिसेफ

**सदस्यहरूः** USAID/System Strengthening for Better Health (SSBH)/ Hellen Keller International (HKI)- USAID/ SUAAHARA/ Save the Children/World Food Program (WFP)/INF International/Nick Simon Institute (NSI)/United Nations Development Program (UNDP)/AIDS Health Care Foundation (AHF)/SNV Nepal (स्वच्छता)/Plan International in Nepal/TPO Nepal/CMC Nepal/Nepal Red Cross Society/ASCEND/ Water Aid Nepal/ PHASE Nepal/Handicapped International/NHSSP

### अनुमानित परिदृश्यः

बाढी तथा पहिरोका कारण कर्णाली प्रदेशमा यस वर्षको मनसुनमा ११५७० घरधुरी पूर्ण तथा आंशिक रूपमा क्षति भई ५४९५५ जना जनसंख्या प्रभावित हुन सक्ने अनुमान गरिएको छ । यसका साथै गर्भवती ७८६ जना र सुत्केरी महिला ७७९ जना, १८ वर्षमुनिका बालबालिका २०३३६ जना, ५ वर्षमुनिका बालबालिका ३२५३ जना, अपांगता भएका व्यक्ति १०१६ र जेष्ठ नागरिक ३३०५ जना प्रभावित हुने अनुमान गरिएको छ । यी संकटासन्न वर्गको लागि आवश्यक पर्ने सामाग्रीहरू पनि नष्ट भई जीवनयापनमा कठिनाई हुने अनुमान गरिएको छ । यसका साथै महिला, किशोरकिशोरी, बालबालिकाहरू, र जेष्ठ नागरिकहरू हिंसामा पर्ने, भेदभाव हुने, शोषण हुने जस्ता समस्याहरू आउन सक्ने पनि अनुमान गरिएको छ ।

### भूमिका तथा जिम्मेवारी

| पूर्वतयारीका क्रियाकलापहरू |
|---|
| • औषधी र पोषणका सामाग्रीहरू भण्डारण गर्ने र गर्न लगाउने ।<br>• आपतकालीन अवस्थामा शिविर संचालनका लागि चाहिने उपकरणहरू, साधनहरू, मेडिकेटेड गर्ने।<br>• झुलहरू भण्डारण गर्ने र गर्न लगाउने । |
| **प्रतिकार्यका क्रियाकलापहरू** |
| • प्रादेशिक स्वास्थ्य द्रुत प्रतिकार्य टोलीको बैठक बसी जिल्ला तथा स्थानीय तहको द्रुत प्रतिकार्य टोली (RRT) सँग समन्वय गर्ने ।<br>• स्वास्थ्य तथा पोषण लगायत अन्य क्लस्टरहरूलाई परिचालन गर्ने ।<br>• प्रकोप भएका स्थानमा स्थानीय तहका द्रुत प्रतिकार्य टोली (RRT) परिचालन गरी घटनाको विवरण संकलन गर्ने ।<br>• अत्यावश्यक स्वास्थ्य प्रतिकार्य सेवाहरू प्रदान गर्ने व्यवस्था मिलाउने । |

- प्राप्त तथ्याङ्कहरूको विश्लेषण गरी आवश्यकताको पहिचान तथा प्राथमिकता निर्धारण गर्ने ।
- स्वास्थ्य तथा पोषण क्लस्टरको नियमित बैठक बसी आवश्यक निर्णयहरू गर्ने ।
- प्रादेशिक स्वास्थ्य द्रुत प्रतिकार्य टोली (RRT) को बैठक बसी जिल्ला तथा स्थानीय तहको द्रुत प्रतिकार्य टोली (RRT) सँग समन्वय गर्ने ।
- सम्भावित महामारीलाई मध्यनजर राखी सचेतनामूलक सन्देश प्रकाशन, प्रसारण गर्ने ।
- नियमित स्वास्थ्य सेवा प्रवाहमा केही समस्या छ-छैन भनी तत्काल सर्भेक्षण ( Multi Cluster/Sector Initial Rapid Assessment) गर्ने ।
- उद्धार, राहत वितरण, आकस्मिक औषधि तथा सफा र सुरक्षित खानेपानीको व्यवस्था, खाद्यान्न व्यवस्था गर्ने, प्रभावितहरूको विवरण संकलन ।
- जोखिम समूह (कोभिड—१९ कासंक्रमित), दीर्घरोगी, गर्भवती, सुत्केरी, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बालबालिका आदि)लाई ध्यानमा राखी उचित व्यवस्थापन गर्ने ।
- स्वास्थ्य तथा पोषण क्लस्टरको नियमित बैठक र अन्य क्लस्टरसँगको समन्वय र सहकार्यलाई निरन्तरता दिने ।
- उद्धार, राहत वितरण, आकस्मिक औषधि (Life Savinig drugs) तथा सफा र सुरक्षित खानेपानीको व्यवस्था, खाद्यान्न र उनीहरूलाई उचित स्थानमा अस्थायी बसोबासको व्यवस्थापन गर्ने ।
- प्रभावितहरूको विस्तृत विवरण लिने फारमको व्यवस्थापन गर्ने ।
- पीडितहरूलाई तत्काल उद्धार गरी प्राथमिक उपचार साथै आवश्यकताका आधारमा सम्बन्धित निकायमा प्रेषण गर्नका लागि सहयोग तथा सहजीकरण गर्ने ।
- नवशिशु, ५ वर्षमुनिका बालबालिका, गर्भवती, सुत्केरी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति दीर्घरोगीहरूको पहिचान गरी यथाशीघ्र व्यवस्थापनका लागि समन्वय तथा सहजीकरण गर्ने ।
- ५ वर्षमुनिका बालबालिका तथा गर्भवती महिलाहरूलाई उचित पोषणको प्रबन्ध, नियमित स्वास्थ्य सेवा (खोप, पूर्वप्रसूति तथा उत्तरप्रसूति सेवा, परिवार नियोजन, सुरक्षित खानेपानी र सरसफाई, महिनावारी सरसफाई, व्यवस्था आदिको निरन्तरता दिने ।
- प्रभावित स्थानमा मध्यम तथा शीघ्र पोषण अवस्थाको मूल्याङ्कन तथा व्यवस्थाप नगर्ने ।
- दीर्घरोगी तथा ज्येष्ठ नागरिकहरूको सुरक्षाको लागि उचित व्यवस्थापन गर्ने ।
- प्रतिकार्य समीक्षा गर्ने र सम्बन्धित निकायहरूमा जानकारी गराउने ।
- प्रतिकार्यका क्रियाकलापहरूको संक्षिप्त प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पठाउने ।
- विपद् प्रभावित क्षेत्रहरूमा मेडिकेटेड झुल वितरण गर्ने ।
- रणनैतिक स्थानहरूमा चिकित्सक सहित स्वास्थ्यकर्मीहरूको टोली परिचालन गर्ने र आवश्यक भएमा स्वास्थ्य शिविर सञ्चालन गर्ने ।
- मनसुन प्रतिक्रिया योजनामा एकीकृत भेक्टर नियन्त्रण कार्यहरू सुनिश्चित गर्ने ।
- कोलेरा किट, **LLIN** र पानी शुद्धीकरण ट्याब्लेटहरू, र खोप / खोप सम्बन्धि वस्तुहरू र बाढी प्रतिक्रियाको लागि आवश्यक औषधि र चिकित्सकहरूको व्यवस्था गर्ने ।

## स्वास्थ्य र पोषण विषयगत क्षेत्रको मनसुन पूर्वतयारी र प्रतिकार्य योजना

| गतिविधि | जिम्मेवार निकाय | सहयोगी निकाय | समायावधी | कैफियत |
|---|---|---|---|---|
| **मनसुन पूर्वतयारी क्रियाकलापहरू** | | | | |
| औषधी र पोषणका सामाग्रीहरू भण्डारण गर्ने र गर्न लगाउने । | स्वास्थ्य सेवा निर्देशनालय/सामाजिक विकास मन्त्रालय | स्वास्थ्य तथा पोषण क्षेत्रका विकास साझेदारहरू | निरन्तर | |
| आपतकालीन अवस्थामा शिविर संचालनका लागि चाहिने उपकरणहरू, साधनहरू, मेडिकेटेड झुलहरू भण्डारण गर्ने र गर्न लगाउने । | स्वास्थ्य सेवा निर्देशनालय र सामाजिक विकास मन्त्रालय | स्वास्थ्य तथा पोषण क्षेत्रका विकास साझेदारहरू | निरन्तर | |
| तालिम दिने र तयारी अवस्थामा राख्न लगाउने । | स्वास्थ्य सेवा निर्देशनालय र सामाजिक विकास मन्त्रालय | स्वास्थ्य तथा पोषण क्षेत्रका विकास साझेदारहरू | निरन्तर | |
| हामारी रोकथामका सचेतनामूलक सामाग्रीहरू छपाई गरी राख्ने र राख्न लगाउने । | स्वास्थ्य सेवा निर्देशनालय र सामाजिक विकास मन्त्रालय | स्वास्थ्य तथा पोषण क्षेत्रका विकास साझेदारहरू | निरन्तर | |
| सिकाईहरूलाई मध्यनजर गरी पूर्वतयारीका क्रियाकलापहरू पहिचान गरी आगामी योजनामा समेट्ने । | स्वास्थ्य सेवा निर्देशनालय र सामाजिक विकास मन्त्रालय | स्वास्थ्य तथा पोषण क्षेत्रका विकास साझेदारहरू | निरन्तर | |
| प्रभावितहरूको विस्तृत विवरण लिने फारमको व्यवस्थापन गर्ने। | स्वास्थ्य सेवा निर्देशनालय र सामाजिक विकास मन्त्रालय | स्वास्थ्य तथा पोषण क्षेत्रका विकास साझेदारहरू | निरन्तर | |
| मनसुनको आपतकालीन अवस्थामा परिचालन हुने टोली पहिचान गर्ने। | स्वास्थ्य सेवा निर्देशनालय र सामाजिक विकास मन्त्रालय | स्वास्थ्य तथा पोषण क्षेत्रका विकास साझेदारहरू | निरन्तर | |
| स्वास्थ्य र पोषण विषयगत क्षेत्रको आपतकालीन योजना निर्माण गर्ने । | स्वास्थ्य सेवा निर्देशनालय र सामाजिक विकास मन्त्रालय | स्वास्थ्य तथा पोषण क्षेत्रका विकास साझेदारहरू | निरन्तर | |

| गतिविधि | जिम्मेवार निकाय | सहयोगी निकाय | समायावधी | कैफियत |
|---|---|---|---|---|
| स्थानीय, जिल्ला र प्रदेश तहमा एम्बुलेन्सको व्यवस्थापन गर्ने र सवारी चालकहरू तयारी अवस्थामा राख्ने र राख्न लगाउने। | स्वास्थ्य सेवा निर्देशनालय र सामाजिक विकास मन्त्रालय | स्वास्थ्य तथा पोषण क्षेत्रका विकास साझेदारहरू | निरन्तर | |
| स्थानीय, जिल्ला र प्रदेश स्तरमा भएका मनोसामाजिक परामर्शदाता-हरूको सूची संकलन गर्ने | स्वास्थ्य सेवा निर्देशनालय र सामाजिक विकास मन्त्रालय | स्वास्थ्य तथा पोषण क्षेत्रका विकास साझेदारहरू | निरन्तर | |
| गर्भवती, सुत्केरी महिला, जेष्ठ नागरिक, बालबालिकाहरूको पौष्टिक तत्वहरूको भण्डारण भए-नभएको खाद्य सुरक्षा क्लष्टरसँग समन्वय गरी सुनिश्चित गर्ने। | स्वास्थ्य सेवा निर्देशनालय र सामाजिक विकास मन्त्रालय | स्वास्थ्य तथा पोषण क्षेत्रका विकास साझेदारहरू | निरन्तर | |
| आधारभूत पानी, सरसफाइ, स्वच्छ स्वास्थ्य सेवाहरू (वाश क्लस्टर सहित), विपद्जन्य फोहोरको सुरक्षित विसर्जन र एकीकृत भेक्टर नियन्त्रणको माध्यमबाट सरुवा रोगको प्रकोप रोकथाम गर्ने । | स्वास्थ्य सेवा निर्देशनालय र सामाजिक विकास मन्त्रालय | स्वास्थ्य तथा पोषण क्षेत्रका विकास साझेदारहरू | निरन्तर | |
| **मनसुन प्रतिकार्यका क्रियाकलापहरू** | | | | |
| प्रादेशिक स्वास्थ्य द्रुत प्रतिकार्य टोली (RRT) को बैठक बसी जिल्ला तथा स्थानीय तहको द्रुत प्रतिकार्य टोली (RRT) सँग समन्वय गर्ने । | स्वास्थ्य सेवा निर्देशनालय र सामाजिक विकास मन्त्रालय | स्वास्थ्य तथा पोषण क्षेत्रका विकास साझेदारहरू | प्रकोप भएको २४ घण्टा भित्र | |
| स्वास्थ्य तथा पोषण लगायत अन्य क्लस्टरहरूलाई परिचालन गर्ने । | स्वास्थ्य सेवा निर्देशनालय र सामाजिक विकास मन्त्रालय | स्वास्थ्य तथा पोषण क्षेत्रका विकास साझेदारहरू | प्रकोप भएको २४ घण्टाभित्र | |
| प्रकोप भएका स्थानमा स्थानीय तहका द्रुत प्रतिकार्य टोली (RRT) परिचालन गरी घटनाको विवरण संकलन गर्ने । | | | | |
| अत्यावश्यक स्वास्थ्य प्रतिकार्य सेवाहरू प्रदान गर्ने व्यवस्था मिलाउने। | स्वास्थ्य सेवा निर्देशनालय र सामाजिक विकास मन्त्रालय | स्वास्थ्य तथा पोषण क्षेत्रका विकास साझेदारहरू | प्रकोप भएको २४ घण्टा भित्र | |
| प्राप्त तथ्याङ्कहरूको विश्लेषण गरी आवश्यकताको पहिचान तथा प्राथमिकता निर्धारण गर्ने । | स्वास्थ्य सेवा निर्देशनालय र सामाजिक विकास मन्त्रालय | स्वास्थ्य तथा पोषण क्षेत्रका विकास साझेदारहरू | घट्ना भएको १ हप्ता भित्र | |

| गतिविधि | जिम्मेवार निकाय | सहयोगी निकाय | समायावधी | कैफियत |
|---|---|---|---|---|
| स्वास्थ्य तथा पोषण क्लस्टरको नियमित बैठक बसी आवश्यक निर्णयहरू गर्ने । | स्वास्थ्य सेवा निर्देशनालय र सामाजिक विकास मन्त्रालय | स्वास्थ्य तथा पोषण क्षेत्रका विकास साझेदारहरू | घट्ना भएको १ हप्ता भित्र | |
| प्रादेशिक स्वास्थ्य द्रुत प्रतिकार्य टोली (RRT) को बैठक बसी जिल्ला तथा स्थानीय तहको द्रुत प्रतिकार्य टोली (RRT) सँग समन्वय गर्ने । | स्वास्थ्य सेवा निर्देशनालय र सामाजिक विकास मन्त्रालय | स्वास्थ्य तथा पोषण क्षेत्रका विकास साझेदारहरू | घट्ना भएको १ हप्ता भित्र | |
| सम्भावित महामारीलाई मध्यनजर राखी सचेतनामूलक सन्देश प्रकाशन, प्रसारण गर्ने । | स्वास्थ्य सेवा निर्देशनालय र सामाजिक विकास मन्त्रालय | स्वास्थ्य तथा पोषण क्षेत्रका विकास साझेदारहरू | घट्ना भएको १ हप्ता भित्र | |
| नियमित स्वास्थ्य सेवा प्रवाहमा केही समस्या छ/छैन भनी तत्काल सर्भेक्षण (Multi Cluster/Sector Initial Rapid Assessment)गर्ने। | स्वास्थ्य सेवा निर्देशनालय र सामाजिक विकास मन्त्रालय | स्वास्थ्य तथा पोषण क्षेत्रका विकास साझेदारहरू | घट्ना भएको १ हप्ता भित्र | |
| उद्धार, राहत वितरण, आकस्मिक औषधि तथा सफा र सुरक्षित खानेपानीको व्यवस्था, खाद्यान्न व्यवस्था गर्ने, प्रभावितहरूको विवरण संकलन । | स्वास्थ्य सेवा निर्देशनालय र सामाजिक विकास मन्त्रालय | स्वास्थ्य तथा पोषण क्षेत्रका विकास साझेदारहरू | घट्ना भएको १ हप्ता देखि १ महिना भित्र | |
| जोखिम समूह(कोभिड-१९का संक्रमित, दीर्घरोगी,गर्भवती,सुत्केरी, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बालबालिका आदि)लाई ध्यानमा राखी उचित व्यवस्थापन गर्ने। | स्वास्थ्य सेवा निर्देशनालय र सामाजिक विकास मन्त्रालय | स्वास्थ्य तथा पोषण क्षेत्रका विकास साझेदारहरू | घट्ना भएको १ हप्तादेखि १ महिनाभित्र | |
| स्वास्थ्य तथा पोषण क्लस्टरको नियमित बैठक र अन्य क्लस्टरसँगको समन्वय र सहकार्यलाई निरन्तरता दिने। | स्वास्थ्य सेवा निर्देशनालय र सामाजिक विकास मन्त्रालय | स्वास्थ्य तथा पोषण क्षेत्रका विकास साझेदारहरू | घट्ना भएको १ हप्तादेखि १ महिनाभित्र | |
| उद्धार, राहत वितरण, आकस्मिक औषधि (Life Saving Drugs) तथा सफा र सुरक्षित खानेपानीको व्यवस्था, खाद्यान्न र उनीहरूलाई उचित स्थानमा अस्थायी बसोबासको व्यवस्थापन गर्ने । | स्वास्थ्य सेवा निर्देशनालय र सामाजिक विकास मन्त्रालय | स्वास्थ्य तथा पोषण क्षेत्रका विकास साझेदारहरू | १ महिना देखि ३ महिना | |
| प्रभावितहरूको विस्तृत विवरण लिने फारमको व्यवस्थापन गर्ने। | स्वास्थ्य सेवा निर्देशनालय र सामाजिक विकास मन्त्रालय | स्वास्थ्य तथा पोषण क्षेत्रका विकास साझेदारहरू | १ महिना देखि ३ महिना | |

| गतिविधि | जिम्मेवार निकाय | सहयोगी निकाय | समायावधी | कैफियत |
|---|---|---|---|---|
| पीडितहरूलाई तत्काल उद्धार गरी प्राथमिक उपचार साथै आवश्यकताका आधारमा सम्बन्धित निकायमा प्रेषण गर्नका लागि सहयोग/सहजीकरण गर्ने। | स्वास्थ्य सेवा निर्देशनालय र सामाजिक विकास मन्त्रालय | स्वास्थ्य तथा पोषण क्षेत्रका विकास साझेदारहरू | १ महिना देखि ३ महिना | |
| नवशिशु, ५ वर्षमुनिका बालबालिका, गर्भवती, सुत्केरी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति दीर्घरोगीहरूको पहिचान गरी यथाशीघ्र व्यवस्थापनका लागि समन्वय तथा सहजीकरण गर्ने। | स्वास्थ्य सेवा निर्देशनालय र सामाजिक विकास मन्त्रालय | स्वास्थ्य तथा पोषण क्षेत्रका विकास साझेदारहरू | १ महिना देखि ३ महिना | |
| प्रभावित स्थानमा मध्यम तथा शीघ्र पोषण अवस्थाको मूल्याङ्कन तथा व्यवस्थापन गर्ने । | स्वास्थ्य सेवा निर्देशनालय र सामाजिक विकास मन्त्रालय | स्वास्थ्य तथा पोषण क्षेत्रका विकास साझेदारहरू | १ महिना देखि ३ महिना | |
| दीर्घरोगी तथा ज्येष्ठ नागरिकहरूको सुरक्षाको लागि उचित व्यवस्थापन गर्ने । | स्वास्थ्य सेवा निर्देशनालय र सामाजिक विकास मन्त्रालय | स्वास्थ्य तथा पोषण क्षेत्रका विकास साझेदारहरू | १ महिना देखि ३ महिना | |
| प्रतिकार्य समीक्षा गर्ने र सम्बन्धित निकायहरूमा जानकारी गराउने । | स्वास्थ्य सेवा निर्देशनालय र सामाजिक विकास मन्त्रालय | स्वास्थ्य तथा पोषण क्षेत्रका विकास साझेदारहरू | १ महिना देखि ३ महिना | |
| प्रतिकार्यका क्रियाकलापहरूको संक्षिप्त प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पठाउने । | स्वास्थ्य सेवा निर्देशनालय र सामाजिक विकास मन्त्रालय | स्वास्थ्य तथा पोषण क्षेत्रका विकास साझेदारहरू | १ महिना देखि ३ महिना | |
| विपद् प्रभावित क्षेत्रहरूमा मेडिकेटेड झुल वितरण गर्ने । | स्वास्थ्य सेवा निर्देशनालय र सामाजिक विकास मन्त्रालय | स्वास्थ्य तथा पोषण क्षेत्रका विकास साझेदारहरू | तुरुन्तै | |
| रणनैतिक स्थानहरूमा चिकित्सक सहित स्वास्थ्यकर्मीहरूको टोली परिचालन गर्ने र आवश्यक भएमा स्वास्थ्य शिविर सञ्चालन गर्ने । | स्वास्थ्य सेवा निर्देशनालय र सामाजिक विकास मन्त्रालय | स्वास्थ्य तथा पोषण क्षेत्रका विकास साझेदारहरू | १ हप्ता पछि | |
| मनसुन प्रतिक्रिया योजनामा एकीकृत भेक्टर नियन्त्रण कार्यहरू सुनिश्चित गर्ने। | स्वास्थ्य सेवा निर्देशनालय र सामाजिक विकास मन्त्रालय | स्वास्थ्य तथा पोषण क्षेत्रका विकास साझेदारहरू | निरन्तर | |

| गतिविधि | जिम्मेवार निकाय | सहयोगी निकाय | समायावधी | कैफियत |
|---|---|---|---|---|
| कोलेरा किट,LLIN र पानी शुद्धीकरण ट्याब्लेटहरू र खोप र खोप सम्बन्धि वस्तुहरू र बाढी प्रतिक्रियाको लागि आवश्यक औषधि र चिकित्सकहरूको व्यवस्था गर्ने । | स्वास्थ्य सेवा निर्देशनालय र सामाजिक विकास मन्त्रालय | स्वास्थ्य तथा पोषण क्षेत्रका विकास साझेदारहरू | तुरुन्तै | |
| ५ वर्षमुनिका बालबालिका तथा गर्भवती महिलाहरूलाई उचित पोषणको प्रबन्ध, नियमित स्वास्थ्य सेवा (खोप, पूर्वप्रसूति तथा उत्तरप्रसूति सेवा, परिवार नियोजन, सुरक्षित खानेपानी र सरसफाई, महिनावारी सर-सफाई, व्यवस्था आदिको निरन्तरता दिने । | स्वास्थ्य सेवा निर्देशनालय र सामाजिक विकास मन्त्रालय | स्वास्थ्य तथा पोषण क्षेत्रका विकास साझेदारहरू | १ हप्ता पछि | |
| खाद्यन्न अभाव, विपद् तथा महामारीका कारण हुन सक्ने स्वास्थ्य पोषणको समस्यालाई व्यवस्थापन गर्नका लागि आवश्यक सामाग्रीको मौज्दात र बितरण (Paracetamol, ORS, RUTF, Fortified Flour, MUAC Tape, MNP, weighing machine, Vitamin-A, Iron Folic acid, height board, F-75, F-100, ReSomal) | स्वास्थ्य सेवा निर्देशनालय र सामाजिक विकास मन्त्रालय | स्वास्थ्य तथा पोषण क्षेत्रका विकास साझेदारहरू | निरन्तर१ हप्ता पछि | |

माथि उल्लेखित कार्यहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्नका निमित्त विभिन्न सरकारी, गैरसरकारी तथा अन्य स्वास्थ्य सेवा प्रदायक संस्थाहरूसँग समन्वय र सहकार्य गरिएको सुनिश्चित गरिनेछ।

***नोटः*** *स्वास्थ्य तथा पोषण क्षेत्रसँग सम्बन्धित पूर्वतयारी तथा प्रतिकार्य योजनाको थप जानकारीका लागि सो क्षेत्रको विस्तृत योजना हेर्न सकिनेछ ।*

## ८. शिक्षा

### नेतृत्व गर्ने निकायः सामाजिक विकास मन्त्रालय

**सह नेतृत्वः** युनिसेफ,सेभ द चिल्ड्रेन,

**सदस्यहरूः** प्लान नेपाल, भिएसओ

## अनुमानित परिदृश्यः

बाढी तथा पहिरोका कारण कर्णाली प्रदेशमा यस वर्षको मनसुनमा ११५७० घरधुरी पूर्ण तथा आंशिक रूपमा क्षति भई ५४९५५ जना जनसंख्या प्रभावित हुन सक्ने अनुमान गरिएको छ । यसका साथै जना गर्भवती ७८६ जना र सुत्केरी महिला ७७९ जना, १८ वर्षमुनिका बालबालिका २०३३६ जना, ५ वर्षमुनिका बालबालिका ३२५३ जना, अपांगता भएका व्यक्ति १०१६ र जेष्ठ नागरिक ३३०५ जना प्रभावित हुने अनुमान गरिएको छ । यी संकटासन्न वर्गको लागि आवश्यक पर्ने सामाग्रीहरू पनि नष्ट भई जीवनयापनमा कठिनाई हुने अनुमान गरिएको छ। यसकास साथै महिला, किशोरकिशोरी, बालबालिकाहरू, र जेष्ठ नागरिकहरू हिंसामा पर्ने, भेदभाव हुने, शोषण हुने जस्ता समस्याहरू आउन सक्ने पनि अनुमान गरिएको छ । बाढी र पहिरोको कारणले पढाइमा अवरोध हुन सक्ने अनुमान गरिएको छ । विगत वर्षको क्षतिलाई आधार मानेर यस वर्षको मनसुनमा १०० देखि १५० विद्यालय भवन र ३५० देखि ४५० कक्षाकोठा भत्किन सक्ने र १२००० देखि १५००० जना विद्यार्थी प्रभावित हुन सक्ने अनुमान गरिएको छ ।

## भूमिका तथा जिम्मेवारी

| पूर्व तयारीका क्रियाकलापहरू |
|---|
| • विद्यालय स्तरमा समुदाय, विद्यालय व्यवस्थापन समिति वि. ब्य. स. अभिभावक, शिक्षक, विद्यार्थीको समेतको सहभागितामा मनसुन पूर्वतयारी गर्न नियमित बैठक, छलफल तथा अन्तरक्रिया गर्ने<br>• उपलब्ध Student Kit, School Kit, ECD Kit, Recreational Kit जस्ता सामाग्रीको परिमाण अध्यावधिक गर्ने<br>• शिक्षा सन्जाल समूह (Education Cluster) का सदस्य संस्थाहरूसँग उपलब्ध शैक्षिक सामाग्रीहरू, सामग्री भण्डारण गरेको स्थान र जनशक्तिको अभिलेख अध्यावधिक राख्ने ।<br>• विपद् जोखिम न्यूनीकरण/अल्पीकरण योजनामा शिक्षकको क्षमता अभिवृद्धिलाई विद्यालय सुरक्षा योजनाको एउटा पाटोको रूपमा विद्यालय सुधार योजनामा समावेश गर्ने<br>• शिक्षकहरूलाई खोज तथा उद्धार कार्यमा खटाउँदा र विद्यालयलाई आश्रयस्थलको रूपमा प्रयोग गर्दा त्यसबाट शिक्षामा पर्ने प्रभाव बारे शिक्षकहरूलाई Learning Materials का माध्यमबाट सचेतना/अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।<br>• विद्यालय पहुँचका लागि सुरक्षित वैकिल्पक बाटोहरूको पहिचान गर्ने गराउने<br>• आपत्कालीन अवस्थाको शिक्षाका शैक्षिक सामग्रीहरूको वितरण र व्यवस्थापन सम्बन्धमा मार्फत अभिमुखीकरण गर्ने ।<br>• क्षतिको विवरण संकलन गर्नका लागि र सही सूचना सम्प्रेषण गर्नका लागि सूचनाहरूको मस्यौदा तथा सूचना फारमहरू भर्ने सीप विकासको लागि शिक्षक DRR focal Person हरूलाई विद्युतीय सन्चार माध्यमबाट अभिमुखीकरण गर्ने । |

| |
|---|
| • अस्थायी सिकाइ केन्द्र⁄कक्षाकोठा निमार्णका लागि प्राथमिक र वैकिल्पक स्थानको पहिचान तथा छनोट गर्ने गराउने<br>• अस्थायी सिकाइ केन्द्र⁄कक्षाकोठा निर्माण, शौचालय र खानेपानीको लागि आवश्यक पर्ने भौतिक सामाग्रीहरू भण्डारण भए नभएको सुनिश्चित गर्ने गराउने<br>• प्रत्येक विद्यालयमा प्राथमिक उपचारका सामाग्री राख्न सहजीकरण गर्ने र सुनिश्चित गर्ने<br>• आपतकालीन अवस्थामा सम्पकको लागि बालबालिकाको अभिभावकको सम्पक नम्बर प्रत्येक विद्यालयमा अधावधिक गर्ने गराउने । |
| **प्रतिकार्यका क्रियाकलापहरू** |
| • आंशिक भत्केका विद्यालय भवन मर्मत सहयोग<br>• अस्थायी सिकाई केन्द्र २२५ वटा निर्माण गरेर कक्षा संचालन गर्ने गराउन ६० जना १ अस्थायी सिकाई केन्द्र, अस्थायी सिकाई केन्द्र किशोरीमैत्री, बालमैत्री र अपांगमैत्री निर्माण गर्ने ।<br>• Back to school campaign संचालन गर्ने र भयरहित वातावरणमा कक्षा संचालन गर्ने<br>• अस्थायी सिकाई केन्द्रमा स्वच्छ खानेपानीको व्यवस्था गर्ने<br>• बालिका सुलभ शौचालय निर्माण सहयोग गर्ने गराउने<br>• सेनेटरी प्याड वितरण गर्ने सहयोग गर्ने<br>• विद्यालय आवतजावत गर्ने बाटो मर्मत गर्ने<br>• शैक्षिक सामग्री तथा पाठ्यपुस्तक सहयोग गर्ने<br>• विद्यालय स्तरमा बालबालिकालाई मनोसामाजिक परामर्शको कार्यक्रम संचालन गर्ने<br>• बिपदबाट भएका क्षतिको अद्यावधिक गर्ने<br>• बिद्यालय पहुँचका लागि सुरक्षित बैकल्पिक बाटोहरूको पहिचान गर्ने<br>• समुदाय, विधार्थी, ,शिक्षक अभिभावक संघलाई विधालय सुरक्षा योजना, बाढीले थुपारेको फोहोरको सरसफाई, अस्थायी सिकाई कक्षा निर्माण तथा संचालन र मर्मत सम्भारसम्बन्धी उनीहरूको भूमिका तथा जिम्मेवारी सम्बन्धी सन्देशमूलक सामाग्री तयार गरी प्रसारण गर्ने ।<br>• विद्यालयलाई आपतकालीन आश्रय स्थलको रूपमा प्रयोग नगरी अन्य बैकल्पिक स्थानहरूमा संचालन गर्ने व्यवस्था मिलाउने ।<br>• अस्थायी सिकाई केन्द्रमा प्राथमिक उपचारका सामाग्रीहरूको व्यवस्थापन गर्ने र आवश्यकता अनुसार परिचालन गर्ने । |

**नोटः** विस्तृत विवरणको लागि शिक्षा क्षेत्रको Contingency Plan हेर्न अनुरोध । स्थानीय तहले आफ्नो योजना र जिम्मेवारी अनुसार समन्वयात्मक ढंगबाट काम गर्न सक्नेछ ।

# ९. सुरक्षित आश्रयस्थल तथा शिविर समन्वय तथा शिविर व्यवस्थापन

**मुख्य जिम्मेवार निकायः** भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, विरेन्द्रनगर सुर्खेत
**बिषय गत क्षेत्र गठनः** २०७८ जेठ २८, बैठकः १ पटक
**सहायक जिम्मेवार निकायः** सेभ द चिल्ड्रेन र आई.ओ.एम.
**सदस्य संस्थाहरूः** नेपाल रेडक्रस सोसाइटी, वर्ल्ड भिजन इन्टरनेश्नल, मर्सिकोर नेपाल, प्लान इन्टरनेशनल, युनिसेफ,Welthungerhilfe,विश्व खाध्य कार्यक्रम, स्याक नेपाल, सुर्खेत, आर.टि.आई., Strengthening System for Better Health, सेभ द चिल्ड्रेन

## अनुमानित परिदृश्य

बाढी तथा पहिरोका कारण यस वर्षको मनसुनमा ११,५७० घरधुरी पूर्ण तथा आंशिक रूपमा क्षति भई ५४,९५६ जना जनसंख्या प्रभावित हुन सक्ने अनुमान गरिएको छ । विपद्का कारण खाद्यान्न र गैरखाद्य सामाग्रीहरू नष्ट हुने, गर्भवती, सुत्केरी महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि खाद्य समस्या सृजना भई बिरामी हुने र मृत्यु समेत हुन सक्ने अनुमान गरिएको छ ।

**लक्षित घरधुरीः** ३४७१ (जम्मा घरधुरीको ३० प्रतिशत)

**लक्षित जनसंख्याः** १६,४८७

**अनुमानित आवश्यक बजेटः** रु. ४३,३८,७५०० (प्रति परिवार रु. १२,५०० का दरले)
**क्षेत्रगत सदस्य संस्थाहरूः** जम्मा १३ संस्थाहरू

| पूर्व तयारीका क्रियाकलापहरू |
|---|
| • कर्णाली प्रदेशमा जोखिममा रहेका समुदायहरूको पहिचान गरी विपद्को बेला आवश्यक पर्ने आश्रयस्थलको संख्या र यसको क्षमताहरूबारे सरोकारवालाहरूलाई जानकारी गराउने ।<br>• बाढी पहिरोको जोखिममा रहेका समुदायहरूको सुचिकरण गरी सम्वन्धित पालिकाहरूसँग समन्वय र सम्पर्क गरी पूर्व तयारीको कामहरू गर्ने।<br>• शिविर व्यवस्थापन समितिहरू विनाका विस्थापित स्थानहरूमा अग्रपक्तिमा खटिनेहरूको लागि कोभिड-१९ सँग सम्वन्धित जनस्वास्थमा मापदण्डसहित शिविर व्यवस्थापन सम्वन्धित प्रशिक्षण दिने।<br>• खुल्ला क्षेत्रको रूपमा घोषित वा पहिचान गरिएको स्थान तथा आश्रयस्थलमा शिविरको संचालन गर्नको निम्ति साईट प्लानहरू उपलब्ध गराउने वा स्वतः स्फुर्त साइटहरूको दुर्त गतिमा स्तरोन्नति तथा परिमार्जन गर्नका लागि साईट प्लानहरू उपलब्ध गराउने । |

| |
|---|
| • मन्त्रालयसँगको समन्वयमा बाढी पहिरोको जोखिम भएका विभिन्न जिल्ला तथा स्थानीय तहमा बनाइएका सामुदायिक भवन वा आश्रयस्थलको (अस्थायी बासस्थानहरू) मापन गरी अध्यावधिक विवरण उपलब्ध गराउने ।<br>• मनसुन पूर्व सुरक्षित आश्रय स्थल (Shelter) तथा शिविर समन्वय तथा शिविर व्यवस्थापन सम्बन्धी अभिमुखिकरण तथा तालिम सञ्चालन गर्न।<br>• आश्रय स्थल (Shelter) तथा शिविर समन्वय तथा शिविर व्यवस्थापन विषयता क्षेत्रको मासिक वैठक बस्ने। |
| **प्रतिकार्यका क्रियाकलापहरू** |
| • साइट व्यवस्थापन गर्ने र साइटमा आवश्यक पर्ने खाद्यान्न र गैर खाद्यान्न सामाग्रीहरूको व्यवस्थापनको लागि सम्वन्धित विषयगत क्षेत्रहरू बिच समन्वय र सहकार्य गर्ने ।<br>• साइट व्यवस्थापनको लागि स्थानीय पालिका र जिल्लाहरूसँग मिलेर स्वयंसेवकहरू परिचालन गर्ने ।<br>• साइटको चाप व्यवस्थापन र सुविधाहरू थप सुदृढ गर्न र कोभिड १९, डेंगु तथा पानीजन्य संक्रामक रोगहरूको सङ्क्रमण रोक्न खानेपानी सरसफाई तथा स्वच्छता स्वास्थ्य तथा पोषण (Health and Neutrition) अन्य विषयगत क्षेत्रहरूसँग मिलेर काम गर्ने ।<br>• विस्थापित साइट र समुदायमा रोगहरूको सँक्रमणबाट जोगाउन सेवा प्रवाहमा सङ्क्रमण रोकथाम तथा नियन्त्रणका मापदण्डको पालना गर्न प्रोत्साहन गर्ने ।<br>• आश्रयस्थल वा शिविरमा रहेका प्रभावित व्यक्तिहरूको संरक्षण, खानेपानी, सरसफाई तथा स्वच्छता (WASH), खाद्यन्न, पोषण, आश्रयस्थलः गैरखाद्य सामाग्री सम्वन्धि सूचना व्यवस्थापनको निम्ति विस्थापन ट्रयाकिङ म्याट्रिक्स (Displacment Tracking Matrix) कोभिड १९ महामारीसँग सान्दर्भिक हुने गरी अद्यावधिक गराउने ।<br>• आश्रयस्थल वा शिविरमा रहेका प्रभावित जनसंख्यालाई जीवन रक्षार्थ सेवाहरू समयमा नै सुनिश्चित गर्ने । प्रदान गरिएको सेवा सम्वन्धि सूचना व्यवस्थापन गर्ने ।<br>• विस्थापन ट्रयाकिङ म्याट्रिक्स (Displacment Tracking Matrix) कार्यान्वियन गरी आवश्यकता वा सेवा पहिचानका लागि सूचना संकलन गर्ने, प्रभावित क्षेत्रहरूमा रहेका प्रावधान र अन्तरहरू ( Provision and Gaps) सम्वन्धि जानकारी संकलन गर्न नियमित रूपमा (Remote assessment) विधि मार्फत सूचना, नक्सा र तथ्याङ्कको अध्यावधिक गरी विभिन्न क्लस्टरहरू वा निकायहरूलाई सूचना प्रदान गर्ने ।<br>• आश्रयस्थल र शिविरस्थलहरूमा गुनासो संयन्त्रहरूको स्थापना सुनिश्चित गर्ने ।<br>• अरु विषयगन क्षेत्रहरूको समन्वयमा शिविर तथा आश्रय स्थलहरूमा निरन्तर स्वास्थ्य सेवाहरू, मनोबैज्ञानिकः मानसिक परामर्श, सिफारीसको प्रभावकारी कार्यपद्धति (Referral mechanism)स्थापना गराउने । |

- आश्रयस्थल तथा अन्य विषयगत क्षेत्रहरूसँगको समन्वयमा फिर्ता सहयोगको (यातायत, संकलित फिर्ता प्याकेज मार्फत नगद र सामानको सुविधा) बन्दोबस्त गर्ने ।
- आवास तथा गैरखाद्य सामग्री वितरणको नियमित अनुगमन, मुल्याङ्कन र समिक्षा गर्ने ।
- प्राथमिकता शिविर र आश्रयस्थल जहाँ अझै फिर्ता सम्भव छैन, त्यसता साइटहरूको पुर्वाधार सुधार गर्ने वा ट्रान्जिट केन्द्रहरू (transit centers) र शिविरहरूको स्तरोन्नति गर्ने ।
- शिविरहरू वा आश्रयस्थलहरू बन्द गर्ने (Decommission), निसङ्क्रमण (Disinfection) गर्ने र शिविरहरू बन्द गर्दा यथासक्दो साइटहरूलाई आफ्नो मौलिक प्रयोगमा फिर्ता लाने ।

## मनसुन पूर्वतयारी र प्रतिकार्य योजना

| क्रियाकलाप | समयावधि | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|
| क्षेत्रगत सदस्यहरूसँग सञ्चार तथा बैठक मोवाइल एप प्रयोग गरी तथ्यांक संकलन | पहिलो दिन | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, जिल्ला विपद व्यवस्थापन समिति र विषयगत सदस्य संस्थाहरू | स्थानीय सरकार, बिषयगत सदस्य संस्थाहरू, |
| क) प्रारम्भिक द्रुत लेखा जोखा औजारका प्रतिहरू उपलब्ध गराउने।<br>ख) विपदको लेखाजोखा सम्बन्धी औजारको प्रयोग गरि द्रुत लेखाजोखा संचालन गने | दोश्रो दिन | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, जिल्ला विपद व्यवस्थापन समिति र विषयगत सदस्य संस्थाहरू | स्थानीय सरकार, बिषयगत सदस्य संस्थाहरू, सरकारी तथा गैह सरकारी संस्था |
| विस्थापितको सङ्ख्या र जानकारी लिने पहिचान भएकालाई अस्थायी आवासमा बसोबास गराउने | पहिलो दिन | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, जिल्ला विपद व्यवस्थापन समिति र विषयगत सदस्य संस्थाहरू | स्थानीय सरकार, बिषयगत सदस्य संस्थाहरू, सरकारी तथा गैहसरकारी संस्था |
| आवश्यकता अनुसार ओछ्याउने, ओड्ने,लगाउने कपडा तथा खाना पकाउने, खाने भाँडावर्तन विनाभेदभाव वितरण गर्ने (गैह्रखाद्य सामाग्री वितरण)<br>ग) आश्रयस्थल निर्माण | पहिलो महिना | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, जिल्ला विपद व्यवस्थापन समिति र विषयगत सदस्य संस्थाहरू | स्थानीय सरकार, बिषयगत सदस्य संस्थाहरू, सरकारी तथा गैहसरकारी संस्था |

| | | | |
|---|---|---|---|
| आवास तथा गैरखाद्य सामग्री वितरणको अनुगमन, मुल्याङ्कन र समिक्षा गर्ने | दोश्रो महिना | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, जिल्ला विपद व्यवस्थापन समिति र विषयगत सदस्य संस्थाहरू | स्थानीय सरकार, बिषयगत सदस्य संस्थाहरू, सरकारी तथा गैहसरकारी संस्था |
| विस्थापन ट्र्याकिङ म्याट्रिक्स माध्यमबाट आवश्यकता र उपलब्ध सेवाहरूको पहिचान गरी आवश्यक सूचना अन्य निकायहरूलाइ उपलब्ध गराउने। | पहिलो महिना | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, जिल्ला विपद व्यवस्थापन समिति र विषयगत सदस्य संस्थाहरू | स्थानीय सरकार, बिषयगत सदस्य संस्थाहरू, सरकारी तथा गैहसरकारी संस्था |

# जल तथा मौसम विज्ञान कार्यालयको मनसुनजन्य विपद्को

## पूर्वतयारी र प्रतिकार्यमा मुख्य जिम्मेवारी

कर्णाली प्रदेशमा जल तथा मौसम विज्ञान कार्यालय अन्तर्गत सञ्चालित ३५ वटा बाढी पूर्वसूचना केन्द्र र ६८ वटा मौसमी सूचना केन्द्रहरू छन। यि केन्द्रहरूले जल तथा मौसमी विपद् खासगरी भारी वर्षा तथा वाढी को पूर्वजानकारी दिन सक्छन। सुर्खेतको रातानाङ्गलामा मौसमी राडार केन्द्र स्थापना गरिएको छ। उक्त केन्द्रले कर्णालि प्रदेशकै वर्षा र वाढीको अलावा, असिना र हावाहुरी सम्बन्धी पनि पूर्वजानकारी उपलब्ध गराउन सक्छ। त्यसकारण जल तथा मौसम जन्य विपद्को पुर्वानुमान र पूर्वसूचना दिन सकिने हिसाबले यस प्रदेश देशमै अग्रणी स्थानमा रहेको छ।

### पूर्वतयारीसँग सम्बन्धित कार्यहरूको प्राथमिकिकरणः

- बिपद्संग सम्बन्धित सरोकारवाला निकायहरूसँग समन्वय बैठक गर्ने ।
- जिल्ला भित्रका सबै स्थानीय तहका विपद् व्यवस्थापन समितिहरूलाई तालिम प्रदान गर्ने ।
- जिल्ला भित्रका सबै स्थानीय तहका विपद् व्यवस्थापन समितिहरूमा मनसुन पूर्वतयारी कार्यशाला संचालन गर्ने
- विपद्पूर्वतयारी सम्बन्धी अभिमुखीकरण गर्ने

- जिल्ला भित्रका सबै स्थानीय तहका विपद् व्यवस्थापन समितिलाई पुनरावलोकन गरी अध्यावधिक गर्ने
- तालिम प्राप्त दक्ष जनशक्तिहरूको विवरण, लेखाजोखा राख्ने र अध्यावधिक गर्ने
- विषयगत समितिहरूको नियमित बैठक गर्ने
- जिल्ला आपतकालीन कार्य संचालन केन्द्रको क्षमता अविबृध्दि गर्ने ।
- पूर्व तयारीका लागि कृत्रिम घटना अभ्यास गर्ने ।

## क्षेत्रगत दायित्वः

जल तथा मौसम विज्ञान विभाग/कार्यालयको दायित्वः

- मौसम तथा बाढी पुर्वानुमान गरी पूर्वसूचना प्रबाह गर्ने

| सि नं | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय | उपलब्ध स्रोत, साधन, जनशक्ति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | **तीन दिन (७२ घण्टा) सम्मको मौसमको पूर्वानुमान**<br>कर्णाली प्रदेशको लागि दैनिक विहान ६ बजे पुर्वानुमान सूचना जारी गर्ने । विषम अवस्थामा जुनकुनै बेला पनि सूचना जारी हुनेछ ।<br>मौसमको विशेष अवस्थामा चेतावनी सहितको आकस्मिक मौसम वुलेटिन जारी हुनेछ। आवश्यकता अनुसार विग्रदो मौसमको अवस्थाबारेको पूर्वसूचना समेत जारि गरिनेछ। | जल तथा मौसम विभाग | जल तथा मौसम कार्यालय | ३ दिन सम्मको | २ जना डेडिकेटेड | आकस्मिक मौसम बुलेटिन र मौसम पूर्वसूचना जुनसुकैवेला पनि जारि गरिनेछ |
| २ | **तीन दिन (७२ घण्टा) सम्मको बाढीको पूर्वानुमान**<br>कर्णाली नदी भेरी नदी र अन्य शाखा नदीहरूको बाढीको पुर्बानुमान तथा पूर्वसूचना बुलेटिन दैनिक रूपमा बिहान ७ बजे अपडेट गरिनेछ। विषम अवस्थामा जुनकुनै बेला बुलेटिन जारी हुनेछ । | जल तथा मौसम विज्ञान कार्यालय | बाढी पुर्वानुमान महाशाखा, जल तथा मौसम विज्ञान विभाग | ३ दिन सम्मको | | भेरी र कर्णाली नदीहरूमा ३ दिन र प्रदेश भएर बहने साना नदीहरूमा १ दिनसम्मको पूर्वानुमान गरिनेछ। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ (क) | **बाढी तथा मौसम पूर्वसूचना प्रबाहः**<br>• अतिजन्य मौसम र बाढी सूचना जल तथा मौसम विज्ञान विभागको आधिकारिक वेभसाइटहरू क्रमश mfd.gov.np र hydrology.gov.np मा राखिने छ।<br>• तत्कालै **प्रदेश विपद् व्यवस्थापक कार्यकारी समिति, प्रदेश** आपत्कालीन कार्यसञ्चालन केन्द्र**, जिल्ला** विपद् व्यवस्थापन समिति र जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रमा सूचना संप्रेसित गरिनेछ।<br>• जारी भएको पूर्वसूचना बुलेटिन जल तथा मौसम विज्ञान कार्यालयको आधिकारिक Twitter Page: https://twitter.com/DHM_FloodEWS र website http://www.hydrology.gov.np/#/?_k=l5d81bमा राखिनेछ<br>• बाढी सतर्कता तह नजिक पुग्न लागेमा, सतर्कता तह पार गरेमा, खतरा तह पार गरेमा वा अन्य विषम अवस्थामा नेपाल टेलिकम र एनसेल मार्फत बाढी बाट प्रभावित हुने मुख्य नदी जलाधारका सर्वसाधारणहरूलाई मोवाइलमा एस एम एस पठाइने छ।<br>• देशैभरका सर्वसाधारणको लागि ११५५ नंवरको टोलफ्रि सेवा बाढी पूर्वसूचना प्रदान गर्ने उद्देश्यले मनसुनभर सञ्चालन गरिनेछ।<br>• मौसम पूर्वानुमानको हकमा सर्वसाधारण लगायतका लागि सम्पर्क टेलिफोन काठमाडौंमा- ०१-४११३१९१ र ०१-४४८६८६९ र सुर्खेतमा ०८३-५२३५१९, ९८५८०५२२३४मा २४सै घण्टा खुल्ला राखिनेछ।<br>• अत्यन्तै विषम प्रकृतिको बाढी तथा मौसमको पुर्वानुमान भएको खण्डमा प्रेष विज्ञप्ति समेत जारी गरिनेछ। | जल तथा मौसम विज्ञान कार्यालय | प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द्र | पुर्वानुमान तथा पूर्वसूचना बुलेटिन जारी भएको आधा घण्टाभित्र सम्पुर्ण सरोकार वालाहरू तथा सर्व साधारण हरूमा प्रवाह भैसक्ने छ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | • बाढी र मौमस बुलेटिन सबै सञ्चारका माध्यमहरूलाई नियमित रूपमा प्रदान गरिनेछ। | | | | | |
| ४ (ख) | **बाढी तथा मौसम पूर्वसूचना प्रवाहः** जल तथा मौसम विज्ञान विभाग/कार्यालयबाट जारी भएको पूर्वसूचना जिल्ला स्थित सबै सरोकारवाला निकायहरूले आ-आफ्नो मातहतको निकायहरू मार्फत प्रभावित हुन सक्ने सबै समुदाय र व्यक्तिहरूमा पु-याउने | प्रदेश आपतकालीन कार्य सञ्चालन केन्द्र, स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्रहरू | नेपाल रेडक्रस सोसाइटी, मास मिडिया | सूचना प्राप्त हुनासाथ | | |

## गैरसरकारी निकायको मनसुनजन्य विपद्को पूर्वतयारी र प्रतिकार्यमा मुख्य जिम्मेवारी

| नेपाल रेडक्रस सोसाईटी |
|---|
| **पूर्वतयारीका मुख्य क्रियाकलापहरू** |
| • सेल्टर सम्बन्धी अभिमुखीकरण तथा तालिम गर्ने ।<br>• सेल्टर निर्माणका लागि आवश्यक पर्ने सामाग्रीहरू भण्डारण गर्ने<br>• गोदाम घरहरू अद्यावधिक गर्ने ।<br>• राहत आपूर्ति तथा वितरण (खाद्य तथा गैरखाद्य सामाग्रीहरू) तयारी अवस्थामा राख्ने ।<br>• प्रारम्भिक द्रुत लेखाजोखाका फारामहरू छपाई गरेर तयारी अवस्थामा राख्ने ।<br>• प्रारम्भिक द्रुत लेखाजोखाका लागि आवश्यक पर्ने दक्ष जनशक्ति तयार गर्ने । |
| **प्रतिकार्यका मुख्य क्रियाकलापहरू** |
| • प्रारम्भिक द्रुत लेखाजोखा सर्वेक्षण गर्ने ।<br>• राहत आपूर्ति तथा वितरण (खाद्य तथा गैरखाद्य सामाग्रीहरू) वितरण गर्ने ।<br>• खानेपानी तथा सरसफाई र स्वास्थ्य सम्बन्धी गतिविधिहरू तथा स्वास्थ्य कीट वितरण, अभिमुखीकरण, जनचेतनामूलक कार्यक्रम तालिमहरू गर्ने ।<br>• जिल्ला शाखाहरू र NDRT लाई सचेत पत्र पठाउने ।<br>• दैनिक प्रतिवेदन प्रकाशन तयार गर्ने ।<br>• मनसुन पुनर्लाभ कार्यक्रम संचालन गर्ने ।<br>• सेल्टर निर्माणमा सहयोग गर्ने । |

## निजी क्षेत्रको मनसुनजन्य विपद्को पूर्वतयारी र प्रतिकार्यमा मुख्य जिम्मेवारी

| | |
|---|---|
| **चेम्बर अफ कमर्स र उद्योग वाणिज्य संघ** | |
| **पूर्वतयारीका मुख्य क्रियाकलापहरू** | |
| • मनुसूनको अवस्थालाई मध्यनजर गरी जिल्ला तथा स्थानीय स्तरका व्यापारीहरूलाई आवश्यक पर्ने खाद्य तथा गैरखाद्य सामाग्रीको भण्डारण गर्न लगाउने ।<br>• सम्बन्धित क्षेत्रको व्यावसायिक निरन्तरता योजना तयार गर्न लगाउने ।<br>• यातायात व्यवसायी, ट्रक व्यवसायी, हेभिइक्विपमेण्ट व्यवसायीहरूसँग सम्झौता गर्ने । | |
| **प्रतिकार्यका मुख्य क्रियाकलापहरू** | |
| • निर्माण स्थलको जोखिमको लेखाजोखा गर्ने र निर्माणस्थल जोखिम पूर्ण पाईएमा निर्माण सामग्री एवम् कामदारहरूलाई सुरक्षित स्थानमा पुनरुथापित गर्ने ।<br>• आवश्यक पर्ने खाद्य तथा गैरखाद्य सामाग्रीहरूको वितरण गर्ने र गराउने ।<br>• बजारमा खाद्य तथा गैरखाद्य वस्तुको कालोबजारी हुन नदिन अनुगमन गर्ने र सहयोग गर्ने ।<br>• आवश्यकता अनुसार बन्दोवस्ती विषयगत क्षेत्रको लागि आवश्यक पर्ने ढुवानीको साधनमा सहयोग गर्ने । | |
| **हेलिकप्टर सेवा दिने कम्पनीहरू** | |
| आवश्यकता अनुसार खोज तथा उद्धार तथा राहत सामाग्री ढुवानी गर्न हेलिकप्टर सेवा उपलब्ध गराउने | मनसुनको अवस्थालाई ध्यानमा राखी हेली सेवा दिन तयारी अवस्थामा रहने |

*नोटः क्लष्टर वा विषयगत क्षेत्र अनुसारको विस्तृत कार्ययोजना विषयगत क्षेत्रको भैपरी योजनामा उल्लेख गरिएको छ।*

मन्त्रालयले तयार पारेको यो '**पारिवारिक विपद् सुरक्षा योजना**' यस प्रदेशमा लागु गर्न अत्यावश्यक रहेकोले यसलाई निम्नानुसार उल्लेख गरिएको छ र विपद् पूर्व तयारी तथा प्रतिकार्यका लागि सहयोगीसिद्ध हुने भएको सम्पूर्ण सरकारी, गैह्रसरकारी निकाय एवम् नागरिकहरूका लागि अनिवार्य छ ।

पारिवारिक विपद् सुरक्षा योजना

**घरमूलीको नामः**

परिवार सदस्य संख्याः महिलाः पुरुषः

ठेगानाः

प्रदेशः कर्णाली

जिल्लाः

न.पा./ गा.पा.

वडा नं :

टोलः

सम्पर्क नम्बरः

**प्रदेश सरकार**

**आन्तरिक मामिला तथा कानून मन्त्रालय,**

**कर्णाली प्रदेश**

**वीरेन्द्रनगर, सुर्खेत, नेपाल**

## पारिवारिक विपद् सुरक्षा योजना

विपद् बिना सूचना जुनसुकै समयमा पनि आउन सक्छ र यसले विभिन्न क्षति निम्त्याउन सक्छ । विपद्को जोखिमबाट बच्नको लागि सबैभन्दा उत्तम उपाय आ-आफ्नो घर र परिवारलाई सुरक्षित राख्नु हो । कुनै पनि प्रकारका प्रकोपका कारण निम्तिन सक्ने सम्भावित विपद्बाट हुन सक्ने सम्भावित क्षतिको न्यूनीकरण गर्न पूर्वतयारी गर्नु वास्तवमा बुद्धिमानी हुन जान्छ । त्यसैले गर्दा प्रत्येक घरपरिवारको सुरक्षाको लागि आपतकालीन पूर्वतयारी गर्नु अत्यावश्यक देखिन्छ ।

**पारिवारिक विपद् सुरक्षा योजनाको मुख्य उद्देश्यः**

- विपद्बाट हुने परिवारको जोखिम, संकटासन्नता तथा सम्भाव्य क्षति कम गराउन मद्दत गर्ने।
- आपतकालीन अवस्थाका लागि आवश्यक सुरक्षित आश्रय-स्थल पत्ता लगाउन सहयोग गर्ने ।
- विपद् पूर्व तयारी तथा प्रतिकार्य (उद्धार तथा राहत) गर्न ।
- घर र परिवारका सदस्यहरू कसरी सुरक्षित रहने र आपतकालीन अवस्थामा न्यूनतम आधारभूत आवश्यकतामा कमी हुन नदिने व्यवस्था गर्ने ।
- विपद्पश्चात् छिटो र छरितो रूपमा असर कम गर्न र सहयोग गर्न आवश्यक सूचना उपलब्ध गराउने ।

## पारिवारिक विपद् योजना किन??

## तयार पार्दा ध्यान दिनुपर्ने ६ वटा तहहरू

- ✓ सम्पर्कका लागि योजना,
- ✓ भेट्नका लागि योजना,
- ✓ आपत्कालीन अवस्थामा तत्काल सामग्री आपूर्ति गर्न योजना,
- ✓ आपत्कालीन अवस्थामा नगद प्रवाह तथा जमिन प्रयोग गर्नका लागि योजना,
- ✓ प्रत्येक परिवारका सदस्यहरू सित सम्पर्कका लागि फोन हुनुपर्ने,
- ✓ तपाईको घरको आपतकालीन योजनाको अभ्यास गर्नुहोस् ।

### १. पारिवारिक विवरणः

घरमूलीको नामः

जिल्लाः स्थानीय तहः वडाः टोलः

**निकट आफन्तको नाम / सम्पर्क नम्वरः**

| क्र. स. | परिवारका सदस्यको नाम | घरमूलको नाता | उमेर | ब्लड ग्रुप | रोग/औषधि | सम्पर्क नं. | कैफियत (फरक क्षमता भए खुलाउने) |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |

## २. पारिवारिक विपद् जोखिम लेखाजोखाः

२.१ परिवारका सदस्य स्वास्थ्यकर्मी छन् वा छैनन्? भए

डाक्टर ☐ एचए ☐ स्टाफ नर्स ☐ अहेव ☐ अनमी ☐

२.२ परिवारका सदस्यहरूको कार्यस्थल (कार्यरत भए)

कार्यालयको नामः................................. ठेगानाः........................................

कार्यालय प्रमुखको नाम............................. सम्पर्क नम्बर...................................

२.३ घरको अवस्था भूकम्प प्रतिरोधी छ वा छैन? भएः

कच्ची ☐ पक्की ☐ घरको तल्ला संख्या ☐

२.४. सवारी साधनको अवस्था छ वा छैन ?

भएः बस ☐ जीप ☐ मोटरसाईकल ☐ साईकिल☐

छिमेकीको सवारी साधन छ कि छैन?

भएः बस ☐ जीप ☐ मोटरसाईकल ☐ साईकिल ☐

टोल/बस्ती एवम् सडक भएर चल्ने सवारी साधन भएः बस ☐ जीप ☐

परिवारमा सवारी साधन चलाउन जान्ने कुनै सदस्य भए नाम र सम्पर्क नम्बरः

२.५ बाटोको अवस्था मोटरबाटो छ वा छैन? कच्ची कच्ची ☐ पक्की ☐

२.६ जोखिमयुक्त क्षेत्रमा विपद्का पूर्वजानकारी सम्बन्धी साइरन जडान गरिएको छ वा छैन ? छ ☐ छैन ☐

## ३. घरको जोखिम र सुरक्षित रहने योजना

| घरमा हुन सक्ने जोखिम | असरलाई सामान्य, मध्यम र उच्च भनी चिन्ह लगाउने | | | सुरक्षित रहने योजना | कैफियत |
|---|---|---|---|---|---|
| | सामान्य | मध्यम | उच्चयत | | |
| १.भूकम्प | | | | | |
| २.वाढी ? डुबान | | | | | |
| ३.पहिरो | | | | | |
| ४.हावाहुरी | | | | | |
| ५.आगलागी | | | | | |
| ६. चटयाङ | | | | | |
| ७ अन्य | | | | | |

## ४. आपतकालीन अवस्थामा परिवार जमघट हुने घरबाहिरको सुरक्षित स्थान

| क्र. सं | प्रकोप | बाटो | | पुल भए | | सुरक्षित हुने तरिका | घरबाहिरको जमघट हुने स्थान | घरबाट पुग्ने अन्दाजी दुरी(मीटरमा) |
|---|---|---|---|---|---|---|---|---|
| | | कच्ची | पक्की | कच्ची | पक्की | | | |
| १ | भूकम्प | | | | | | | |
| २ | वाढी ? डुबान | | | | | | | |
| ३ | पहिरो | | | | | | | |
| ४ | हावाहुरी | | | | | | | |
| ५ | आगलागी | | | | | | | |
| ६ | चट्याङ | | | | | | | |
| ७ | अन्य | | | | | | | |

## ५. घरमा जोखिम घटाउन गर्नुपर्ने कामहरू (घरको जोखिम तथा क्षमता विश्लेषणको आधारमा)

| क्र.स | के गर्ने ? | कहिले गर्ने ? | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |

## ६. घरको अवस्थिति विवरणः सुरक्षित स्थान र त्यहा "सम्म जाने नक्सा (घरको जोखिम तथा क्षमता विश्लेषणको आधारमा) विश्लेषणका

| |
|---|
| |

## ७. आपतकालीन सम्पर्क नम्बरहरू

नजिकैका महत्वपूर्ण टेलिफोन नम्बर र दूरीः

| | अस्पताल | प्रहरी | दमकल | एम्बुलेन्स | रक्त संचार केन्द्र | छिमेकी | वडा कार्यालय | अन्य.... |
|---|---|---|---|---|---|---|---|---|
| सम्पर्क नं. | | | | | | | | |
| दूरी | | | | | | | | |

## ८. पारिवारिक विपद् सुरक्षायोजना तयार गर्दा ध्यान दिनुपर्ने कुराहरू

- विपद् सम्वन्धि पूर्व तयारीका बिषयमा परिवारका सबै सदस्य बीच छलफल गर्ने ।
- विपद्का प्रकार र विपद्बाट हुने सम्भावित क्षति र त्यसबाट उत्पन्न हुन सक्ने परिस्थितिसँग कसरी सामना गर्ने भन्ने विषयमा परिवारका सदस्यहरू बीच छलफल गर्ने ।
- विपद्को समयमा हाल बसिरहेको स्थान भन्दा बाहिरको सम्पर्क व्यक्तिहरू को को हुन सक्छन् र घर भन्दा बाहिरका सुरक्षित स्थानहरू कहाँ छन, पहिचान गर्नुहोस् र ती स्थानमा विपद्को बेला परिवारका सदस्यले भेट्ने कुराको सुनिश्चित गर्ने ।
- आफ्नो घरको जोखिमको अवस्था पत्ता लगाउने र आपतकालीन अवस्थामा आफ्ना परिवारका लागि तोकिएको सुरक्षित स्थानमा पुग्नका लागि र सुरक्षित बाटो पत्ता लगाई राख्ने ।
- घरायसी सामग्रीहरू राख्नु अघि परिवारका सदस्यहरूसँग सल्लाह गरि नखस्ने, नढल्ने वा नहल्लिने गरि राख्ने उपायहरू पहिचान गरि सुरक्षित राख्ने ।
- आपतकालीन योजना बनाई एक प्रति सुरक्षित ठाउमँ जस्तै मूल ढोकाको नजिकै पर्स, सुटकेस आफ्नो कार्यालय, गाडी तथा तयार पारी राखेको आपतकालीन झोला (Go bag ) आदीमा राख्ने ।
- पारिवारिक विपद् सुरक्षा योजना र झटपट झोलालाई नियमित रूपमा अद्यावधिक गर्ने।
